
# MARCHING AHEAD | अगाडि बढ्दै



महिला सभासद्हरूको चिनारी र विचार

# MARCHING AHEAD | अगाडि बढ्दै

NDI
NATIONAL DEMOCRATIC INSTITUTE FOR INTERNATIONAL AFFAIRS

USAID | NEPAL
FROM THE AMERICAN PEOPLE

2030 M Street NW,
Fifth Floor, Washington, DC 20036-3306
Ph: 202 728 5500
fax: 202 728 5520

This publication was made possible through support provided by the office of United States Agency for International Development, under the terms of associate Award No. 367-A-00-05-00011-00 under leader associate Award No. DGC-A-00-01-00004-00. The opinions expressed herein do not necessarily reflect the views of the U.S Agency for International Development or the National Democratic Institute.

Published by
National Democratic Institute for International Affairs, 2010

ISBN : 978-9937-2-2804-6

*For more information or copies of this book, please contact:*

**NDI-Nepal**
Kathmandu, Nepal
Ph: 4442079 / 4438873
E-mail: ndi@ndinepal.org

# अपेक्षा



नेपाली महिला दरिला र स्पष्ट वक्ता छन् र नेतृत्वका लागि सक्षम छन् । यस पुस्तिकाको विवरणमा समावेश गरिएका संविधानसभाका सभासद्हरूले समाजका सबै तप्का, पृष्ठभूमि, धर्म, जातजाति, र राजनीतिक दलहरू भित्रबाट नेतृत्व जन्मन सक्दछ भन्ने कुरा सबैका सामु स्पष्ट गरेका छन् । नेतृत्व र संभाव्यताले कुनै निश्चित क्षेत्र वा निश्चित प्रकारका महिलालाई मात्र रोज्दैन ।

आगामी पृष्ठहरूमा प्रस्तुत राजनीतिक पृष्ठभूमिका महिला भएतापनि ती सम्पूर्ण महिलाका लागि प्रेरणाका स्रोत बन्नेछन् र उनीहरूले अँगालेका फरक मार्गहरूको उदाहरण प्रस्तुत गर्ने छन् भन्ने आधारमा छानिएका हुन् । वास्तवमा यी महिला संपूर्ण नेपाली महिलाद्वारा आफ्नो परिवार तथा राष्ट्रलाई योगदान पुर्‍याउन गरिएका विशिष्ट संघर्षका जीवन्त उदाहरण हुन् । यहाँ प्रस्तुत धेरै जसो गाथाहरू ऐतिहासिक, विश्वासै गर्न नसकिने अप्ठेरा विरूद्ध गरिएका संघर्षका गाथाहरू हुन् । यी गाथाहरूले महिला लगायत सम्पूर्ण नेपालीलाई मद्दत गर्न हरेक व्यक्ति सरकार र राजनीतिमा संलग्न हुन सक्छन् भन्ने उदाहरण प्रस्तुत गर्दछन् । वास्तवमा यी महिला सभासद्हरूमध्ये हरेकले एउटै काम गरिरहेका छन् : नेपाली जनतालाई सहयोग ।

नेशनल डेमोक्रेटिक इन्स्टिच्युट (एन्डीआई) एक अन्तर्राष्ट्रिय गैर सरकारी संस्था हो जसले थुप्रै देशमा महिलालाई उनीहरूका क्षमता अनुसारको उपलब्धि हासिल गर्न सघाउने लगायतका कार्यहरू गर्दै आएको छ । नेपालमा एनडीआई १९९४ देखि संलग्न भएको हो । त्यसपछिको धेरै जसो समय यसले महिला नेतृहरू, राजनीतिक दलहरू, सांसदहरू तथा नागरिक समाजका कार्यकर्ताहरूलाई सघाउनमा बिताएको छ । मैले एनडीआईसँग धेरै देशमा गर्वका साथ काम गरेकी छु र नेपालमा खास गरी संविधानसभा र राजनीतिक दलका महिलासँग काम गर्ने मौका पाएकी छु । यहाँ प्रकाशमा ल्याइएका महिला ती अद्वितीय उदाहरण हुन् जसबाट नेपाललाई लोकतन्त्र, समान अधिकार र सबैका लागि अवसर प्राप्त गर्नका लागि उदाहरणीय नेतृत्व दिने आशा गर्न सकिन्छ । नेपालको भविष्यका लागि महिलाहरूको योगदानलाई प्रदर्शित गर्ने यो काममा संलग्न हुन पाउँदा मलाई निकै खुशी लागेको छ ।

यस पुस्तकमा प्रस्तुत महिलाहरूका अतिरिक्त पनि अन्य थुप्रै सक्षम महिला नेपाली राजनीतिमा छन् । तर स्थानको सीमितताले गर्दा उहाँहरू सबैलाई यस पुस्तकमा समाविष्ट गर्न नपाउँदा मलाई दुःख लागेको छ । तर म उहाँहरूलाई उत्तिकै सम्मान गर्छु र उहाँहरूको योगदानलाई कुनै पनि दृष्टिले कम आँकलन गर्न मिल्दैन । पुस्तकमा उपलब्ध विवरण संविधानसभाका सदस्यहरूसँग गरिएको प्रत्यक्ष अन्तर्वार्ताको आधारमा राखिएका हुन् । यस पुस्तकमा प्रस्तुत महिला नेतृहरूलाई उहाँहरूको नामको वर्णानुक्रम अनुसार राखिएको छ ।

**शेरी एम्. वुल्फ, पीएच्डी**
**एनडीआई, नेपाल निर्देशक**

# संक्षेपमा

चैत २०६५ को अन्त्यतिर नेपालमा सम्पन्न संविधानसभा चुनावसँगै राजनीतिमा महिलाको सहभागिताका लागि ऐतिहासिक र अभूतपूर्व किसिमको अग्रगामी कदम साबित भएको छ । संविधानसभामा ६०१ सीटमध्ये एक तिहाई स्थान महिलालाई प्राप्त भयो, जुन यसअघिका चुनावभन्दा उल्लेखनीय उपलब्धि हो । राजनीतिमा महिला प्रवेशको हिसाबले विश्व रंगमञ्चमै एउटा ठूलै फड्कोको रूपमा हेरिएको छ, किनकि विश्वभरि केवल १९.२ प्रतिशतमात्र महिला सांसदहरू छन् । विधायिका संसदमा आफ्नो भूमिकासहित सविधानसभा सदस्यको रूपमा महिलाको यो समूहले पहिलोपल्ट नेपालमा संविधान निर्माण गर्ने कार्यमा सहभागी हुने विशिष्ट अवसर प्राप्त गरेका छन् ।

२०६७ को बसन्त यामताका संविधानसभाको पहिलो दुई वर्षे कार्यकाल सकिनै लाग्दा हामीले २४ जना महिला सभासद्हरूलाई हामीसँग अन्तर्वार्तामा सहभागी भइदिन सम्पर्क गऱ्यौं जसको उद्देश्य देशको राजनीतिक प्रक्रियामा संगालिएका अनुभव उनीहरूकै दृष्टिमा रेखाचित्र उतार्नु थियो ।

यसरी आमन्त्रित महिलाको यो एउटा मिश्रित समूह बन्न पुगेको छ, जसमा ३० देखि ६९ वर्ष उमेरका आठवटा राजनीतिक दलहरूसँग सम्बद्ध भौगोलिक, धार्मिक, पारिवारिक र सामाजिक-आर्थिक पृष्ठभूमि प्रतिनिधित्व गर्ने सभासद्हरू सामेल हुनुभएको छ ।

यो संगालोमा प्रस्तुत महिला सभासद्हरूबीच अनेकौं भिन्नताहरू हुँदाहुँदै पनि उहाँहरूबीच प्रसस्तै साझा अनुभव रहेका छन् । खासगरी आ-आफ्ना समुदायमा सक्रिय कार्यकर्ता र नेताको रूपमा महिला भएकै कारण भोग्नुपर्ने भेदभावविरूद्ध डटिरहनुपर्ने विषयमा समानता देखिन्छ । उहाँहरूका अनुभवगाथाले राजनीतिमा महिलाको पूर्ण सहभागिता प्राप्त गर्न गरिबी जस्ता प्रणालीगत अवरोधलाई हटाउनु कति आवश्यक रहेछ त भन्ने कुरालाई राम्ररी बुझाइदिन्छन् ।

सभासद्हरूको यो समूहबीच अर्को एउटा साझा लक्ष्य पनि छ – "त्यो हो लोकतान्त्रिक पद्धति र संबैधानिक सुधारको बाटोबाट लैङ्गिक समानता प्राप्त गर्ने र सामाजिक, राजनीतिक र आर्थिक जीवनको क्षेत्रमा महिलाका लागि अवसर सिर्जना गर्ने प्रतिवद्धता ।"

यो संक्षिप्त जीवनी-वृत्तको उद्देश्य भनेको नेपालमा लोकतान्त्रिक विकासको यो विशिष्ट चरणमा महिलाका योगदानलाई आमचर्चामा प्रस्तुत गराउनु हो । महिलाले राजनीतिक जीवनमा पूर्ण सहभागिता प्राप्त गर्ने कुरा सुनिश्चित पार्न अझै धेरै काम गर्न बाँकी छ, तर आगामी चुनौतीबारे विचार-मन्थन गर्ने क्रममा महिलाले हासिल गरिसकेका राजनीतिक रूपान्तरणको बृहद् परिचर्चा हुनु पनि महत्वपूर्ण हुन्छ ।

एनडिआईले नेपाली राजनीतिमा संलग्न महिला नेतृहरूको अवस्थाका बारेमा यथेष्ठ जानकारी र अनुभव संगालेका व्यक्ति एंव संस्थाहरू सम्मिलित एक सल्लाहकार समूहको गठन गरेको थियो । सल्लाहकार समूहको यस पुस्तकका लागि महिला नेतृहरूको चयनका साथ साथै डिजाईन, ले-आउट एंव छपाईको कार्यमा महत्वपूर्ण योगदान रहेको छ । एनडिआई सल्लाहकार समूहलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

**संयोजन/सम्पादन**
जय निशान्त

**सल्लाहकार समूह**
सुवास ढकाल - सम्पादक, नारी मासिक पत्रिका
बबिता बस्नेत - अध्यक्ष, सञ्चारिका समूह
हरिबहादुर थापा - समाचार सम्पादक, कान्तिपुर दैनिक
सिर्जना अधिकारी - सल्लाहकार, **CEDPA**

**अन्तर्वार्ता/लेखन**
कोपिला रिजाल

**भाषा एवं विषयवस्तु**
हरिबहादुर थापा
ऋषिकेस उपाध्याय
राम गुरागाँइ
अनामिका राई

**तस्विर**
विकास रौनियार
नरेन्द्र श्रेष्ठ
श्रुती श्रेष्ठ

**डिजाइन**
स्पेक्ट्रम एड्भरटाइजिङ्ग एण्ड मिडिया कन्सल्टन्ट

**मुद्रण**
क्रिएटिभ प्रेस

# नेपालमा
## संविधानसभाको बहस

संविधान भनेको राष्ट्रको मूल कानुन हो । यसले शक्तिको बाँडफाँड, राज्यको संरचना, राज्यका अंगहरूको बीचको आपसी शक्ति सन्तुलन, शासकीय स्वरूप निर्धारण, शासकका काम, कर्तव्य, अधिकार र सीमादेखि जनताको अधिकार समेत प्रत्याभूति गराउँछ । संविधानले सरकार सञ्चालनसम्बन्धी प्रावधान निर्माण गर्छ, जसले जनताप्रति उत्तरदायी भएको सुनिश्चित गराउँछ । तसर्थ, संविधान शासकीय प्रणालीलाई वैधता प्रदान गर्ने दस्तावेज हो ।

राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार र सीमाका बडापत्रको रूपमा पनि संविधानलाई लिइने गरिन्छ । नागरिकले संविधानको मर्यादा र त्यसअन्तर्गत बन्ने कानुन पालना गर्नुपर्ने हुन्छ । सरोकारवालाको सहमतिमा संविधान निर्माण गरिने हुँदा राष्ट्रको सहमतिको दस्तावेजका रूपमा समेत यसलाई लिने गरिन्छ । संविधान बेगर लोकतन्त्र जीवित रहन सक्दैन ।

राजनीतिक विज्ञहरूका अनुसार, लोकतान्त्रिक संविधानले बहुमतको कदर तथा अल्पमतका हक, अधिकारको संरक्षण गर्छ । संविधानमा बहुसंख्यक र अल्पसंख्यक दुवैको चाहना संरक्षित हुन्छ । उचित प्रतिनिधित्वको सवालदेखि राजनीतिक रूपले जवाफदेही शासन पद्धति स्थापित गर्नेसम्मको व्यवस्था संविधानमा हुन्छ ।

जनप्रतिनिधिको बहसपछि संविधानसभाबाट संविधान निर्माण गरिने विधिलाई विश्वमा सबैभन्दा लोकतान्त्रिक मानिन्छ । हाम्रा यस अघिका संविधान जनप्रतिनिधिभन्दा पनि विज्ञहरूको समूहले बहसपछि तयार पार्ने गर्थे । नेपालको इतिहासमा पहिलोचोटि जनप्रतिनिधिहरू आफैं संविधान निर्माणमा केन्द्रित भएका छन् । २०४६ को जनआन्दोलनको पृष्ठभूमिमा जारी २०४७ मा पनि एक प्रजातान्त्रिक संविधान निर्माण भएको थियो । तर यसको कार्यान्वयन तहमा भने समस्या खेप्नुपर्‍यो ।

लोकतन्त्रको आधारभूत मूल्य भनेको जनता आफ्ना अधिकारप्रति सचेत हुनु हो । तर लामो समयदेखि बन्द शासनको पृष्ठभूमिमा उनीहरू आफ्ना अधिकारप्रति प्रतिबद्ध हुन सकेनभने अर्को तिर राजनीतिज्ञ र कर्मचारीले पनि संविधानको उचित सम्मान गर्न सकेन । परिवर्तित समय-सन्दर्भ अनुरूप संविधान संशोधन गर्ने र जनताबाट परिमार्जित गर्न जनमतसंग्रहको व्यवस्था नहुनुले पनि २०४७ को संविधान कठोर संविधानका रूपमा दर्ज हुन पुग्यो । त्यसका साथै शासकीय संरचनामा समावेशी चरित्र निर्माण गर्ने व्यवस्था नहुँदा पनि जनताले पूर्ण प्रजातन्त्रको आभाश गर्न पाएनन् ।

संविधान प्रजातान्त्रिक भए पनि तत्कालीन सरकार, राजनीतिक दल, तत्कालीन राजा तथा सरोकारवालाहरू संविधानको भावनाअनुरूप काम गर्नेभन्दा त्यसलाई उल्लंघन गर्ने दिशामा अग्रसर रहेपछि जनतालाई निराश तुल्यायो । तर अब भने असफलताको पृष्ठभूमिबाट धेरै ज्ञान हासिल गरेर नयाँ संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुकूल संविधान निर्माण हुने अपेक्षा गरिएको छ ।

नेपालमा संविधानसभाको बहस लामो समयदेखि चलेको हो । यद्यपि, २००७ देखि चलेको संविधानसभाको बहस २०६४ मा आएर संविधानसभाको निर्वाचन पछि टुंगियो । प्रजातन्त्र स्थापनापछिको राजनीतिक अस्थिरता, दलीय द्वन्द्व र षडयन्त्रपूर्ण राजनीतिक घटनाक्रमहरूका कारण संविधानसभाबाट संविधान निर्माण गर्ने राजनीतिक आकांक्षा अझै पूरा हुन पाएको छैन ।

राणाकालको उत्तरार्द्ध २००४ सालमा राणा प्रधानमन्त्री पद्मशमशेरले "नेपाल सरकारको वैधानिक कानुन २००४" घोषणा गरेका थिए । आफ्नो शासन विरूद्ध आन्दोलन हुन थालेपछि मुलुकमा वैधानिक तवरमा शासन गर्ने उद्देश्यबाट संविधान घोषणा भए पनि राणा घरानामा देखिएको कलहले लागू हुन सकेन ।

अन्ततः २००७ सालको फागुन ७ मा आन्दोलनमार्फत राणाशासनको अन्त्य हुन पुग्यो । तत्कालीन राजा त्रिभुवनले संविधानसभा (जनताले छानेको विधान परिषद्) ले तर्जुमा गरेको गणतन्त्रात्मक संविधान निर्माण गर्ने घोषणा गरेका थिए । तर राजनीतिक कलह र अन्तर्द्वन्द्वका कारण संविधानसभाको चुनाव हुन सकेन । संविधानसभा चुनाव हुन नसकेपछि तत्कालीन राजा महेन्द्रले २०१५ साल फागुन १ गते "नेपाल अधिराज्यको संविधान २०१५" को घोषणा गरे र त्यसअनुरूप संसदको चुनाव गरी जनप्रतिनिधिमार्फत राज्य सञ्चालन हुने पद्धतिको विकास हुँदै थियो । तर जनप्रतिनिधिको शासनले १८ महिना काट्न नपाउँदै राजा महेन्द्रले संविधानका प्रावधान खारेज गरेर दलीय व्यवस्थाको अन्त्य गरे । उनले २०१९ मा एकदलीय व्यवस्थाका निम्ति उपयुक्त हुने गरी पञ्चायती संविधानको घोषणा गरे । त्यो संविधानलाई तीनपटक संशोधन गरेर पञ्चायती व्यवस्था टिकाइयो । २०४६ मा जनआन्दोलनमार्फत् पञ्चायती व्यवस्थाको अन्त्य भयो । प्रजातान्त्रिक मुलुकले अपनाएका अभ्यासलाई आधार मानी "नेपाल अधिराज्यको संविधान २०४७" जारी भयो । तर समयानुकूल परिवर्तन गर्न सक्ने प्रावधानका अभावमा त्यो संविधानले निरन्तरता पाउनसकेन । खासमा अधिकारको विकेन्द्रीकरण र समावेशी चरित्रको नहुँदा २०४७ को संविधान पनि असफल हुन पुगेको हो । जनताकै चाहनामा संविधान निर्माण गर्नेमा राजनीतिक दलहरू सहमत भएका हुन् । उनीहरूकै अनेक सहमति र समझदारीपछि २०६४ चैत २८ मा संविधानसभाको चुनाव सम्भव भएको हो । जनताले त्यो दिन आफ्ना मतमार्फत संविधान निर्माणका लागि जनप्रतिनिधि चयन गरेका थिए । संविधानसभाका निम्ति सदस्य संख्या ६०१ व्यवस्था गरियो । जसमा समानुपातिकमार्फत ३३५, प्रत्यक्ष निर्वाचनमार्फत २४० र मनोनीतबाट २६ सदस्य रहने व्यवस्था अन्तरिम संविधानमा गरिएको छ ।

संविधानसभाको सदस्यकालागि आयोजित चुनावमा भाग लिन ७४ वटा दलले निर्वाचन आयोगमा नाम दर्ता गराएका थिए । प्रत्यक्ष र समानुपातिक गरी मिश्रित निर्वाचन पद्धतिको अभ्यासबाट संविधानसभाको निर्वाचन भयो । यही चुनावमा पहिलो पटक काठमाडौं निर्वाचन क्षेत्र नं. १ मा विद्युतीय मतदान पद्धतिद्वारा मतदान गरिएको थियो । यो निर्वाचनमा १ करोड ७६ लाख ९ हजार ८ सय ९५ जना (वालिग) मतदाता थिए । जसमा ८७ लाख २९ हजार २ सय ९० महिला र ८८ लाख ८० हजार १ सय ४३ पुरूष मतदाता थिए । त्यसमा २ लाख ५० हजार अस्थायी मतदाता थिए । मतदान प्रक्रियामा १ करोड ११ लाख ४६ हजार ५ सय ६० सामेल भएकामा ४ लाख ७ हजार ४ सय ६२ मत बदर भएको थियो । संविधानसभाको निर्वाचनमा संविधानसभा सदस्य बन्न ४ हजार ३१ जनाले आकांक्षा राखी उम्मेदवारी दर्ता गराएको र त्यसमा १ सय ८९ ले नाम फिर्ता लिएका थिए । चुनावी मैदानमा ३ हजार ९ सय ४७ जना उम्मेदवार उत्रेका थिए । जसमा ८ सय १६ जना स्वतन्त्र उम्मेदवार थिए ।

उता समानुपातिकका निम्ति ५४ दलले निर्वाचन आयोगमा बन्दसूची पेस गरेका थिए । बन्द सूचीका लागि कुल उम्मेदवार संख्या ५ हजार ७ सय १ थियो । प्रक्रिया नपुगेका कारण निर्वाचन आयोगले २ सय ९९ जनाको उम्मेदवारी रद्द गरेको थियो । आयोगका अनुसार, संविधानसभा निर्वाचनमा २० हजार ८ सय ८८ मतदान केन्द्र तोकिएको थियो । निर्वाचनका बेला २ लाख ३४ हजार जनशक्ति परिचालन गरिएको थियो ।

यसरी निर्वाचनमार्फत संविधानसभा निर्माण हुन पुग्यो । २०६५ जेठ १५ मा पहिलो बैठक बस्यो । संविधानसभाको पहिलो बैठकलाई नेपालको इतिहासमै सबैभन्दा महत्वपूर्ण बैठकका रूपमा लिन सकिन्छ । शताब्दिऔं लामो राजतन्त्रात्मक व्यवस्थाको औपचारिक अन्त्य गरेर संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको घोषणा यही बैठकले गरेको थियो ।

संविधान निर्माण प्रक्रिया अघि बढाउन १० वटा विषयगत, १ संवैधानिक र ३ वटा प्रक्रियागत समितिहरू निर्माण भएका छन् । संविधान मस्यौदा निर्माण गर्न संवैधानिक समितिको व्यवस्था गरिएको छ । सबै राजनीतिक दलको सहभागितामा यो समितिमा ६३ जना रहने व्यवस्था छ । विषयगत समितिहरूबाट प्राप्त अवधारणाको अध्ययन गरी संविधान मस्यौदा निर्माण गर्ने जिम्मेवारी यो समितिलाई प्राप्त छ । संघीय लोकतान्त्रिक गणतन्त्रका निम्ति संविधानसभाका सबै विषयगत समितिहरूले आ–आफ्नो अवधारणा तयार गरिसकेका छन् । विषयगत समितिबाट अवधारणा पारित गर्दाका बखत विवादित विषयमा बहुमतका आधारमा प्रावधान पारित भएका थिए । कतिपयमा फरक मतसमेत दर्ता भएका छन् ।

दुई वर्षे कार्यकालभित्र संविधानलाई मूर्तरूप दिन नसकेपछि २०६७ जेठ १४ मा संविधानसभाको समयावधि एक वर्षको लागि थपिएको छ । दलहरूबीच २०६७ चैत मसान्तभित्र नयाँ संविधान जारी गर्ने सहमतिमा नयाँ कार्यतालिका घोषणा भएको हो ।

संविधानसभाको गन्तव्य भनेको नयाँ संविधान निर्माण गरी लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास गर्नु हो । अनि केन्द्रीकृत शासन प्रणालीको अन्त्य सहित उत्पीडित वर्ग, जाति, लिङ्ग, क्षेत्रको समावेशी र समानुपातिक प्रतिनिधित्वका आधारमा राज्य सञ्चालन गर्ने विधि निर्माण गर्नु पनि हो । निश्चित वर्ग वा समूहबाट मात्र सदियौंदेखि परम्परागत रूपमा उपभोग हुँदै आएको शासकीय अधिकार तथा शक्ति जनतामा हस्तान्तरण गर्ने वैधानिक माध्यम भनेको संविधान हो । संविधानसभासँग आमजनताले धेरै आशा राखेका छन् । त्यसर्थ जुन किसिमको संवैधानिक जिम्मेवारी प्राप्त छ, त्यही अनुरूपमा संविधान निर्माण गर्नेमा सम्पूर्ण दलहरू गम्भीर हुनै पर्छ ।

# संसदमा
## महिला सहभागिता

एक्काइसौं शताब्दीको प्रारम्भमा संसारभरका ९५ प्रतिशतभन्दा बढी देशले महिलालाई दुईवटा महत्वपूर्ण मौलिक लोकतान्त्रिक हक प्रदान गरेका छन्, "मतदानको हक र निर्वाचनमा उम्मेदवार हुने अधिकार ।" विश्वमै महिलालाई मतदानको अधिकार सन् १८९३ मै दिने पहिलो राष्ट्र न्युजिल्यान्ड थियो । सन् १९०६ मा दुवै मौलिक हक स्वीकार गर्ने पहिलो राष्ट्र पनि न्युजिल्यान्ड नै बन्यो । महिलालाई मतदान र निर्वाचनमा उम्मेदवार हुने आधारभूत मौलिक हक प्रदान गर्न अस्वीकार गर्ने राष्ट्रहरू अझै पनि छन् ।

निर्वाचनमा भाग लिने अधिकार, उम्मेदवार बन्ने र निर्वाचित हुने व्यवस्था आधारभूत मौलिक अधिकार हुन् । यद्यपि वास्तविकतामा प्रायःजसो उम्मेदवार पुरूष हुने भएका कारण महिलाका यी अधिकार उपभोगको सन्दर्भमा मतदानमा मात्र सीमित भएको पाइन्छ । केही नवलोकतान्त्रिक र लोकतन्त्रउन्मुख देशका लागि मात्र होइन, स्थापित लोकतान्त्रिक मुलुकमा पनि यो तथ्य सत्य सावित हुन पुगेको छ । केही युरोपेली मुलुकका संसदमा महिलाको न्यून प्रतिनिधित्व हुनुलाई उनीहरूका आधारभूत लोकतान्त्रिक अधिकार र मानव अधिकारको हननका रूपमा हेर्न थालिएको छ ।

संसदमा महिला उपस्थिति संसारभरिकै एउटा आवश्यक पक्ष हो । यसले हरेक राष्ट्रका सामाजिक, राजनीतिक र आर्थिक क्षेत्रमा प्रभाव पारिरहेको हुन्छ । महत्वपूर्ण विधायिकी संरचनामा उनीहरूको पहुँचका साथै त्यहाँ पुगेपछि आफ्नो क्षमता अभिबृद्धि गर्ने र संसदमार्फत उनीहरूले त्यहाँ कुन हदसम्म प्रभाव पार्छन् भन्ने जस्ता सवाल अझै पनि गम्भीर चुनौतीका रूपमा रहेका छन् ।

सार्वजनिक पदमा जाने निर्णय गरेको क्षणदेखि त्यहाँ नपुगेसम्म प्रत्येक पाइलामा महिलाको राजनीतिक सहभागिताका सबै चरणलाई लक्षित गर्न र संसद सदस्यहरूका रूपमा सकारात्मक र रचनात्मक प्रभाव पार्न तिनीहरूसँग उपाय र आवश्यक स्रोतहरू उपलब्ध छन् भन्ने कुरा सुनिश्चित गर्न ठोस प्रयासको आवश्यकता छ ।

महिलाका राजनीतिक, आर्थिक र सामाजिक अधिकारहरू महिला र पुरूषबीच हरेक अर्थमा समान छैनन् । विश्व जनसंख्याको आधाभन्दा बढी भाग महिलाले ओगट्छन् । श्रमशक्तिको ५० प्रतिशत हिस्सा महिलाको छ । तर एक अर्बभन्दा बढी महिला गरिबीको रेखाभन्दा तल छन् । त्यतिमात्रै होइन महिलाहरू गरिवहरूमा पनि गरिव हुन् । लैंगिक पक्षलाई मनन गरी निर्णायक प्रक्रियामा महिला तथा पुरूष दुवैलाई समावेश गर्नु कुनै पनि लोकतान्त्रिक संरचनाको अनिवार्य मान्यता र शर्त हो ।

## संसदमा महिला सहभागिताको अन्तर्राष्ट्रिय अनुभव

लोकतान्त्रिक व्यवस्थाको मूलभूत विशेषता भनेको समान राजनीतिक स्वतन्त्रता, खुलापन र बहुलवाद हो । तर विश्वकै तथ्यांकले के देखाउँछ भने महिला प्रतिनिधित्वका सवालमा असमानताको गहिरो खाडल अझै पुरिएको छैन ।

अन्तर संसदीय संघ (आई.पी.यु.)का अनुसार, २०५२ सालमा विश्वभरिका संसदमा ११.३ प्रतिशत महिला उपस्थित थिए । दस वर्षपछि वि.सं. २०६२ मा यो संख्या करिब १६ प्रतिशत पुगेको छ । २०५२ साल देखि अहिलेसम्म ३० जनाभन्दा बढी महिलाले सरकार प्रमुख वा राष्ट्र प्रमुखका हैसियतले काम गरिसकेका छन् । वि.सं. २०६२ सम्ममा २७ जना महिलाले संसदको अध्यक्षता गरेका थिए । वि.सं. २०६७ साउन १४ सम्म उपलब्ध आँकडाले संसदको कुल ४४ हजार ६ सय ४९ सदस्यमध्ये १९.२ प्रतिशत महिला उपस्थिति देखाउँछ जसमा तथ्याङ्क अनुसार, माथिल्लो सदनमा १८.४ र तल्लो सदनमा १९.३ प्रतिशत रहेको छ । विश्वव्यापी रूपमा महिलाले पहिलेभन्दा बढी महत्वपूर्ण निर्वाचित स्थान ओगट्दै अघि बढिरहेको देखाउँछ ।

## नेपालको संविधान निर्माण प्रक्रियामा महिला सहभागिता

नेपालमा विगतको संविधान निर्माण प्रक्रियाको इतिहास केलाउने हो भने महिला उपस्थिति अत्यन्त न्यून देखिन्छ । देशको मूल कानुन संविधान जस्तो महत्वपूर्ण दस्तावेज निर्माण गर्न महिलाको उपस्थिति नहुनु विडम्बना हो । यतिखेर भने दृश्य फेरिएको छ, संविधानसभामा एकतिहाइ महिला सहभागिता उदाहरणीय परिवर्तन हो ।

राणाकालीन शासनको उत्तरार्द्धमा वि.सं. २००३ मा निर्मित "नेपाल सरकारको वैधानिक कानुन" नेपालको सबैभन्दा पहिलो संविधान हो । यो राणा प्रधानमन्त्रीद्वारा विज्ञहरूको सहयोगमा तयार पारिएको थियो । जुन वि.सं. २००४ मंसिरमा लागू भएको थियो । यो संविधान निर्माण समितिमा एक जना पनि महिला सहभागिता रहेको देखिँदैन । त्यसपछि २००७ मा राजा त्रिभुवनद्वारा "नेपालको अन्तरिम शासन विधान- २००७" का रूपमा दोस्रो संविधान जारी भयो । त्यसमा पनि महिलाको सहभागिता पाइँदैन । त्यस्तै वि.सं. २०१५ फागुन १ मा तेस्रो संविधान लागू भयो । त्यो संविधान निर्माण प्रक्रियामा पनि एक जना महिलाको पनि सहभागिता रहेको देखिँदैन । २०१७ पुस १ मा प्रजातन्त्रको अपहरणपछि राजा महेन्द्रले वि.सं. २०१९ पुस १ मा लागू गरेको चौथो संविधान निर्माण प्रक्रियासम्ममा आइपुग्दा मात्र एक जना अंगुरबाबा जोशीको सहभागिता भएको थियो । प्रजातन्त्र पुनर्स्थापनापछि २०४७ कात्तिक २३ मा पाँचौ संविधान लागू भयो । यो संविधान निर्माण प्रक्रियामा पनि महिला सहभागिता थिएन ।

लोकतन्त्र बहालीपछि नयाँ शासकीय संरचना कोर्न २०६३ मा अन्तरिम संविधान मस्यौदा आयोग बन्यो, जसमा महिलाको उल्लेखनीय सहभागिता रहेको पाइन्छ । दश वर्ष लामो सशस्त्र विद्रोह र १९ दिने जनआन्दोलनपछि मुलुकमा लोकतान्त्रिक गणतन्त्रको स्थापना भयो, जसमा महिलाले गरेको योगदानको कदरस्वरूप चारवटा मुख्य राजनीतिक दलबाट चार जना महिलालाई संविधान निर्माण प्रक्रियामा सहभागी गराइयो । जसमा सुशीला कार्की, पुष्पा भुसाल, छत्रकुमारी गुरूङ र शान्ता राईको सहभागिता थियो ।

२०६३ मा जारी अन्तरिम संविधानले महिलाको हकमा एउटा सकारात्मक परिवर्तनको गरेको छ । यसले महिलाको सबै तह र तप्कामा सहभागिता, नागरिकताको अधिकार, समावेशी राज्यको संरचनामा महिलाको सहभागिताको मर्मलाई अंगिकार गरी संविधानसभामा कम्तीमा एक तिहाई महिला प्रतिनिधित्व हुने आधार तयार गर्‍यो । त्यसकारण यसबाट के स्पष्ट हुन्छ भने २००७ सालमा प्रजातन्त्र स्थापनादेखि छैटौं संविधानसम्म आइपुग्दा यो महिलाका लागि बढी सहयोगी सिद्ध भएको छ ।

विगतमा नेपाली महिलाको राजनीतिमा सहभागिता न्यून थियो । तर पनि राजनीतिक परिर्वतनका लागि महिलाले गहन भूमिका खेलेका छन् । २००७ सालमा राणकालको अन्त्यसँगै राजनीतिमा महिला सहभागिता दिनानुदिन बढ्दै गएको छ । २०१७ सालपछि निर्दलीय पञ्चायतविरूद्धको लडाइँमा होस् या २०४६ सालको प्रजातन्त्र पुनर्स्थापनाका लागि भएको जनआन्दोलन वा २०६२–०६३ को लोकतन्त्र स्थापनाका लागि गरिएको जनआन्दोलनमा, यी सबै आन्दोलनमा महिला पनि पूरूष सँगसँगै होमिएका थिए । यसरी लोकतन्त्र स्थापनासँगै दिगो शान्ति स्थापनार्थ भएका प्रक्रिया, संवैधानिक संरचनाको विकास र संविधान निर्माण प्रक्रियामा पनि महिलाको सहभागिता र सक्रियता उत्तिनै देखिन्छ ।

यतिबेला छैटौं संविधान निर्माण प्रक्रियामा दश वटै विषयगत समितिहरूमा महिलाको सहभागिताका साथै सक्रियता पनि उल्लेखनीय रूपमा देखिएको छ । समितिहरूमा विशेषगरी नागरिकता, सम्पत्तिमा अधिकार, घरेलु हिंसालगायत मौलिक हक र अधिकारजस्ता संविधानभित्र अंगीकृत गर्नुपर्ने महिलाका सवालहरू उठाउनुका साथै तीनमा मस्यौदासमेत गरिएका छन् । निर्धारित दुई वर्षको अवधिमा संविधान नबनेपछि समयावधि थप्न महिला सांसदहरूको सञ्जाल महिला ककसले सविधानसभाका अध्यक्षसमक्ष ज्ञापनपत्र बुझाएका थिए । २०६७ जेठ १४ को मध्यरातमा संविधानसभामा संविधान निर्माण प्रक्रियाको समयावधि बढाउन अन्तिम ५ मिनेटको समयमा महिला सभासद्द्वारा संविधानसभामा उभिएर नारा लगाई दबाब दिएका थिए ।

## नेपालको संसद र सरकारमा महिला सहभागिता

राष्ट्रिय राजनीतिमा महिलाले क्षमताअनुरूप अवसर उपभोग गर्न नपाएको प्रशस्त गुनासाहरू सुन्नमा आएपछि लोकतन्त्र बहालीपछि महिलाको पक्षमा विशेष निर्णय भएका छन् । संविधानसभामा लगभग ३३ प्रतिशत महिलाको उपस्थिति गराउन सफल हुनु पनि ऐतिहासिक निर्णय मान्नुपर्छ । नत्र प्रजातन्त्र पुनर्स्थापनापछिका आमनिर्वाचनमा महिला उम्मेदवारीसमेत उल्लेखनीय रूपमा हुन सकेको थिएन । त्यसभन्दा पूर्व त महिला उपस्थितिबारे कतै बहससमेत हुँदैनथ्यो ।

विगतका तीनवटा संसदीय निर्वाचन २०४७, २०५१ र २०५६ मा क्रमशः २.१५, ३.४५ र ५.८५ प्रतिशत महिलाको प्रतिनिधित्व रहेको थियो । राजनीतिक दलहरूले संवैधानिक प्रावधानको औपचारिकतामात्र पूरा गर्न न्यूनतम महिला उम्मेदवार उठाएको देखिन्छ । २०४७ को संविधानमा कुनै पनि राजनीतिक दलको कुल उम्मेदवारमध्ये कम्तीमा ५ प्रतिशत महिला हुनैपर्ने प्रावधान थियो । त्यसो त, २०४८ र २०५१ को संसदीय निर्वाचनमा उम्मेदवारी दिनेको संख्या ७ प्रतिशतबाट कट्न सकेको थिएन । २०५६ को निर्वाचनमा आएर भने उल्लेखनीय उपस्थिति रहेको थियो ।

२०४८ र २०५१ को निर्वाचनपछि प्रतिनिधिसभामा ७–७ जना महिला सांसद निर्वाचित भएका थिए । त्यसमा २०५६ को निर्वाचनमा १२ जना महिला संसदमा पुग्न सफल भए । २०५५ मा पहिलोचोटि महिला उपप्रधानमन्त्री हुने अवसर मिल्यो– सुश्री शैलजा आचार्यलाई ।

वि.सं. २०१६ देखि अहिलेसम्मको अवस्थालाई हेर्दा राजनीतिमा महिलाको सहभागिता दिनानुदिन बढ्दै गएको छ । इतिहास केलाएर हेर्ने हो भने वि.सं. २०१५ को आमनिर्वाचनमा निर्वाचित महिलाको संख्या एक मात्र रहेको थियो । कांग्रेसका तर्फबाट निर्वाचन क्षेत्र– ६६ डडेलधुराबाट श्रीमती द्वारिकादेवी चन्द ठकुरानी निर्वाचित हुनुभएको थियो । उहाँ २०१६ मा निर्मित पहिलो निर्वाचित मन्त्रिपरिषद्मा स्वास्थ्य र स्थानीय स्वायत्त शासन सहायकमन्त्री समेत हुनुभएको थियो । उहाँ नेपालको इतिहासमा मन्त्री बन्ने पहिलो महिला हुनुहुन्छ ।

पञ्चायतकालमा पनि राजनीतिमा एकाध महिलाको उपस्थिति थियो । पञ्चायतको उत्तरार्द्धमा निर्मित मन्त्रिपरिषद्मा एक जना पनि महिलाको सहभागिता थिएन । २०२९ वैशाख ४ मा गठित मन्त्रिपरिषद्मा पहिलोचोटि श्रीमती कमल शाह स्वास्थ्य सहायकमन्त्री बन्नुभएको थियो । त्यसपछि २०३० मा सुशीला थापा स्वास्थ्य सहायकमन्त्री बन्नु भयो र पछि राज्यमन्त्रीमा बढुवा हुनुभएको थियो । त्यसपछि श्रीमती सरस्वती राई, श्रीमती कल्पना विष्ट, भद्रकुमारी घले, विद्यादेवी देवकोटा, चन्दा शाह पनि मन्त्री बन्नु भएको थियो । उहाँहरूमध्ये सुशीला थापाबाहेक बाँकी सबैले राज्यमन्त्री र सहायकमन्त्रीको जिम्मेवारीमात्र पाउनु भएको थियो ।

राजनीतिमा महिला सहभागिताको न्यून दृश्य २०६५ मा आइपुग्दा निकै फेरिएको छ । संविधानसभामा ३३ प्रतिशत महिला सदस्यले प्रतिनिधित्व गरेका छन् ।



*"दल र राजनीतिभित्र जमेको पुरातनवादी सोचले महिला नेतृत्व स्वीकार गर्ने सवालमा समस्या देखिन्छ"। संविधानसभाको प्राकृतिक स्रोत, आर्थिक अधिकार र राजस्व बाँडफाँड समितिको सभापति अमृता थापामगर यस्तै निष्कर्ष निकाल्दै हुनुहुन्छ । तर चेतनाको वृद्धिसँगै महिलाका निम्ति वातावरण सहज हुनेमा उहाँ विश्वस्त हुनुहुन्छ । हाल उहाँ एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) की केन्द्रीय सदस्य हुनुहुन्छ र उहाँ माओवादी पार्टीको समानुपातिक सूचीबाट सभासद् बन्नु भएको हो ।*

## "मान्छेले मान्छेमाथि गर्ने सम्पूर्ण शोषणको अन्त्य गर्न पनि महिलाले राजनीतिमा सक्रिय भएर लाग्नु आवश्यक छ ।"



## अमृता थापा मगर

### एकीकृत नेकपा माओवादी

| | | |
|---|---|---|
| जिल्ला | : | स्याङ्जा |
| पतिको नाम | : | हितमान शाक्य |
| आमा | : | शोभाकुमारी थापा |
| बुबा | : | लोकबहादुर थापा |
| जन्म मिति | : | २०२९ जेठ ५ गते |
| जन्म स्थान | : | स्याङ्जा |

*उहाँको शब्दमा, राजनीतिक जीवनको उपलब्धि भनेको लोकतान्त्रिक गणतन्त्रको प्राप्ति हो ।*





कम्युनिष्ट राजनीतिक दर्शनबाट प्रभावित हुंदै सानै उमेरमा राजनीतिमा लाग्नु भएका ३८ वर्षीय थापा स्याङ्जा, बिरूवा अर्चलेवासी हुनुहुन्छ । शोषित पीडितका पक्षमा वकालत गर्न रूचाउने थापामगर २०४६ देखि राजनीतिमा लाग्नु भएको हो । उहाँले एकता केन्द्रको विद्यार्थी संगठनबाट राजनीति प्रारम्भ गर्नुभएको हो । माओवादी जनयुद्धमा सक्रिय थापा लामो समय भूमिगत भएर बस्नुभयो । जनयुद्धका क्रममा भूमिगत रहेर पनि उहाँले पार्टीले दिएको जिम्मेवारी मैदानमै उत्रिएर पूरा गर्नुभएको थियो ।

उहाँले सशस्त्र युद्धका दृश्यहरू आँखामा कैद गर्नुभएको छ । उहाँले जनयुद्धकै क्रममा बाग्लुङ जिल्ला निवासी हितमान शाक्यसँग विवाह गर्नु भयो । उहाँ अन्तरजातीय विवाह गर्नेमा पर्नुहुन्छ ।

राजनीति सजिलो विषय होइन, अझ महिलाका निम्ति कठिनै छ । उहाँ भन्नुहुन्छ- "राजनीतिमा स्थापित हुन पार्टीको नीति र आफ्नै मिहेनत आवश्यक पर्छ । जुनसुकै क्षेत्रमा पनि संघर्ष गर्न गाह्रो हुन्छ । त्यसमाथि पनि पितृसतात्मक समाजमा महिलालाई राजनीतिमा प्रवेश गर्न र यसलाई निरन्तरता दिन अझ कठिन हुन्छ । नेतृत्व गर्ने महिलाको आम चेतनामा वृद्धि भए बाहिरी वातावरण पनि सहज बन्दै जान्छ ।"

बीस वर्षदेखि सक्रिय राजनीतिसंगै व्यावहारिक अनुभवले पनि सभासद् थापा खारिनु भएको छ । उहांका शब्दमा, "जब महिला राजनीतिमा सक्रिय भएर लाग्छन्, तब उनीहरूमा आँट, महिला मैत्री राजनीतिको विकास र घरेलु कार्यको साथसाथै घर बाहिरको काम एकैसाथ गर्न सक्ने क्षमताको अभिवृद्धि हुन आउँछ । सामाजिक रूपमा पुरूषसरह महिलाले पनि काम गर्न सक्छन् भन्ने आत्मविश्वासको विकास महिलामा नहुनु र निर्वाचनमा पनि अप्ठ्यारा क्षेत्रबाट उठाइने हुँदा चुनाव लडी जितेर आउन कठिन हुने जस्ता समस्या अझै कायमै रहेका छन् ।"

उहाँ अध्ययन र राजनीतिलाई सँगसँगै अघि बढाउँदै हुनुहन्थ्यो । माओवादीले जनयुद्ध प्रारम्भ गरेपछि व्यवस्थापन विषयमा स्नातक दोस्रो वर्षमा अध्ययनरत हुंदै भूमिगत हुनु भयो । जनयुद्धकालमा भूमिगत जीवन, अनि युद्धको मोर्चामा हुनुहुन्थ्यो । हाल सभासद् र एकीकृत नेकपा माओवादीको केन्द्रीय सदस्य समेत रहेर पार्टी र संविधान निर्माणमा केन्द्रित हुनुहुन्छ । उहाँको विचारमा, समाजले भनेका र मानेका नकारात्मक धारणालाई बेवास्ता गरी सक्रिय भएर आफ्नो काममा लाग्नु देशका लागि सबैभन्दा ठूलो योगदान हो ।

निम्न मध्यम वर्गीय परिवारमा जन्मिए पनि जनताको उत्पीडनको अन्त्य गर्नु उहाँको प्रमुख राजनीतिक लक्ष्य हो । उहां भन्नुहुन्छ- "समाजमा गरिबी, जाति, क्षेत्रीय, लैंगिक, वर्गीय, भाषिक, धार्मिक, विभेद हटाउन अर्थात् मान्छेले मान्छेमाथि गर्ने सम्पूर्ण शोषणको अन्त्य गर्न पनि महिलाले राजनीतिमा सक्रिय भएर लाग्नु आवश्यक छ ।"

"महिला किन राजनीतिमा लाग्ने ?" भन्ने प्रश्नमा उहांको जवाफ छ- "राजनीति भनेको सम्पूर्ण नीतिहरूको केन्द्रीय नीति हो । यो राज्यको सबै पक्षको निर्धारणको केन्द्रविन्दु हो । किनकि यसले सबै पक्षको निर्धारण गर्छ, राजनीतिमा लाग्नु भनेको नीतिहरूको पनि नीति बुझ्नु र त्यसको परिचालनमा सक्रिय हुनु हो । यसमा महिलाको सक्रिय भूमिका भएमा मात्रै अन्य पक्षमा महिलालाई अवसरको सृजना गर्न सकिन्छ ।"

उहाँको भनाइमा राजनीतिक जीवनको उपलब्धिलाई हेर्दा संविधानसभाको सदस्य भएर संविधान निर्माण प्रक्रियामा संलग्न रही महिलाका सवालहरू जस्तैः सम्पत्तिमा महिलाको समान अधिकार, नागरिकताका सवाल, राजनीतिमा अधिकारजस्ता गहन विषय समेट्ने जिम्मेवारी बोध हुनु राजनीतिक जीवनको सबभन्दा ठूलो उपलब्धि हो ।

संविधानसभाको महत्वपूर्ण विषयगत समिति "प्राकृतिक स्रोत, आर्थिक अधिकार र राजस्व बाँडफाँड समिति" को सभापतिको जिम्मेवारी सम्हाल्नु भएको छ । जुन समितिले प्राकृतिक स्रोत साधनमा आधारभूत तहका मानिससम्मको उत्तिकै पहुँच स्थापित गर्ने गरी अवधारणा निर्माण गरेको छ । उहां भन्नुहुन्छ- "एउटा यथास्थिति चाहने र अर्को असमानताका सम्पूर्ण विभेद भत्काएर अघि बढ्न चाहेका व्यक्तिहरू बिचमा विवाद भएको थियो । निकै बहस र विवादपछि अवधारणा निर्माण गर्न सफल भयौं ।"

उहां राजनीतिमा लागेकोमा आफू खुसी भएको महसुस गर्दै हुनुहुन्छ । उचित तवरबाट प्राकृतिक स्रोतको निर्धारण हुनुपर्छ र राजस्वको सीमा कति हो तोकेर बाँडफाँड गरेको खण्डमा सबै क्षेत्रलाई समेट्न सकिन्छ भन्ने मान्यतामा हुनुहुन्छ । संविधान निर्माण प्रक्रियाको नीतिगत तहमा निर्णय गर्न पाउनु उहाँ सफल राजनीतिक जीवनको अर्को पाटो ठान्नुहुन्छ ।

आफ्नो लक्ष्य प्राप्तिका लागि पढ्ने, लेख्ने, भाषण गर्ने, प्रशिक्षण दिने र गाउँ-गाउँमा पुग्ने गर्नुभएकी थापामगरले संविधानसभामा निर्वाचित भएपछि गहन जिम्मेवारी महसुस गर्नुभएको छ । आफ्नो अधिकांश समय संविधानसभाको बैठक, पार्टीको आन्तरिक कार्य र अन्य संघसंस्थाका कार्यक्रममा खर्चने गर्नुभएकी सभासद् थापामगरको भनाइमा देशमा दिगो शान्ति र सकारात्मक राजनीतिक परिवर्तन चाहने हो भने राजनीतिक, आर्थिक, सामाजिक रूपान्तरणको आवश्यकता छ । संघीय गणतन्त्र नेपालमा जनताका आधारभूत आवश्यकताहरू गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारीको व्यवस्था हुनु जरूरी छ ।



**वसन्तीदेवी झा**

तराई मधेस लोकतान्त्रिक पार्टी

| | | |
|---|---|---|
| जिल्ला | : | महोत्तरी |
| पतिको नाम | : | मधुकान्त झा |
| आमा | : | पार्वती ठाकुर |
| बुबा | : | राजेश्वर ठाकुर |
| जन्ममिति | : | २०११ भाद्र १२ गते |
| जन्मस्थान | : | धरहरवा, सीतामढि, भारत |
| मातृ भाषा | : | मैथिली |

*"दण्डहीनता अन्त्यको माग गर्दै संविधानसभामा मधेसी महिलाका आवाज बुलन्द गर्नु पहिलो प्राथमिकता हो ।"*

*मधेस आन्दोलनका क्रममा मधेसी महिलाको उत्थानका लागि पार्टीले दिएको भूमिकालाई जिम्मेवारीपूर्वक निर्वाह गरेका कारण सभासद्को जिम्मेवारी प्राप्त भएको ठान्नुहुन्छ, वसन्ती झा । ५६ वर्षीया झा तराई मधेस लोकतान्त्रिक पार्टीको समानुपातिक सूचीबाट सभासद् बन्नुभएको हो । उहाँ भारतको बिहार राज्यस्थित सीतामढिको धरहरवामा जन्मिनुभएको थियो । महोत्तरी निवासी मधुकान्त झासँग विवाह भएपछि उहाँले नेपाली नागरिकता प्राप्त गर्नुभयो । गृहस्थी जीवनमै रहँदा छोराछोरीको प्रेरणाले राजनीतिमा सक्रिय हुनुभएकी उहाँ तराई मधेस लोकतान्त्रिक पार्टीको जिल्ला सदस्य हुनु हुन्छ । २०६४ सालमा संविधानसभा निर्वाचन सम्पन्न भएपछि पार्टीले सभासद् बनाएपश्चात उहाँले आफूमा निकै जिम्मेवारी थपिएको महसुस गर्नुभएको छ ।*

उहाँ २०२८ सालदेखि समाजसेवा र विशेषत महिला आन्दोलनमा सरिक हुनुहुन्छ । यतिबेला आफ्नो उदाहरणीय कामको चाँडै कदर भएको ठान्नुहुन्छ । उहाँ भन्नुहुन्छ, "कुनै पनि जिम्मेवारीलाई सफलतापूर्वक पूरा गरी उदाहरणीय बनेमा सफलता टाढाको कुरा हुने रहेनछ । अझ राजनीतिमा लागेर समाजमा उदाहरणीय बन्यो भने पार्टीको नेतृत्वले पनि चाँडै विश्वास गर्ने रहेछ । तर उदाहरणीय हुन भने धेरै मेहनत आवश्यक पर्छ ।"

उहाँलाई आफ्नो गाउँ विकास समितिमा राजनीतिक पार्टीमा लाग्ने सक्रिय महिला नभएपछि दुःख लाग्ने गर्थ्यो । उहाँको विचारमा राजनीतिमा लागेर मात्र समाजमा सकारात्मक योगदान दिन सकिन्छ भन्ने सबै महिलाले महसुस गर्नु जरूरी छ । फुर्सदको समयमा समाजसेवामा लाग्ने प्रेरणाले उहाँलाई राजनीतिमा लाग्न आकर्षित गरेको हो । त्यसमाथि मधेसी महिलाको चेतनास्तर एकदम कमजोर भएका कारण पनि उनीहरूलाई हौसला दिन केही मधेसी महिला राजनीतिमा लाग्नु जरूरी भएको ठान्नुहुन्छ । त्यसैको परिपूर्तिका लागि राजनीतिमा सक्रिय हुँदा छोटो समयमै सफलता उहाँलाई मिलेको छ ।

झा आफूमात्र नभई अन्य धेरै मधेसी महिलाले पनि छोटो समयमै राजनीतिक सफलता प्राप्त गरेका कारणले मधेसी महिलाको चेतनास्तर वृद्धि भएको र कानुनले पनि साथ दिएको धारणा राख्नुहुन्छ । उहाँका अनुसार, संविधानसभामा महिलाको समानुपातिक प्रतिनिधित्वको व्यवस्था भएपछि धेरै महिलालाई राजनीतिमा लाग्न प्रेरणा प्रदान गरेको छ । संविधानसभामा एक तिहाई महिला सहभागिताले धेरै महिलामा आत्मविश्वास पलाएको छ । संविधानसभाको क्षमता अभिवृद्धि समितिमा रहेर काम गर्दा उहाँले देशका लागि आफूले पनि केही योगदान गर्न सक्ने रहेछु भन्ने महसुस गर्नु भएको छ ।

उहाँकै शब्दमा भन्दा "पिछडिएका महिलाको अधिकारको वकालत गर्नु र संविधानमा महिला अधिकार सुनिश्चितताका लागि प्रयास गर्न मधेसी महिलाको भूमिका ठूलो छ । उदाहरणीय रूपमा प्रस्तुत भएर सामाजिक न्यायका लागि लड्नु राजनीतिमा लाग्ने महिलाका चुनौती हुन् र ती चुनौतीलाई सहज रूपमा स्वीकार गरी अगाडि बढ्ने हो भने सफलता टाढाको कुरा होइन ।"

उहाँको विचारमा, "शिक्षा, स्वास्थ्यजस्ता जनताका आधारभूत अधिकारको पक्षमा लड्दै रूढीवादी परम्पराको अन्त्यका लागि सक्रिय रहनु संविधानसभामा पुगेका महिला सभासद्का चुनौती हुन् । दण्डहीनता अन्त्यको माग गर्दै संविधानसभामा मधेसी महिलाका आवाज बुलन्द गर्नु पहिलो प्राथमिकता हो । त्यतिमात्र होइन, पार्टीले दिएको जिम्मेवारीलाई कुशलतापूर्वक निर्वाह गर्दै लोकतान्त्रिक संविधान निर्माण गरी राज्यका हरेक निकायमा महिलाको समान प्रतिनिधित्व गराउनु अबको चुनौती हो । त्यो काम सफल बनाउनु हरेक महिला सभासदको दायित्व पनि हो ।"









**विन्दा पाण्डे**

ने.क.पा. एमाले

| | | |
|---|---|---|
| जिल्ला | : | नुवाकोट |
| आमा | : | विष्णुमाया पाण्डे |
| बुबा | : | फत्तबहादुर पाण्डे |
| जन्म मिति | : | २०२३ पौष १५ गते |
| जन्मस्थान | : | खानिगाउँ, नुवाकोट |
| मातृ भाषा | : | नेपाली |

*"हरेक व्यक्तिले बोल्ने कुरा आफ्नै जीवनबाट लागू हुने अभ्यासको विकास गर्नुपर्छ ।"*

*विन्दा पाण्डे उच्च शिक्षा हासिल सभासद्‌मध्ये पर्नु हुन्छ । उहाँले वनस्पतिशास्त्रमा स्नातकोत्तर गर्नु भएको छ । यसका अतिरिक्त उहाँले थाइल्यान्डको एसियन इन्स्टिच्युट अफ टेक्नोलोजी (एआईटी) बाट लैंगिक विकास सम्बन्धी विषयमा पनि स्नातकोत्तर गर्नुभएको छ । वामपन्थी पृष्ठभूमिबाट राजनीतिमा लाग्नुभएकी पाण्डे संविधानसभाको तेस्रो ठूलो दल नेपाल कम्युनिष्ट पार्टी (एमाले) को समानुपातिक सूचीबाट सभासद् बन्नुभएको हो । ४४ वर्षीया पाण्डे नुवाकोट जिल्ला खानिगाउँबासी हुनुहुन्छ । हाल उहाँ एमालेको केन्द्रीय सदस्य र संविधानसभामा "मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति" को सभापति हुनुहुन्छ । उहाँ धर्मनिरपेक्षतामा विश्वास राख्नुहुन्छ ।*

०३५/३६ को विद्यार्थी आन्दोलनको प्रभावसँगै उहाँलाई राजनीतिमा रूचि जाग्यो । उहाँले २०३७ मा तत्कालीन नेकपा (माले) को विद्यार्थी संगठन अनेरास्ववियुबाट राजनीतिक यात्रा प्रारम्भ गर्नुभयो । सक्रिय रूपमा राजनीति गर्नुभन्दा पहिला र राजनीति गर्दागर्दै पनि उहाँ नेपाल ट्रेड युनियन संघमा सम्बद्ध हुनुहुन्थ्यो । उहाँले "कमिटी फर एसियन वुमन" को कार्यक्रम संयोजकका रूपमा पनि लामो समयसम्म काम गर्नुभयो । उहाँ राष्ट्रिय महिला आयोगको संस्थापनाकालिन सदस्य पनि हुनुहुन्छ ।

विद्यालय अध्ययन कै बखत राजनीति प्रति मोहित, पाण्डेको विचारमा आफैं क्रियाशील नभईकन महिलालाई सफल हुन गाह्रो पर्छ । उहाँ भन्नुहुन्छ, "अरू कसैले परिवर्तन गर्न खोज्दा कोही पनि परिवर्तन हुँदैन । त्यसमा पनि राजनीति झनै अप्ठ्यारो र चुनौतीपूर्ण छ । यस्तो परिस्थितिमा सिंगो समाजको रूपान्तरणका लागि नीतिगत रूपमा परिवर्तन गर्न र त्यसको कार्यान्वयन गर्न महिलाको आफ्नै सहभागिता नरहे उपलब्धि पाउन सकिँदैन । महिलाका समस्या र आवश्यकता जस्ताको तस्तै नीतिगत तहमा पुऱ्याउन पनि महिलाको उपस्थिति आवश्यक हुन्छ ।"

उहाँ महिलालाई राजनीतिमा पुग्न र टिक्न कठिन देख्नुहुन्छ । उहाँको अनुभव छ – "पार्टीमा जिम्मेवारी दिने क्रममा कुनै पनि राजनीतिक दलले महिलालाई सहजै अगाडि ल्याउन चाहँदैनन् । कोही महिला अलि फरक मत लिएर सक्रिय हुँदै अगाडि बढेको खण्डमा अनेक लाञ्छना लगाउने र मैदानबाटै भगाउने प्रयत्न गरिन्छ या अन्त्यमा चरित्र हत्यासम्म गरेर बाहिर फालिदिने प्रयास गरिन्छ । राजनीतिक वृत्तमा समेत अझै पनि महिला र पुरूषको चरित्र र नैतिकताका लागि फरक-फरक मापदण्ड हुनु सबैभन्दा पीडादायक पक्ष हो ।"

नेपाली समाजमा महिला विभेदबाट गुज्रिरहेका छन् । उहाँ यस्तो विभेदको फरक अवस्थामा महिलालाई समान हैसियतमा ल्याउन थप संरचना, नीति र कार्यक्रम आवश्यक ठान्नुहुन्छ । महिलाका सामाजिक चुनौतीबारे सांकेतिक टिप्पणी गर्दै पाण्डे भन्नु हुन्छ – "अंग्रेजी व्याकरणमा प्रयोग हुने अक्जुलरी भर्ब (सहायक क्रिया) का रूपमा हेरिन्छ – महिलालाई । सहायक क्रिया नभई वाक्य पूरा नहुने तर आफैंमा अर्थ पनि नहुने जस्तो अवस्था छ ।"

उहाँ जतिबेला राजनीतिमा होमिनुभयो, त्यतिबेला महिलाका लागि राजनीतिमा प्रवेश गर्ने सहज वातावरण थिएन । छोरीचेली बाहिर सार्वजनिक थलोमा भाषण गरेको समेत मन नपराउने जमाना थियो । यतिखेर छोरा-छोरीले राजनीति गरेको मन नपराउने स्थिति थियो भने निर्दलीय पञ्चायतकालीन दमनकारी राजनीति विरूद्ध होमिनु कम चुनौतीपूर्ण थिएन । उहाँ भन्नुहुन्छ – "राजनीतिक संलग्नताका प्रत्येक क्षण चुनौतीपूर्ण हुन्छन् र त्यसलाई मानसिक रूपले सामना गर्न नसक्ने हो भने अरू जे-जस्तो अवस्था र व्यवस्था भए पनि टिक्न गाह्रो हुन्छ । राजनीति भनेको सधैं आलोचना खेप्नुपर्ने क्षेत्र हो । फेरि यसबाट भागेर पनि समस्याको समाधान हुँदैन, त्यसकारण यसलाई एउटा साहसिक कामको रूपमा लिनुपर्छ ।"

संविधानसभामा उहाँलाई मौलिक हक र अधिकार केलाउने जिम्मेवारी प्राप्त भयो । संविधानसभाको "मौलिक अधिकार तथा निर्देशक सिद्धान्त" समितिको सभापतिको जिम्मेवारी निर्वाह गर्नु आफैंमा सजिलो थिएन । फरक-फरक अपेक्षा र आकांक्षासहित संविधानसभामा पुगेका सभासद्‌लाई संयोजन गर्नेदेखि बाह्य क्षेत्रबाट प्रशस्त महत्वकांक्षी सुझावहरू पनि समितिमा पुगेका थिए । नयाँ संविधानका निम्ति नागरिकका मौलिक हक केलाएर फेहरिस्त तयार गर्ने जिम्मेवारी कम्ती चुनौतीपूर्ण थिएन ।

उहाँकै समितिबाट महिलाका सवालमा नागरिकताको विभेदको अन्त्य भएको छ । त्यस अतिरिक्त समान वंशीय हक र श्रमिक आधारभुत ट्रेड युनियन अधिकारको सम्बन्धमा अन्तर्राष्ट्रिय श्रम संगठन (आई.एल.ओ.) को अभिसन्धिलाई समितिको अवधारणाले समेटेको छ । अवधारणापत्रमा नयाँ-नयाँ अधिकार प्रतिविम्बित गराउन पाउँदा आफूले जनताका लागि केही गर्न सकेको अनुभव गर्दै हुनुहुन्छ ।

उहाँको विचारमा, हरेक सवाल संस्थागत रूपमा सञ्चालित हुनुपर्छ । हरेक व्यक्तिले बोल्ने कुरा आफ्नै जीवनबाट लागू हुने अभ्यासको शुरूवात र विकास गर्नुपर्छ । जनताले आधारभूत आवश्यकता सजिलै प्राप्त गर्न सकुन्, समानता, सामाजिक न्याय र मानवीय सम्मान हरेक नागरिकले प्राप्त गरेको अनुभुती गर्न सक्नु पर्दछ, अधिकार प्राप्ती र कर्तव्य पालनाको मानसिकता र व्यवहार हरेक नागरिकमा विकास हुनुपर्छ ।



**दामाकुमारी शर्मा**
एकीकृत नेकपा माओवादी

जिल्ला : दाङ्ग
पतिको नाम : यज्ञश्वर शर्मा (वारूज)
आमा : कुन्तादेवी शर्मा
बुबा : डिल्लीराज शर्मा
जन्म मिति : २०२८ बैशाख १४ गते
जन्म स्थान : गोवरडिहा-७, दाङ्ग
मातृ भाषा : नेपाली

*“शान्ति, नयाँ संविधान र जनताको अधिकारको सुनिश्चितता आजको खाँचो हो ।”*

*दलहरूले स्वार्थभन्दा माथि उठी जसरी पनि संविधान निर्माण गर्ने अठोट लिनुपर्ने मान्यता अघि सार्नुहुन्छ- एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का सभासद् दामाकुमारी शर्मा । उहाँ मुलुकमा प्रजातन्त्र पुनर्स्थापनासँगै २०४६ मा राजनीतिमा होमिनुभएको थियो । माओवादी सशस्त्र द्वन्द्वका बेला "सत्ता कब्जा गर्ने" दुःख र जोखिमयूक्त राजनीतिक जोसमा हुनुहुन्थ्यो । यतिबेला संविधानमार्फत जनतालाई अधिकार सम्पन्न बनाउने पर्ने अठोटमा हुनुहुन्छ । शर्मा धर्मनिरपेक्ष समाजको परिकल्पना गर्नुहुन्छ ।संविधानसभा निर्वाचनमा दाङ्ग क्षेत्र नं. २ बाट प्रतिद्वन्द्वीभन्दा झन्डै तेब्बर मत प्राप्त गरी वैधानिक राजनीतिमा स्थापित हुन सफल हुनुभयो । ४० वर्षीय शर्मा सामान्य किसान परिवारमा जन्मनुभएको हो । सभासद्का अतिरिक्त उहाँ एकिकृत माओवादीनिकट थारूवान राज्य समितिको सदस्य र अखिल नेपाल महिला संघ क्रान्तिकारीको केन्द्रीय सचिवालय सदस्य पनि हुनुहुन्छ । स्नातक तहसम्म अध्ययन गर्नुभएकी शर्मा संविधानसभामा "राज्यको पुनर्संरचना तथा राज्य शक्तिको बाँडफाँड समिति" को सदस्य हुनुहुन्छ ।*








उहाँले २०४६ को आन्दोलनदेखि विद्यार्थी राजनीतिबाटै यो क्षेत्रमा पाइला टेक्नुभएको हो । राजनीतिको सुरुवात कम्युनिष्ट घटक नेकपा (मसाल) को महिला संगठनबाट सक्रिय राजनीति थाल्नु भएको हो । जतिबेला राजनीतिमा प्रवेश गर्नुभयो, त्यतिबेला महिलालाई राजनीतिमा प्रवेश सहज थिएन । मुलुकमा भर्खरमात्र प्रजातन्त्र पुनर्स्थापनासँगै खुला राजनीतिक वातावरण देखा पर्दै थियो । पितृसत्तावादी समाजमा स्वभावैले महिलाका निम्ति अगाडि बढ्न गाह्रो हुन्छ । तर चुनौती सामना गरेर अघि बढ्ने महिला सफल हुन सक्छन् भन्ने विश्वास उहाँमा थियो । उहाँका शब्दमा "त्यसरी अगाडि बढ्न महिलामा साहस, धैर्य र लगनशिलता भने आवश्यक हुन्छ । महिलाका लागि राजनीतिमा प्रवेश गर्न आर्थिक स्थितिले पनि साथ दिनुपर्ने हुन्छ ।"

माओवादीको सशस्त्र द्वन्द्वका क्रममा श्रीमान्को शहादत प्राप्तिपछि उहाँको परिवार बिचल्लीमा परेको थियो । आर्थिक अवस्था दयनीय भएकाले राजनीतिलाई निरन्तरता दिन एकदमै अप्ठ्यारो परेको उहाँ बताउनुहुन्छ । जब संविधानसभाको चुनावमा देशले नयाँ मुहारको परिकल्पना गऱ्यो साथै संविधानसभामा लगभग एकतिहाइ महिला सहभागितालाई संविधानमै व्यवस्था गराइयो, यसलाई उहाँ राजनीतिमा महिला सहभागिताको एउटा राम्रो उदाहरणका रूपमा लिनुहुन्छ । उहाँकै शब्दमा "राजनीतिमा महिला सहभागिता बढ्नु सकारात्मक संकेत हुन् । त्यसमा पनि संविधानमै लगभग ३३ प्रतिशत महिला सहभागिता ग्यारेन्टी गर्नु ठूलो उपलब्धि हो ।"

उहाँले सात वर्ष भूमिगत र दुई वर्ष जेल जीवन बिताउनुभएको थियो । उहाँ शिक्षाशास्त्रमा स्नातक हुनुहुन्छ र कुनै बेला उहाँ शिक्षण पेसामा पनि संलग्न हुनुहुन्थ्यो ।

उहाँ भन्नुहुन्छ, "शान्ति, नयाँ संविधान र जनताको अधिकारको सुनिश्चितता आजको खाँचो हो । त्यो खाँचो पूरा गर्न आपसी समझदारी, सामान्जस्यता र सहकार्य हुन अत्यन्त आवश्यक छ । यसका लागि परिवर्तित राज्य संरचनाभित्र रहेर एउटा परिवर्तित समाजको कल्पना गर्न महिलामा पनि यसको आवश्यकता महसुस हुनु जरूरी छ ।"

संविधानसभाको निर्वाचनले प्रारम्भमा उहाँलाई अत्यन्त उत्साहको सञ्चार गराएको थियो । संविधान निर्माण प्रक्रियामा ढिलाइ हुँदै जाँदा जनतासँग गरेको प्रतिबद्धता कसरी पूरा गर्ने भन्ने चिन्ताले सताएको छ । नेतृत्वदायी भूमिकामा चुकियो कि भन्ने महसुस गर्दै हुनुहुन्छ ।

जिन्दगीको सबैभन्दा सफलताको कथा भनेको राजनीतिमा सक्रिय रूपमा निरन्तर अगाडि बढ्दै जानु हो । आफूसँगै अन्य महिलालाई पनि राजनीतिमा सक्रिय गराउन सफल हुनुलाई उहाँ उपलब्धिमूलक काम ठान्नुहुन्छ । शर्माको विचारमा, "दिगो राजनीतिक परिवर्तनका लागि समाजमा रहेको वर्गीय असमानताको अन्त्य र यो देशको राष्ट्रियताको रक्षा र आर्थिक समृद्धीकरणलाई एकीकृत एजेन्डा बनाएर सबैको पहुँच सबै क्षेत्रमा सुनिश्चित गराउनु आवश्यक छ ।"

उहाँको भनाइमा, "आजसम्म देशका लागि उहाँले गर्न खोजेको मुख्य काम भनेको राज्यसत्ता संचालनमा जनताको सहज पहुँच सुनिश्चित गर्दै जनताका आधारभूत आवश्यकता गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारको सुनिश्चितताका लागि राज्यले व्यवस्था गर्ने परिपाटीको स्थापना गर्ने दिशामा प्रयास गर्नु हो ।"

उहाँ संविधान नबनेसम्म मुलुकमा शान्ति स्थापना नहुने निष्कर्षमा हुनुहुन्छ । उहाँ भन्नुहुन्छ- "शान्ति र संविधानका लागि हामी जुटौं । यो देशका लागि गरिने सबैभन्दा ठूलो योगदान हुनेछ ।"



**हिसिला यमि**
एकीकृत नेकपा माओवादी

| | | |
|---|---|---|
| जिल्ला | : | काठमाडौं |
| पतिको नाम | : | डा. बाबुराम भट्टराई |
| आमाको नाम | : | हीरादेवी यमि |
| बुवाको नाम | : | धर्मरत्न यमि |
| जन्ममिति | : | २०१६ असाढ ११ गते |
| जन्मस्थान | : | ललितपुर |
| मातृ भाषा | : | नेवारी |

*"म वर्गीय र जातीय मुक्तिका लागि अघि बढ्दैछु ।"*

*सुविधा सम्पन्न परिवारमा हुर्कने हिसिला यमि क्रान्तिकारी राजनीतिक दलमा सामेल हुन पुग्नुभयो । हुर्काइमात्र सुविधा सम्पन्न होइन, शिक्षामा कमै महिलाले त्यो स्थान पाउने अवसर प्राप्त गर्छन् । यमि इन्जिनियरिङ विषयमा स्नातकोत्तर हुनुहुन्छ । ५१ वर्षीय यमि यतिबेला एकीकृत नेपाल कम्युनिष्ट पार्टी माओवादीका तर्फबाट संविधानसभा सदस्य हुनुहुन्छ । उहाँ काठमाडौं निर्वाचन क्षेत्र नं. ७ बाट प्रतिद्वन्द्वी भन्दा राम्रो मतअन्तरले विजयी हुनुभएको थियो ।*









राजनीतिक परिवारमा हुर्के पनि उहाँमा राजनीतिक रंग भने वैवाहिक सम्बन्ध गाँसिएपछि बढी लागेको हो । उहाँको विवाह गोरखा निवासी ब्राह्मण परिवारका डा. बाबुराम भट्टराईसँग भयो । भट्टराई, नेपाली कम्युनिष्ट आन्दोलन र त्यो पनि क्रान्तिकारी कम्युनिष्ट आन्दोलन अघि बढाउने नेता हुनुहुन्छ । उहाँ धर्मलाई समान रूपले हेर्ने र अन्तरजातीय विवाहलाई प्रोत्साहन दिनुपर्ने पक्षमा हुनुहुन्छ ।

उहाँको परिवार जहाँनिया राणा शासनविरूद्ध क्रान्तिमा उत्रिएको थियो । उनका बुवा धर्मरत्न राणाकालको अन्त्यपछि मन्त्रीसमेत हुनुभएको थियो । तर उहां भने २०३८ सालबाट मात्र राजनीतिमा होमिनु भएको हो । पञ्चायतकालमा पटक–पटक पक्राऊ परी उहांले जेल जीवन पनि बिताउनुभयो । यतिबेला उहां एकीकृत माओवादीको पोलिटब्युरो सदस्य हुनुहुन्छ ।

माओवादी "जनयुद्ध" प्रारम्भ हुनुअघिसम्म इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोकमा प्राध्यापन गर्नुहुन्थ्यो । प्राध्यापन र राजनीति सँगसँगै अघि बढाउने क्रममा "जनयुद्ध" घोषणा भएपछि पति डा. भट्टराईसँगै भूमिगत हुनुभयो । राजनीतिमात्र होइन, लेखनमा पनि उहां त्यत्तिकै सक्रिय हुनुहुन्थ्यो । उहांका प्रकाशित कृतिमा "आधा आकाश आधा धर्ती, अधिकार, साम्यवाद र महिला मुक्ति" छन् । त्यस अतिरिक्त भारतबाट अंग्रेजी पुस्तक "पिपुल्स वार एन्ड वुमेन्स लिबरेसन इन नेपाल" प्रकाशित भएको छ ।

उहांले माओवादी "जनयुद्ध" का क्रममा जोखिमयुक्त राजनीति गर्नुभयो । कुनै बेला उहाँहरूको टाउकोको मूल्य तोकिएको अवस्था थियो । उहां भन्नुहुन्छ– "सम्पूर्ण जीवन राजनीतिक र सामाजिक काममा समर्पण गरेको छु । फेरि पनि संघर्ष नै जीवन हो । म वर्गीय र जातीय मुक्तिका लागि अघि बढ्दैछु । कहिले क्रान्ति त कहिले शान्ति, कहिले सडक त कहिले सदन । यी राजनीतिका नियमित कर्म हुन् ।"

अनि सरकारको मोर्चामा पनि निरन्तर रूपमा सक्रिय रहँदा अनेक उतार–चढाव खेप्नुपर्ने हुन्छ । यद्यपि उहां भन्नुहुन्छ– "जे भए पनि केही रूपमा सफल भएको महसुस हुन्छ ।" यमिले संविधानसभा निर्वाचनपछि गठित माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले नेतृत्व गर्नुभएको सरकारमा भौतिक योजना तथा निर्माण मन्त्रीका रूपमा करिब ९ महिना काम गर्नु भएको थियो ।

उहांको विचारमा, "वर्गीय मुक्तिका लागि राजनीतिमा मूलतः महिला मुक्ति विश्व क्रान्तिसँग जोडिएको छ । विश्वमै महिला, पुरूषको दाँजोमा पछि परेका छन् । यही पछौटेपनाका यथार्थलाई पन्छाउन नसक्दा महिलाले पाएका अधिकार पनि उपयोग गर्न सकेका छैनन् । आफूले पाउनुपर्ने अधिकारका लागि पनि महिला लडेका छैनन् ।"

महिलामा आफू अपहेलित भएको चेतना आउन जरूरी भएको ठान्नुहुन्छ सभासद् यमी । अनिमात्र महिलाले सफल राजनीतिक भूमिका खेल्न सक्ने निष्कर्ष उहांको छ । उहाँ भन्नुहुन्छ– "महिलाका लागि राजनीतिमा लाग्नुका पछाडिका सकारात्मक पक्षहरू धेरै छन् । यदि महिला घरभित्र मात्र सीमित भएको खण्डमा समग्र विश्वको दृष्टिकोण बुझ्न सक्दैनन् । महिलाले आफ्नो क्षमता फराकिलो पार्न सक्दैन । अनि जातीय, लैंगिक र धार्मिक उत्पीडनबाट कसरी लड्न सक्छ ? त्यसकोलागि महिलाले राजनीतीमा लाग्नु जरूरी छ ।"

संविधानसभा जसरी क्रियाशील हुनुपर्थ्यो, त्यसो हुन नसकेकामा उहाँ चिन्तित हुनुहुन्छ । उहांसंधिवानसभामा "संवैधानिक समिति"को सदस्य पनि हुनुहुन्छ । जुन समितिले संविधानको मस्यौदाको खाँका कोर्ने जिम्मेवारी पाएको छ । तर त्यति उपलब्धिमूलक काम हुन नसकेकोमा दुःख र चिन्ता व्यक्त गर्नुहुन्छ । त्यसलाई चिर्दै उहां भन्नुहुन्छ– "संविधानसभामार्फत धेरै चिज प्राप्त गर्न सकिन्छ भन्ने आकांक्षा लिएर गएका थियौं । तर संधिवानसभा त्यति क्रियाशील नहुँदा सोचेका उद्देश्य हासिल गर्न सकिएको छैन । गतिशीलताको ह्रास र प्रत्येक राजनीतिक पार्टीभित्र अनेक सोचले त्यो प्रभावकारी हुन सकेको छैन ।"

यद्यपि उहां त्यति निराश भने हुनुहुन्न । उहां भन्नुहुन्छ, "दिगो राजनीतिक विकासको निम्ति आमूल परिवर्तनको खाँचो छ । म जनताको वैचारिक, संगठनात्मक र व्यावहारिक समस्या आफैंले हल गर्न राजनीतिमा प्रवेश गरेको हुं । यो पूरा गर्न सकेको खण्डमा देशका लागि केही गरेको भन्ने अनुभव हुनेछ ।"



**जनककुमारी चालिसे**
ने.क.पा. माले

| | | |
|---|---|---|
| जिल्ला | : | ललितपुर |
| पतिको नाम | : | डा. मुकेशकुमार चालिसे |
| आमा | : | हेमकुमारी गजुरेल |
| बुवा | : | बालकृष्ण गजुरेल |
| जन्ममिति | : | २०१७ वैशाख १ गते |
| जन्मस्थान | : | सिन्धुलीमाडी, राममाढी |
| मातृ भाषा | : | नेपाली |

*"महिलाले आफूमाथि भएका विभेद र शोषण अन्त्य गर्ने क्षमता आफूमा विकसित गर्नुपर्छ ।"*

*कम्युनिष्ट दर्शनबाट प्रभावित भएर राजनीतिमा होमिनुभएकी जनककुमारी चालिसे नेकपा (माले) का तर्फबाट संविधानसभा सदस्य हुनु हुन्छ । ५० वर्षीया चालिसेको राजनीतिक यात्राले ३२ वर्ष नाघिसकेको छ । विद्यार्थीकालमै तत्कालीन मालेको क्रान्तिकारीताबाट प्रभावित भएर नै उहाँ कम्युनिष्ट राजनीतिमा लाग्नुभएको थियो । झापा विद्रोहबाट प्रारम्भ कम्युनिष्ट घटकको एउटा समूह मालेले पार्टीको रूप लिँदै थियो, त्यही प्रारम्भिककालमै मालेसँग निकट हुन पुग्नुभएको हो । वर्ग सफाया क्रान्तिबाट आएका कारण पञ्चायतकालमा माले पार्टी निटक रहनु खतरापूर्ण मानिन्थ्यो । त्यसकारण पनि उहाँ राजनीतिसँगै भूमिगत हुन पुग्नुभयो ।*






त्यसो त, हिन्दु परम्परावादी समाजमा हुर्केका कारण उहाँलाई परिवारबाट भने राजनीतिमा लाग्न हौसला या सहयोग दुवै भएन । डा. मुकेशकुमार चालिसेसँग वैवाहिक जीवनमा बाँधिएपछि भने उहाँलाई सक्रिय राजनीतिमा अरू सहयोग र हौसला पाप्त भयो । समाजशास्त्रमा स्नातकोत्तर गरी शिक्षण पेसामा पनि लाग्नुभएको थियो । उहाँले राजनीतिमा मात्र सक्रिय हुने उद्देश्यसहित शिक्षण पेसा छाड्नु भयो । राजनीतिमा सक्रिय रूपमा संलग्न रहँदा आर्थिक भार श्रीमानले खेप्नु परेको उल्लेख गर्दै उहाँ भन्नुहुन्छ– "श्रीमान्‌बाट असाध्य सहयोग भयो ।"

उहाँ सभासद्‌मात्र हुनुहुन्न, उहाँले नेकपा (माले) को केन्द्रीय सदस्य र अखिल नेपाल प्रगतिशील महिला संघको महासचिवको जिम्मेवारीसमेत सम्हाल्नु भएको छ । उहाँ परिवर्तित समयसँगै आफूलाई निरन्तर अघि बढाइरहनुपर्ने मान्यता राख्नुहुन्छ । चालिसे भन्नुहुन्छ, "हो, महिलालाई राजनीतिमा गाह्रो हुन्छ । सकारात्मक रूपले सजिलो महसुस गरी अघि बढ्नुपर्छ, अनि मात्र जीवनमा सफलता प्राप्त गर्न सकिन्छ ।"

नीति-निर्माण तहमा पुग्न पाउनु, अझ त्यो पनि संविधान निर्माण प्रक्रियामा सामेल हुन पाउनुलाई उहाँ आफ्नो जीवनको सबभन्दा सफलताको क्षण ठान्नुहुन्छ । त्यसो त, त्यो सफलता प्राप्तिका निम्ति कठिन दिनहरू पनि गुजार्नु परेको थियो । उहाँकै शब्दमा, सुत्केरी भएका बेलासमेत प्रहरी पक्राउ गर्न आएको थियो । त्यो निकै दुःखदायी क्षण थियो ।

उहाँको विचारमा, "राजनीति, नीतिहरूको जननी हो । राजनीतिमा लागेपछि महिलाको सशक्तीकरण हुन्छ । महिलाले आफूमाथि भएका विभेद र शोषण अन्त्य गर्ने क्षमता आफूमा विकसित गर्नुपर्छ । लोकतन्त्र र विधिको शासनलाई अझै मजबुत गर्न सकिन्छ जसले गर्दा शान्ति र संविधानलाई सुनिश्चित गर्न थप मद्दत मिल्छ । समग्रमा महिला समुदायको हितमा कानुन र नीति निर्माण गर्न सकिन्छ ।"

समाजमा विद्यमान परम्परावादी सोचका कारण पार्टी र संसदीय फाँटमा महिलाले धेरै चुनौती खेप्नुपर्ने दिन आउने उल्लेख गर्दै चालिसे भन्नुहुन्छ, "त्यस्ता खाले चुनौतीको सामना सजिलै गर्न नसकेको खण्डमा निर्णायक क्षमता र संवैधानिक र राजनीतिक संस्कार निर्माणमा पछि परिन्छ ।"

उहाँ संविधानसभा राष्ट्रिय हित संरक्षण समितिको सदस्य पनि हुनुहुन्छ । संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास, शान्ति स्थापना, संविधानको अक्षरस पालना गरी स्वतन्त्र न्यायपालिका र भ्रष्टाचारको अन्त्य गर्नु प्रमुख उद्देश्य हुनुपर्ने बताउनुहुन्छ ।

उहाँको विचारमा, बदलिँदो विश्व परिवेश अनुरूप राजनीतिक दलहरूको संस्कारमा पहिला परिवर्तन आउनु जरूरी छ । यसो भएमा मात्र वर्तमान समयको राजनीतिक गतिरोधको अन्त्य हुन्छ । त्यसले मात्र मुलुकमा दिगो शान्ति, संविधान, सुशासन र संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुनिश्चित गर्न सकिन्छ । मुलुकको राजनीतिक परिवर्तनलाई संस्थागत गर्न लैङ्गिक, जातीय, क्षेत्रीय, वर्गीय विभेदको अन्त्य हुनु जरूरी छ । भ्रष्टाचारलाई निर्मूल पार्दै स्वतन्त्र न्यायपालिका र विधिको शासनको स्थापनाले मूलभूत रूपमा दिगो राजनीतिक परिवर्तनको आभास दिन्छ ।

उहाँ परिवर्तित राजनीतिक वातावरण संस्थागत गर्नुपर्ने आवश्यकता औंल्याउनु हुन्छ । उहाँ भन्नुहुन्छ, "नेपालमा जनताका लागि गर्नुपर्ने धेरै काम ज्यूका त्यू छन् । सर्वसाधारणको जीवनस्तरमा प्रत्यक्ष रूपमा सकारात्मक परिवर्तन ल्याउन गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारीको व्यवस्था मिलाउनुपर्ने आवश्यक छ । त्यस अतिरिक्त लोकतन्त्रपछि प्राप्त राजनीतिक उपलब्धिलाई संस्थागत गर्दै लग्नुपर्छ ।"



**जयपुरी घर्ती**
एकीकृत नेकपा माओवादी

| | | |
|---|---|---|
| जिल्ला | : | रोल्पा |
| पतिको नाम | : | स्व. कविराम के.सी. |
| आमा | : | धनसरी घर्तीमगर |
| बुबा | : | कृष्णबहादुर घर्ती |
| जन्ममिति | : | २०२८ मंसिर २८ गते |
| जन्मस्थान | : | राङ्सी- ७, रोल्पा |
| मातृ भाषा | : | मगर |

*"जनताको श्रेयले सफलता पाउने हो भने राज्यको नेतृत्व तहमा पुग्न सहज हुन्छ ।"*

*जयपुरी घर्ती, एकीकृत नेपाल कम्युनिष्ट पार्टी माओवादीकी संविधानसभा सदस्य हुनुहुन्छ । नेतृ घर्ती संविधानसभा निर्वाचनमा रोल्पा क्षेत्र नं. १ बाट अत्यधिक मतका साथ विजयी सभासद् हुनुहुन्छ । सभासद्मात्र होइन, उहाँ पार्टीको संसदीय दलको सचेतक र अखिल नेपाल महिला संघ (क्रान्तिकारी) को केन्द्रीय अध्यक्ष र संविधानसभा संवैधानिक समितिको सदस्य पनि हुनुहुन्छ । किसान कृष्णबहादुर घर्ती र धनसरी घर्तीमगरकी छोरी जयपुरीको जन्म विकट जिल्ला रोल्पाको राङ्सी- ७ मा २०२८ मा भएको थियो । १० कक्षासम्मको अध्ययन गर्नुभएकी घर्ती विद्यार्थीकालदेखि नै राजनीतिमा सक्रिय हुनुभयो । उहाँ धर्मनिरपेक्ष समाजमा विश्वास गर्नुहुन्छ ।*



उहाँ विद्यार्थीकालदेखि शोषित र पीडित जनताको पक्षमा वकालत गर्दागर्दै राजनीतिमा होमिनु भयो । उहाँ सामाजिक शोषण र महिलामाथिको हिंसाको अन्त्य गर्न राजनीतिमा प्रवेश गर्नु भएको हो । सामाजिक विकृति विरूद्ध जनतालाई मुक्ति दिलाउने अठोटले राजनीतिमा होमिनु भयो । धर्मले नेपाली समाजलाई नराम्रोसँग गाँजेकाले धर्मनिरपेक्ष समाज आवश्यक भएको उहाँ ठान्नुहुन्छ । आफूलाई जनजाति भनेर चिनाए पनि उहाँको विवाह भने माओवादीको सशस्त्र युद्धका क्रममा खस परिवारका कविराम केसीसँग भएको थियो ।

माओवादी सशस्त्र युद्धमै पति गुमाउनु भयो । माओवादी युद्धका क्रममा पति गुमाउनु पर्दा र त्यहीबेला पेटमा बच्चा बोकी युद्धलाई सफल बनाउन हिंडेको घटना उहाँको जीवनमा दुःखदायी भएपनि अविस्मरणीय छन् । एकल महिलाप्रति समाजले हेर्ने दृष्टिकोणले पनि बारम्बार पीडित बन्नुपऱ्यो । दृढ अठोट भएमा जस्तोसुकै अप्ठ्यारो पनि सहजै पार लगाउन सक्ने विश्वास उहाँमा छ । उहाँको विचारमा, भूमिगतकालपछिको सबैभन्दा सफल र सम्झनायोग्य क्षण भनेको शान्ति सम्झौता र २२ बुँदे सहमति हो ।

उहाँ पटकपटक देशमा आएको परिवर्तनमा पनि महिलालाई राजनीति गर्न त्यत्ति सजिलो नहुने रहेछ भन्ने निष्कर्ष निकाल्दै हुनुहुन्छ । उहाँको विचारमा, "विगतमा कोटा पुऱ्याउनमात्र महिलालाई राजनीतिमा सहभागी गराइने गरेको थियो । तर पछिल्लो समयमा महिला अधिकारका लागि पनि राजनीतिमा प्रवेश गर्न थालेका छन् । महिला ऐक्यबद्ध भएर अधिकार सुनिश्चित गर्न लाग्ने हो भने पूरा अधिकार पाउन सकिन्छ । महिलाले पनि समाजमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्नुपर्छ, अधिकारका कुरा मात्र गरेर नभई व्यवहारमा पनि अधिकार स्थापित गराउन सक्नुपर्छ तर महिलालाई राजनीति गर्नु त्यति सजिलो भने छैन । घरपरिवार, समाज र सहकर्मीसँग सामन्जस्य मिलाउनु महिलाकालागि चुनौतीका विषय हुन् ।"

उहाँ पछिल्लो समयमा समाजमा केही राजनीतिक जागरण आए पनि महिला राजनीतिलाई सकारात्मक दृष्टिकोणले हेर्ने सामाजिक जागरण अझै आवश्यक मात्रामा विकास भइनसकेको ठान्नुहुन्छ । उहाँका शब्दमा, ""सम्पत्तिमा महिलाको अधिकार स्थापित हुनु, आमाको नामबाट नागरिकता पाउन सक्ने व्यवस्था हुनु र संविधानसभामा झण्डै ३३ प्रतिशत महिला सभासद् हुनु नै राजनीतिमा लागेका महिलाका निम्ति पछिल्ला उपलब्धिहरू हुन् ।"

पार्टी राजनीतिमा नेतृत्वदायी तहमा पुग्न धेरै बाधा व्यवधान आउने गर्छन् । पार्टीको बन्देज र दलगत निर्णयका कारणले आफूले चाहेर पनि जायज आवाज उठाउन नसकिने टिप्पणी उहाँ गर्नुहुन्छ । उहाँका अनुसार, पार्टीभित्र पनि परिवारवाद हावी हुँदा संघर्ष र खारिएका महिलालाई अप्ठ्यारो पर्ने गरेका उदाहरण प्रशस्त छन् । पार्टीभित्रकै संघर्षले पनि महिलालाई नेतृत्वदायी तहमा पुग्न गाऱ्हो हुने गरेको छ । विचार र राजनीतिलाई एकैसाथ लिएर हिंड्ने हो भने त्यस्ता अवरोध चिर्न सकिने छ । जनताको श्रेयले सफलता पाउने हो भने राज्यको नेतृत्व तहमा पुग्न सहज हुन्छ । कुनै पनि महिला पार्टीको निर्णायक तहमा पुग्नुको पछाडि जनताको माया र आफ्नो विचार हो ।

संविधानसभा सदस्य बन्न सफल भएपछि संविधानसभामा महिलाको सवाललाई जोडदार रूपमा उठाउनु उहाँको प्रमुख लक्ष्य रहेको छ । सभासद् घर्तीको भावी योजनामा वर्गीय, क्षेत्रीय, जातीय र लैंगिक असमानताको अन्त्य गरी समतामूलक शान्त नेपालको निर्माण गर्नु हो । उहाँको विचारमा, एकल महिलाको हक र अधिकारका लागि जहिले पनि लड्ने र देशमा एकल महिलाको लागि छुट्टै स्थान दिलाउन सकेको खण्डमा अफुले मुलुकका लागि ठूलो योगदान दिएको ठहरिनेछ ।







**लक्ष्मी परियार**
नेपाली कांग्रेस

| | | |
|---|---|---|
| जिल्ला | : | उदयपुर |
| पतिको नाम | : | तीर्थबहादुर परियार |
| आमा | : | बच्चीमाया टेलर |
| बुबा | : | दैवसिंह टेलर |
| जन्ममिति | : | २०३४ श्रावण ३ गते |
| जन्मस्थान | : | छोरम्बु- ७, खोटाङ |
| मातृ भाषा | : | नेपाली |

*"राजनीतिमा महिलाको सहभागिताले नेतृत्व तहमा पुग्ने र महिलाका अधिकार सुनिश्चित गर्न सजिलो हुनेछ ।"*

*विद्यालय तहमा पढ्दापढ्दै नेपाल विद्यार्थी संघको राजनीतिमा होमिनु भएकी लक्ष्मी परियार नेपाली कांग्रेसको सभासद् हुनुहुन्छ । २०४८ सालताका उहाँ कक्षा आठमा अध्ययनरत हुँदै उहाँलाई नेपाली कांग्रेसको राजनीतिले छोएको थियो । ३३ वर्षीया परियार कांग्रेसको युवा संगठन तरूण दलको केन्द्रीय सदस्य हुनुहुन्छ । क्रिश्चियन धर्ममा विश्वास राख्ने सभासद् परियार राजनीति बाहेक सामाजिक सेवा गर्नु हुन्छ साथै श्रीमान्लाई उनको व्यवसायमा पनि सहयोग गर्नु हुन्छ । राजनीतिक जीवनका क्रममा उहाँले तीन महिना जेल जीवन बिताउनुभएको छ । राजनीतिक र सामाजिक कामको सिलसिलामा उहाँले १३ देशको भ्रमण गरिसक्नुभएको छ । उहाँ संविधानसभामा जनमत संकलन तथा समन्वय समितिको सदस्य हुनुहुन्छ ।*

महिला, त्यसमाथि पनि दलित भएर राजनीतिमा आउन उहाँले धेरै चुनौतीको सामना गर्नुपर्‍यो । निकै सरल स्वभाव तर विद्रोही प्रकृतिकी परियारले प्रमाणपत्र तहसम्म अध्ययन गर्नुभएको छ । उहाँले समाज र राजनीतिमा रहेका सबैखाले विभेद हटाउने लक्ष्य बोक्नुभएको छ । एकातिर राज्यले छुवाछूत मुक्त राज्य घोषणा गरेको छ तर समाजमा त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेकोमा दुःखी हुनु हुन्छ सभासद् परियार ।

महिलाले राजनीतिमा प्रवेश गर्नु अघि र पछि विभिन्न चुनौतीको सामना गर्नु स्वाभाविक ठान्नु हुन्छ । उहाँ भन्नुहुन्छ– "पिछडिएका समाजबाट राजनीतिमा प्रवेश पाउन अन्य दलका नेतृलाई पनि संघर्ष गर्नुपर्‍यो होला । मध्यम वर्गमा जन्मिएर विवाहपछि राजनीतिमा प्रवेश गर्दा आर्थिक अवस्थाले धान्नै सकेन । तरपनि जतिसुकै कठिनाइको सामना गर्नु परे पनि राजनीतिक जीवनदेखि हरेस खाइएन र संघर्ष जारी रहृयो । परिवार र राजनीतिको जिम्मेवारीलाई मिलाउन निक्कै अप्ठ्यारो परेको थियो । तर पनि जाति, जनजाति, लिंगीय र अल्पसंख्यकलाई न्याय दिलाउन र राष्ट्रको विकास र सम्मानका खातिर लाग्न कुनै कसर बाँकी राखिएन ।"

उहाँको राजनीतिमा प्रवेश गर्नुको उद्देश्य समाजभित्रका विकृति र विसंगति अन्त्य गर्नु हो । प्रारम्भिककालमा उहाँमा "महिला मुक्तिभन्दा पनि छुवाछूतको अन्त्य कहाँबाट गर्न सकिन्छ" भन्ने ध्याउन्न जागेको थियो । किनकि दलित वर्गका निम्ति समाजमा रहन सजिलो थिएन । राजनीतिसँगै गैरसरकारी संस्था खोली छुवाछूतविरोधी अभियानमा लाग्नुभयो । यसरी मानव अधिकारको क्षेत्रमा काम गर्न पुग्नुभयो ।

उहाँको विचारमा, "परिवर्तित राजनीतिक अवस्था, नियम कानुन र पार्टीले महसुस गरेको महिला नेतृत्वको खाँचोलाई हेर्दा सबै तह र तप्काबाट महिलालाई राजनीतिमा सक्रिय हुन ठूलो सहयोग पुगेको छ । त्यसको ज्वलन्त उदाहरण संविधानसभामा ३३ प्रतिशत महिलाको सहभागिताले देखाउँछ । परिवार र राजनीतिका लागि समयलाई उचित रूपमा बाँडफाँड गर्नु एउटा महिलाका लागि सहज विषय भने होइन । समयसँगै आफूलाई ढालेर परिवर्तित विश्वको राजनीतिक भूमण्डलीकरणलाई अपनाउँदै लोकतन्त्र र प्रजातन्त्रका लागि सक्रिय रहनु एउटा सक्षम राजनीतिज्ञको मुख्य काम हो, चाहे त्यो पुरुष होस् वा महिला । त्यसकारण समय आफैंले व्यवस्थापन गर्ने कुरा हो, अनुकूलता र आवश्यकता हेरेर एउटा राजनीतिज्ञ भइसकेपछि समयलाई व्यवस्थापन गर्नु जरूरी छ ।"

उहाँ भन्नुहुन्छ, "राजनीतिको सुरूवातमा निकै ठूलो महत्वाकांक्षा हुँदोरहेछ । परिवार, समाज, कार्यकर्ता सबैका अगाडि यो गर्छु, त्यो गर्छु भन्ने लाग्थ्यो । तर पार्टीले जिम्मेवारी दिइसकेपछि सोचेजस्तो हुँदो रहेनछ । सम्पूर्ण परिवर्तन र विकासका कुरा गर्ने हो भने राजनीतिमात्रै एउटा पेसा हो जसले सम्पूर्ण परिवर्तन गराउन सक्छ । नेपाली कांग्रेसको मूलमन्त्र पनि यही हो ।"

सबभन्दा पहिले महिलालाई शिक्षाले सुसज्जित गर्नुपर्ने धारणा उहाँ राख्नुहुन्छ । उहाँ भन्नुहुन्छ– "विकास प्रक्रियामा महिलालाई सहभागी गराउन शिक्षाको महत्वपूर्ण भूमिका रहन्छ । देशमा शिक्षाको ज्योति फैलाउनु आवश्यक छ । राजनीतिमा महिलाको सहभागिताले नेतृत्व तहमा पुग्ने र महिलाका अधिकार सुनिश्चित गर्न सजिलो हुनेछ । आफ्नो उद्देश्य पनि देशका हरेक निकायमा महिलाको अधिकार सुनिश्चित गर्नु नै हो ।"

संविधानसभामा महिला उपस्थिति उल्लेखनीय रहे पनि संसदीय फाँट र निर्णायक तहमा भूमिका नदिने शैलीबाट अन्य महिला सभासद्लाई जस्तै उहाँलाई पनि दुःख लागेको छ । उहाँको शब्दमा, "खासगरी महिलालाई पार्टी र संसदीय फाँटमा निर्णायक तहमा रहने अवसर धेरै नदिइने समस्या छ । महिलाका समस्याबारे धारणा राख्न धेरै गाह्रो हुन्छ । तर, संविधानसभा सदस्यमा निर्वाचित भइसकेपछि नयाँ संविधान निर्माण गरी त्यसमा महिलाका समस्यालाई विशेष स्थान दिलाउन सफल हुन्छु भनेर एउटा हौसला र आँट भने आएको छ ।"

जनताका प्रतिनिधि भएको नाताले शान्ति, नयाँ संविधान, सुनिश्चित रोजगार र भेदभावरहित समाज स्थापना गर्ने उहाँको लक्ष्य हो । "नयाँ संविधानसँगै जनताले दिगो राजनीतिक स्थिरताको महसुस गर्न पाउनुपर्छ," उहाँ भन्नुहुन्छ– "यी काम पूरा गर्न सकेमात्र एउटा सक्षम राजनीतिज्ञको सफलताको कथा अन्तर्निहित हुन्छ । शान्ति स्थापना, आर्थिक क्रान्ति, हरेक महिलालाई समावेशी रूपमा निर्णायक तहमा पुर्‍याउन सकेपछि परिवर्तित नेपालको कल्पना पूरा हुन्छ । यही परिवर्तनका लागि सक्रिय भएर बाँच्ने सबै राजनीतिज्ञको चाहना हुन्छ ।"


“दिगो शान्ति, समयमा संविधान र स्थायी सरकार
आजको आवश्यकता हो ।”





## लीला न्याइच्याई

### नेपाल मजदुर किसान पार्टी

| | | |
|---|---|---|
| जिल्ला | : | भक्तपुर |
| आमाको नाम | : | कृष्णमाया न्याइँच्याईँ |
| बुवाको नाम | : | बद्री न्याइँच्याई |
| जन्ममिति | : | २०३७ श्रावण ११ गते |
| जन्मस्थान | : | भक्तपुर |
| मातृ भाषा | : | नेवारी |

*कलिलो उमेरमै राजनीतिमा स्थापित हुन सफल हुनुहुन्छ, सभासद् लीला न्याइँच्याईँ । भक्तपुरको नेवार समुदायमा हुर्कनु भएकी ३० वर्षीया न्याइँच्याईँ नेपाल मजदुर किसान पार्टीबाट राजनीतिमा सक्रिय हुनुहुन्छ । उहाँ पुस्तकालय तथा सूचना विज्ञानमा स्नातकोत्तर हुनुहुन्छ । नेपाली र नेवारी भाषामा उहाँको बढी दखल छ भने सबै धर्म बराबर हो भन्ने विचार राख्नुहुन्छ । २०५० बाट नेपाल क्रान्तिकारी विद्यार्थी संगठनमा लागेर उहाँ राजनीतिमा होमिनुभएको थियो । हाल उहाँ पार्टीको केन्द्रीय वैकल्पिक सदस्य समेत हुनुहुन्छ ।*

उहाँ सामाजिक गतिविधिको प्रतिविम्ब प्रत्यक्ष रूपमा महिलालाई पर्ने हुँदा महिला राजनीतिमा सक्रिय सहभागी हुनुपर्ने विचार राख्नुहुन्छ । उहाँ भन्नुहुन्छ- " त्यसमाथि महिलाहरू शैक्षिक, सांस्कृतिक एवं आर्थिक रूपमा पनि पछाडि परेको हुँदा राजनीतिमा लाग्न कठिन छ । समाजको आवश्यकता हेर्ने हो भने हरेक पार्टीमा महिला सक्रिय भएर लाग्नुपर्ने स्थिति देखिन्छ । म राजनीतिमा लाग्नुको मुख्य उद्देश्य कामदार अथवा मजदुर वर्गको हकहितका लागि लड्ने र उनीहरूको इच्छा अनुसारको प्रजातान्त्रिक बाटो मोड्नु हो । जसका लागि सधैंभरि सक्रिय भएर लागेको छु र लाग्नेछु ।"

उहाँको विचारमा, "हरेक प्रकारका शोषण अन्त्य गर्न राजनीति आवश्यक छ । जनताको चाहनाअनुसारको राजनीतिक परिवर्तन आजको आवश्यकता हो । साथै संसदीय व्यवस्थामा विवेक र तर्कभन्दा मतको संख्यालाई अधिकतम ख्याल गर्ने भएकोले महत्वपूर्ण कुराको निर्णय आज संसदीय फाँटले महिलाका पक्षमा गर्न चुकेको जस्तो लाग्छ ।"

उहाँ २०५३ सालमा महाकाली सन्धिको विरोधमा भक्तपुरदेखि काठमाडौंसम्म पैदल जुलुसमा प्रदर्शन गरेको क्षण अविस्मरणीय ठान्नुहुन्छ । उहाँ भन्नुहुन्छ- " आमूल राजनीतिक परिवर्तन आजको आवश्यकता हो । हरेक पार्टीले नयाँ सोच र आचरणको विकास गर्नु जरूरी छ । नेपाली जनताले अनिवार्य शिक्षा, स्वास्थ्य र रोजगारी पाउने बन्दोबस्त गर्न सकेमात्र धेरै सन्तोष हुने ठाउँ पैदा हुन्छ । जसका निम्ति दिगो शान्ति, समयमा संविधान र स्थायी सरकार आजको आवश्यकता हो । जसलाई पूरा गर्नु राजनीतिक दलको कर्तव्य हो । यो जनताले खोजेको शान्तिपूर्ण देशको कल्पना पनि हो ।"

उहाँमा संविधानसभा सदस्य बनेपछि जनताका लागि नीति र निर्णयगत तहमा केही गर्न सक्छु भन्ने विश्वास बढेको छ । जसका निम्ति चाहना अनुरूप काम गर्ने अवसर मिलेको उल्लेख गर्नुहुन्छ । उहाँका अनुसार संविधान निर्माण प्रक्रियाका लागि जनमत संकलनमा सहभागी सानो पार्टीबाट सक्रिय नेतृत्वको भूमिका, महिला ककसमा सक्रिय सहभागितालाई सफलतापूर्वक निर्वाह गर्न पाउनु एउटा खुसीको कुरा हो ।

उहाँ संविधानसभाको मौलिक हक अधिकार तथा राज्यको निर्देशित सिद्धान्त निर्धारण समितिको सदस्य हुनुहुन्छ । समितिबाट महिलाका सवाललाई मौलिक हकका रूपमा प्रतिवेदनमा राख्न सफल भएकोमा निकै खुसी हुनुहुन्छ र त्यसलाई गौरव ठान्नुहुन्छ । उहाँ भन्नुहुन्छ- "तर, संविधान निर्माण प्रक्रियामा होस् अथवा नीति निर्माण तहमा, सम्पूर्ण क्षेत्रमा महिला निर्णयगत तहमा पुग्नु आवश्यक देखिन्छ ।"



**लक्की शेर्पा**
ने.क.पा. एमाले

| | | |
|---|---|---|
| जिल्ला | : | संखुवासभा |
| पतिको नाम | : | सोनाम शेर्पा |
| आमाको नाम | : | कामु शेर्पा |
| बुवाको नाम | : | प्रा. श्यामसुन्दर शेर्पा |
| जन्ममिति | : | २०३२ माघ १६ गते |
| जन्म स्थान | : | संखुवासभा |
| मातृ भाषा | : | शेर्पा |

*"पारदर्शिता, समान सहभागिता र समावेशी नीति आममहिलाको विकासका लागि खाँचोको विषय हो ।"*







*सानै उमेरमा फरक स्वभावका कारण समाजका निम्ति "केही गर्छु" भन्ने महत्वकांक्षा राख्नु हुन्थ्यो, सभासद् लक्की शेर्पा । उहाँ अर्थशास्त्रमा गोल्ड मेडल प्राप्त गरी स्नातकोत्तर गर्नुभएकी पहिलो शेर्पा महिला हुनुहुन्छ । संखुवासभा जिल्ला निवासी ३१ वर्षीया शेर्पा आफ्नै बुवाको प्रेरणाले शिक्षा र राजनीतिमा लाग्नुभएको हो । उहाँका बुवा श्यामसुन्दर शेर्पा प्राध्यापक हुनुहुन्छ । एक पिछडिएको जातिबाट स्नातकोत्तर गर्ने महिला हुँदा आफूलाई उहाँ गौरवान्वित ठान्नुहुन्छ । उहाँ नेपाल कम्युनिष्ट पार्टी (एमाले) पार्टीमा आवद्ध रहेर जनजातिको तर्फबाट संविधानसभामा समानुपातिक सूचीबाट सभासद् बन्नुभएको हो । उहाँ हाल संविधानसभाको राज्यको पुनर्संरचना र राज्यशक्तिको बांडफांड समिति सदस्य हुनुहुन्छ ।*

सभासद् बन्नु पूर्व उहाँ समाजसेवाको उद्देश्यले गैरसरकारी संस्थाहरूमा आवद्ध हुनुहुन्थ्यो । उहाँले योङ्ग वुमेन ह्युमेन राइट्स अवार्ड (Young Women Human Rights Award) जस्तो अन्तर्राष्ट्रिय पुरस्कार प्राप्त गर्नुभएको छ । शान्तिका लागि युवा राजदुत (Youth Ambassador for Peace) अवार्डबाट पनि सम्मानित सभासद् शेर्पा महिला अधिकार र मानव अधिकार एकसाथ जोडेर लग्नु जरूरी ठान्नुहुन्छ, किनकि हरेक कोणबाट महिला बढी पीडित हुंदै आएका छन् ।

उहाँ नेपाल आदिवासी जनजाति महासंघको सल्लाहकार र राष्ट्रिय आदिवासी जनजाति महिला सञ्जालको अध्यक्ष पनि हुनुहुन्छ । उहाँ विद्यार्थीकालमा वामपन्थी विचारबाट प्रभावित हुनुहुन्थ्यो, त्यही कारण एमाले निकट विद्यार्थी संघमा आवद्ध हुनुभयो । शेर्पा एमालेको युवा संगठन "प्रजातान्त्रिक राष्ट्रिय युवा संघ" को सामाजिक सेवा विभाग प्रमुख हुनुहुन्छ । उहाँ समाजसेवा र राजनीतिलाई सँगसँगै अघि बढाउन सफल हुनुहुन्छ । उहाँको विचारमा, "संविधान निर्माण प्रक्रियामा महिलाको आवश्यकता बोध हुनु र संविधानसभामा आदिवासी, जनजाति र सम्पूर्ण महिलाका पक्षमा रहेका सवाललाई उद्धृत गर्नु महत्वपूर्ण सफलताा हो ।"

उहाँ भन्नुहुन्छ– "महिला विकासको आवश्यकता बोध भित्र उनीहरूका अधिकारहरू लुकेका हुन्छन् । ती अधिकारको प्रत्याभूति उनीहरूमा त्यस बेलामात्र हुन्छ, जब उनीहरूका सम्पूर्ण अधिकार संविधानमा अन्तर्निहित हुन्छ, जस्तै सम्पत्ति, नागरिकता र अन्य मौलिक अधिकारहरू ।"

उहाँ ठूला दलका ठूला नेताहरू इमान्दार र जवाफदेही हुने हो भनेमात्र समयमै संविधान निर्माण हुने मान्यता राख्नुहुन्छ । उहाँको भनाइ छ, "आज देशको विकास भनेको दिगो शान्ति, जनतालाई मानव अधिकारको प्रत्याभूति र जनताले चाहेजस्तो संविधान निर्माण गर्नु आवश्यक छ । यसका लागि सबै राजनीतिक दलले पार्टीगत स्वार्थभन्दा माथि उठेर काम गर्नु आवश्यक देखिन्छ । अर्कोतर्फ स्थिर सरकार र सकारात्मक पहल नीति निर्माणका तहमा अति आवश्यक छ । हरेक नीति निर्माण र कार्ययोजना बनाउँदा ग्रामीण, आवश्यकतादेखि सहरी आवश्यकतासम्म सोचेर बनाउनु पर्छ । केन्द्रीकृत नीति र निर्णयले गर्दा गरीबीको रेखामुनि रहेका जनताको विकास गर्न गाह्रो पर्छ ।"

महिलाका एकताबद्ध प्रयासकै कारण राज्यका अंगदेखि पार्टीमा पनि महिला सहभागिता सुनिश्चित हुंदैछन् । उहाँ भन्नुहुन्छ– "महिलाले आज अधिकारका लागि लड्नु आवश्यक देखिन्छ । पारदर्शिता, समान सहभागिता र समावेशी नीति आममहिलाको विकासका लागि खाँचोको विषय हो । जसको सुरूवात भइसकेको छ । यसको परिणाम भनेको राज्यका हरेक निकायमा कम्तीमा ३३ प्रतिशत सहभागिता हो ।"



"मधेसको पहिचान, अस्तित्व र प्रतिनिधित्वका सवालमा नयाँ संविधान उपलब्धिमूलक हुनेछ ।"

## मीनाक्षी झा
नेपाली कांग्रेस





| | |
|---|---|
| जिल्ला | : धनुषा |
| पतिको नाम | : श्री विजयचन्द्र झा |
| आमा | : पवित्री ठाकुर |
| बुबा | : हरिनारायण ठाकुर |
| जन्ममिति | : २०१६ जेठ २५ गते |
| जन्मस्थान | : सिंगयाही, महोत्तरी |
| मातृ भाषा | : मैथिली |

*निरन्तर ३८ वर्ष लामो राजनीतिपछि मिनाक्षी झा संविधानसभा सदस्य बन्नुभएको छ । पञ्चायतकालमा पार्टी प्रतिबन्ध हुँदाका बखत २०२८ मै विद्यार्थी आन्दोलनबाट नेपाली कांग्रेस पार्टीमा उहाँ आवद्ध हुन पुग्नुभएको हो । त्यतिबेला कांग्रेसको नाम लिनु पनि खतरनाक मानिन्थ्यो, किनकि तत्कालिन शासकले कांग्रेसलाई प्रमुख दुश्मन ठानेको थियो । कलिलो उमेरमै राजनीतिमा होमिएपछि निरन्तर त्यो निष्ठामा यथावत् हुनुहुन्छ । पञ्चायतकालमा विद्यार्थी नेताहरु कामेश्वर र कुशेश्वरले शहादत प्राप्त गरेपछि उहाँ राजनीतिमा होमिनुभएको हो । उहाँहरु कांग्रेसले आह्वान गरेको प्रजातान्त्रिक लडाइँमा सहिद बन्नुभएको थियो ।*

झा मैथिली भाषा बढी बोल्न रूचाउनुहुन्छ र हिन्दु धर्ममा विश्वास राख्नु हुन्छ । ५१ वर्षीय झाले प्रजातान्त्रिक आन्दोलनका क्रममा पटक-पटक जेल जीवन भोग्नुभएको छ । धनुषा निवासी विजयचन्द्र झासँग वैवाहिक बन्धनमा बाँधिए पछि धनुषा जिल्लाबाट उहाँ ज्यादा रूपमा राजनीतिमा सक्रिय रहनु भयो । राजनीति र समाजशास्त्रमा स्नातक झा नेपाली कांग्रेसको केन्द्रिय सदस्य हुनुहुन्छ । त्यस अतिरिक्त नेपाल महिला संघमा पनि सदस्य रहेर उहाँले पार्टीमा मधेसी महिलाको तर्फबाट ठूलो भूमिका खेल्दै आउनु भएको छ । हाल उहाँ संसदिय विशेष सुनुवाई समितिको सदस्य र संविधानसभामा क्षमता अभिवृद्धि तथा स्रोत व्यवस्थापन समितिको सदस्य हुनुहुन्छ ।

उहाँ त्यस्तो समाजबाट प्रतिनिधित्व गर्नुहुन्छ, जहाँका महिला दहेज र तिलक प्रथाले प्रताडित छन् । उहाँ ती महिलालाई ति प्रथा तथा प्रताडनाको घुम्टोबाट बाहिर ल्याउन चाहनुहुन्छ । विडम्बना, महिलाका हक, अधिकारका हरेक सवालमा राजधानीभित्र मात्र बहस हुन्छ, छलफल हुन्छ । मधेसका गाउँ जहाँका महिला अनेक खाले सामाजिक कूरीतिबाट पीडित छन्, त्यहाँ न त्यस्ता बहस पुग्न सकेको छ, न कसैले तिनको पीडा बाहिर ल्याउने प्रयास गरेका छन् । त्यसैले सभासद् झालाई राजधानी केन्द्रित महिला मुक्तिले पोल्ने गर्छ । त्यही कारण उहाँ राजनीतिमात्र होइन, समाज सेवामा पनि लाग्नुभएको छ । उहाँ भन्नुहुन्छ- "राजनीति बाहेक समाज सेवामा बढी चासो राख्नुका कारण पछाडि परेका मधेसी महिलालाई घरमा मात्र सीमित नराखेर समाजमा स्थापित गराउनु हो र देश विकास तथा नीति निर्माण तहमा पुऱ्याउनु हो ।"

उहाँलाई परिवारबाट साथ पाएकै कारणले राजनीतिमा लाग्ने अवसर मिल्यो । त्यसो त मधेसमा केहि अपवादबाहेक अन्य महिलाहरू राजनीतिबाट निकै टाढा छन् । उहाँको विचारमा त्यो समाजमा महिला राजनीतिमा आउनु भनेको क्रान्ति गर्नु सरह मानिन्छ । संविधानसभा चुनावसँगै हक, अधिकारका बहस गाउँ-गाउँ पुग्यो । प्रत्यक्ष या समानुपातिक पद्धतिबाट महिला संविधानसभामा पुगेपछि धेरैलाई आशा पनि जगाएको छ ।

नयाँ संविधानमा मधेसी महिलाका मुद्दालाई राख्न पाउनु झा आफ्नो सफलताको कथा ठान्नुहुन्छ । उहाँ भन्नुहुन्छ- "मधेसी समुदाय, जहाँ महिला घुम्टो भित्र बस्छ, त्यहाँको प्रतिनिधि भएर पनि नीति निर्माण तहमा अर्थात संविधानसभामा पुग्नु एउटा सफलता हो ।" उहाँ मधेसका महिला मुक्तिका लागि राज्यको छुट्टै "प्याकेज" कार्यक्रम आवश्यक भएको ठान्नुहुन्छ । नत्र मधेसी समाजमा जरा गाडेका दहेज, तिलक प्रथालगायत अन्य सामाजिक कूरीतिबाट मुक्ति असम्भव छ ।

उहाँको विचारमा, "नेपाली समाजमा महिला र पुरूषलाई हेर्ने समान दृष्टि छैन । तर महिला पनि पुरूषसँग समान रूपले समाज विकास, देश विकास र नीति निर्माण गर्नुपर्छ । घरमा मात्र बसेर र समाज विकासमा लागेन भने गाडीको दुई पाङ्ग्रामा एउटा कमजोर भएर अगाडि बढ्न सक्दैन । महिला पछाडि परेमा समाजको यथोचित विकास हुन सक्दैन । यही सोच राखेर महिला राजनीतिमा लाग्नु राम्रो हुन्छ ।" उहाँ मधेसको पहिचान, अस्तित्व र प्रतिनिधित्वका सवालमा नयाँ संविधान उपलब्धिमूलक हुनेमा विश्वस्त हुनुहुन्छ । उहाँ कांग्रेस लोकतान्त्रिक पार्टी भएका नाताले संविधान निर्माणमा मधेसका मागलाई कांग्रेसले नै नेतृत्व दिनुपर्ने मान्यता राख्नुहुन्छ ।

उहाँको विचारमा, "जनताले चाहेको संविधान र दिगो शान्ति आजको आवश्यकता हो । यसलाई सफल बनाउन सम्पूर्ण राजनीतिक दल संविधानसभा सदस्य र जनताले पनि केही मात्रामा पहल गर्नुपर्छ । यो जिम्मेवारी पूरा गर्न सक्नु नै देश र जनतालाई एउटा सच्चा राजनीतिज्ञले गरेको योगदान हुनेछ ।"



**मोहमद्दी सिद्दिकी**
नेपाली कांग्रेस

| | | |
|---|---|---|
| जिल्ला | : | बाँके |
| पतिको नाम | : | स्व. मोहम्मद सुलेमान सिद्दिकी |
| आमा | : | हबिबुन मिसा |
| बुवा | : | नूर मोहम्मद सिद्दिकी |
| जन्ममिति | : | २०१५ फाल्गुन २८ गते |
| जन्मस्थान | : | गोरखपुर, भारत |
| मातृ भाषा | : | उर्दू |

"मुस्लिम महिलाले अधिकारका कुरा गरेर संविधानमा केही नयाँ कुरा राख्न पाउनु एउटा अवसर हो ।"

*वडाध्यक्षबाट राजनीतिक यात्रा प्रारम्भ गरी मोहमद्दी सिद्दिकी संविधानसभा सदस्य बन्नुभएको छ । २०४८ को स्थानीय निकाय निर्वाचनमा नेपालगन्ज नगरपालिकाको वडाध्यक्ष बन्नुभएको थियो । त्यसो त, उहाँले २०३६ देखि नै नेपाली कांग्रेसबाट राजनीति सुरु गर्नुभएको हो । कांग्रेसले उहाँलाई समानुपातिक सूचीबाट संविधानसभा सदस्य बनाएको हो । ५२ वर्षीया सिद्दिकीको जन्म भारतको गोरखपुरमा भएको हो । बाँके नेपालगन्ज निवासी मोहम्मद सुलेमानसँग विवाह भएपछि उहाँको सामाजिक र राजनीतिक जीवन सुरु भएको हो । सभासद् सिद्दिकी नेपाली, हिन्दी, अंग्रेजी, उर्दू र अवधी भाषाको राम्रो दखल राख्नु हुन्छ । श्रीमान्को निधनपछि उहाँको ११ सदस्यीय परिवारलाई पालनपोषण गर्न निकै धौधौ परेको थियो । ईस्लाम धर्ममा विश्वास राख्ने सिद्दिकीले राजनीति र समाजसेवा दुवैमा आफूलाई समर्पित गर्नु भएको छ ।*







स्नातक तहसम्मको अध्ययन गर्नुभएकी सिद्धिकी महिला, त्यसमाथि पनि मुस्लिम धर्मावलम्बी भएर राजनीति गर्नु निक्कै कठिन कुरा हो भन्ने ठान्नु हुन्छ । सानै उमेरदेखि बुर्काभित्र रहेर आफ्ना हरेक इच्छा र आकांक्षाको बलि दिँदै सामाजिक चुनौतीको सामना गर्नु महिलाका लागि पक्कै पनि कठिन कुरा हो । तर चुनौतीपूर्ण समय र समाजका लाञ्छनालाई पन्छाएर मानव अधिकार र महिला अधिकारको वकालत गर्नु समाजसेवी र राजनीतिज्ञको धर्म हो ।

उहाँ राजनीतिमा महिलाको अस्तित्व स्थापना गर्न, देशको सेवा गर्न र राज्यका हरेक निर्णायक तहमा महिलाको समावेशी प्रतिनिधित्व दिलाउन राजनीतिमा महिला सक्रिय हुनु जरूरी छ भन्ने विचार राख्नुहुन्छ । उहाँका अनुसार, चुनौती स्वीकार गरी अघि बढेमा महिला पनि राजनीतिमा सफल हुन सक्छन् । तर त्यसका निम्ति चुनौती र सामाजिक बन्धनको सामना गर्दै अगाडि बढ्ने हिम्मत गर्न सक्नुपर्छ ।

उहाँका श्रीमान् सुलेमान सिद्दिकीले २०४७ भन्दा अघि प्रजातन्त्र र देश रक्षाका लागि ठूलो योगदान दिनुभएको थियो । श्रीमान्को निधनपछि उहाँकै अधुरो इच्छा पूरा गर्न राजनीतिमा प्रवेश गर्नुभएको हो । त्यसपछि उहाँमा समाजका लागि केही गर्ने आत्मबल निकै बढ्यो । महिला अधिकार, मानव अधिकार, बाल अधिकारको पक्षमा वकालत गर्दा आफूलाई निकै सन्तुष्टि मिलेको उहाँ महसुस गर्नुहुन्छ । यस्तो अवसर धेरै कम महिलाले मात्र पाउँछन् । उहाँका अनुसार, अफ संविधानसभामा प्रतिनिधित्व गरेपछि त नयाँ संविधानमा महिलाका सवाललाई नीति र कानुनमा समावेश गराउन आफ्नो महत्वपूर्ण भूमिका हुने रहेछ । महिलालाई अगाडि बढाउने बाटो देखाउन पाउँदा त झन् गर्व लागेको छ ।

उहाँको विचारमा, "राजनीति गर्नु चुनौती भए पनि यसका सकारात्मक र नकारात्मक दुवै पक्ष छन् । राज्यको निर्णायक तहमा महिलाको सहभागिता कम हुँदा आफ्ना आवाज कम सुनिने गरेको हो । तर तर्कसंगतरूपमा राजनीति गर्दा र अधिकारका कुरा गर्दा त्यस्ता विचार पन्छाउन अरूलाई कठिन पर्ने रहेछ । राज्यका हरेक तहमा महिलाको प्रतिनिधित्व कम भएकाले उनीहरूलाई अफ अगाडि बढाउनु जरूरी छ ।"

नेपाली कांग्रेसजस्तो प्रजातान्त्रिक पार्टीमा सक्रिय राजनीतिमा संलग्न हुन पाएकोमा उहाँ आफूलाई भाग्यशाली ठान्नु हुन्छ । उहाँ भन्नुहुन्छ- "पार्टीको महासमितिबाट संसोधित हालको विधानले सबै तह र तप्काका कार्यकर्तालाई गाउँ स्तरदेखि केन्द्रसम्म प्रतिनिधित्व हुने व्यवस्थाले पार्टीलाई अफ लोकतान्त्रिक बनाएको छ । "

मुस्लिम महिला भएर संविधानसभामा प्रारम्भिक दिनमा जति अप्ठ्यारो महसुस भएको थियो, पछिल्ला दिनमा ती सहज बन्दै गएको छ । आफ्नो समुदायबाट पाएको हौसला, महिला दिदीबहिनीबाट पाएको प्रेरणा र सहकर्मीका साथका कारण आज पनि आफूले चाहेका आवाज बुलन्द गर्न पाउँदा गौरवको महसुस हुन्छ । उहाँका अनुसार, "मुस्लिम महिलाले अधिकारका कुरा गरेर संविधानमा केही नयाँ कुरा राख्न पाउनु एउटा अवसर हो । त्यो अवसर सदुपयोग गरी मुलुकलाई नयाँ गन्तव्य दिनु र देशमा दिगो शान्ति कायम गर्नु पहिलो चुनौती हो । ती चुनौती सामना गरी देशमा परिवर्तनको बाटो कोर्न अग्रसर रहनु र जनतालाई पूर्ण अधिकारसहितको नयाँ संविधान जारी गराउन क्रियाशील रहनु संविधानसभाका हरेक सदस्यको पहिलो दायित्व हो ।"

पिछडिएका महिलाका लागि उपलब्धिमूलक काम गर्ने उहाँको इच्छा छ । संसदीय महिला सञ्जाल (ककस)को संयोजक रही महिला हिंसा, संयुक्त राष्ट्रसंघको दस्तावेज १३२५ र १८२० को तालिम सञ्चालन गर्नमा पहल गर्नुभयो । उहाँका अनुसार महिला ककसका लागि छ महिने कार्ययोजना तयार पार्न पहल गरी आफूले सोचेको महिला सशक्तीकरणको आन्दोलन केही हदसम्म भए पनि अगाडि बढाउने मौका मिल्यो । संविधानसभाको अल्पसंख्यक तथा सीमान्तकृत समुदायको अवधारणापत्र निर्माण उपसमितिको संयोजक भएर काम गर्दा जनतालाई आफूले केही दिन सकेछु र सक्दोरहेछु भन्ने महसुस भयो ।

उहाँ लोकतन्त्रप्रति आफूलाई पूर्ण निष्ठावान कार्यकर्ता ठान्नुहुन्छ । त्यही विश्वासका साथ भन्नुहुन्छ, "लोकतन्त्रभित्र सबैखाले लक्ष्य प्राप्ति सम्भव हुन्छ ।"



**नीलम के.सी. (सीता खड्का)**

ने.क.पा. माले

| | | |
|---|---|---|
| जिल्ला | : | झापा |
| पतिको नाम | : | सी पी मैनाली |
| आमा | : | लच्छुमाया खड्का |
| बुबा | : | भीमबहादुर खड्का |
| जन्ममिति | : | २०१५ पौष १५ गते |
| जन्मस्थान | : | झापा |
| मातृ भाषा | : | नेपाली |

*"जबसम्म महिला स्वयं विभेदमुक्त समाजको निर्माण गर्न अग्रसर हुँदैनन् तबसम्म महिला मुक्ति असम्भव छ ।"*



*"वर्ग सफाया" सशस्त्र क्रान्तिबाट मोहित निलम केसी कुनै बेला सीता खड्काको नामले चर्चित हुनुहुन्थ्यो । नक्सलवादी आन्दोलनबाट प्रेरित केसी सशस्त्र क्रान्तिबाट रोमाञ्चित हुँदै कलिलो उमेरमै राजनीतिमा होमिनु भएको थियो । पञ्चायतकालको मध्यतिर उहाँको नाम निकै चर्चित थियो । तर २०४६ को प्रजातन्त्र पुनर्स्थापनापछि राजनीतिक फाँटमा त्यति देखापर्नु भएन । लोकतन्त्र बहालीपछिको संविधानसभामा उहाँ नेपाल कम्युनिष्ट पार्टी (माले) को समानुपातिक सूचीबाट सभासद् बन्नुभयो ।*

२०२८ तिर माओवादी सिद्धान्तबाट प्रेरित भएकाले "वर्ग शत्रु निर्मूल अभियान" थालेका थिए । जसलाई "झापा विद्रोह" भनिन्छ । २०२८ सालमा १४ वर्षको कलिलो उमेरमा केसी त्यही अभियानमा होमिनु भयो । उहाँहरूको क्रान्तिले वृहत रूप लिएपछि पञ्चायतबाट दमन सुरू भयो । त्यसपछि केसी भूमिगत हुनु भयो । भूमिगत अवस्थामा मालेका जन्मदातामध्येका एक चन्द्रप्रकाश मैनालीसँग २०३२ सालमा जनवादी प्रेमविवाह गर्नुभयो । ५२ वर्षीय झापावासी केसीले भूमिगत जिवनमा पाएको शिक्षाको ठुलो महत्व भएको मान्नु हुन्छ ।

२०२८ बाट कम्युनिष्ट राजनीतिमा सक्रिय रहेर २०३०/३१ को झापा विद्रोहको एक वर्षको क्रममा जेल जीवन बिताएको क्षण उहाँलाई एउटा राजनीतिज्ञका लागि सकारात्मक पाठ थियो भन्ने लाग्छ । उहाँ भन्नुहुन्छ– "हाम्रो जस्तो पिछडिएको समाजमा महिलालाई राजनीतिमा स्थापित हुनु एकदमै गाह्रो छ । त्यसमा पनि सामान्य मध्यम वर्गमा जन्मेर परिवार र राजनीति दुवैलाई सम्हाल्नु असाध्य चुनौतीपूर्ण हुन्छ ।"

समाजको सामन्तवादी संरचनालाई परिवर्तन गर्दै उत्पीडित वर्ग, जाति, लिङ्ग र समुदायको मुक्तिका लागि राजनीतिमा सक्रिय भएको उहाँको भनाइ छ । संविधानसभा सदस्यका हैसियतले निर्वाह गर्नुपर्ने दायित्व, पार्टीको महत्वपूर्ण पदको जिम्मेवारी लगायत अन्तर पार्टी महिला सञ्जालको अध्यक्ष भएको नाताले महिलालाई आरक्षणभन्दा अवसरको खाँचो हुने उहाँ ठान्नुहुन्छ । सही अवसर पाएमा पार्टी र संसदीय फाँटमा महिलाले निर्णायक भूमिका निर्वाह गर्न सक्छन् भन्ने मान्यता उहाँको छ ।

उहाँको विचारमा, "नेपाली समाजमा सबैभन्दा बढी विभेदको सिकार महिला भएका छन् । त्यसकारण महिलालाई मुक्ति चाहिएको छ । जबसम्म महिला स्वयं विभेदमुक्त समाजको निर्माण गर्न अग्रसर हुँदैनन् तबसम्म महिला मुक्ति असम्भव छ । महिला नीतिको निर्माण गर्ने, निर्णय गर्ने र नियन्त्रण गर्ने प्रक्रियामा समान रूपले सामेल भएपछि मात्र समतामूलक समाजको निर्माण हुन्छ । यो महिला राजनीतिमा होमिएपछि मात्र सम्भव हुन्छ ।"

संविधानसभामा पुगेपछि "राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समिति" को सदस्य हुँदा आफूमाथि धेरै ठूलो जिम्मेवारी आएको महसुस भएको थियो । महिलाका मुद्दालाई राज्यले हेर्नु पर्छ र लैङ्गिक विभेदको अन्त्य गर्ने प्रावधान मस्यौदामा समावेश गराउन सफल हुँदा आफूलाई धेरै ठूलो गौरव महसुस भएको धारणा उहाँ व्यक्त गर्नुहुन्छ ।

तर, उहाँले राज्यको पुनर्संरचना सवालमा जुन १४ वटा प्रदेश हुनुपर्छ भन्ने सवाल उठाइएको छ, त्यसमा फरक मत राख्नुभएको छ । उहाँ देशमा नयाँ परिवर्तन ल्याउने हो र दिगो शान्ति स्थापना गर्ने हो भने जातीय आधारमा राज्यको पुनर्संरचना गर्दा विखण्डन र साम्प्रदायिकता निम्त्याउने खतरा देख्नुहुन्छ ।

उहाँको मान्यता छ, "देशमा ठूलो परिवर्तन भएको छ र यो परिवर्तनमा दिगो शान्ति खोज्नु आजको आवश्यकता हो । संघीय व्यवस्थाको स्थापना, लोकतन्त्रको स्थायित्व र सार्वभौम मुलुकको अखण्डता र समावेशी आधारमा नयाँ संसदीय प्रणालीको ढाँचा निर्माण गर्न सकेमात्र दिगो शान्तिको सुनिश्चितता र वास्तविक राजनीतिक परिवर्तन हुन सक्छ ।"

नयाँ संविधानमा महिला हक तथा अधिकार सुनिश्चित हुनुपर्ने पक्षमा उहाँ वकालत गर्दै हुनुहुन्छ । उहाँभन्नुहुन्छ, "अब बन्ने संविधानमा महिला अधिकार पूर्ण रूपले सुनिश्चित गर्दै राज्यको पुनर्संरचनामा महिलालाई सम्पूर्ण नीति निर्माण तहमा उनीहरूको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिनुपर्छ ।"







"राजनीतिक दलले पार्टीका हरेक निकायमा ५० प्रतिशत महिलाको सहभागिता गराउनुपर्छ ।"

**निलम बर्मा**

मधेसी जनअधिकार फोरम नेपाल-लोकतान्त्रिक

| | | |
|---|---|---|
| जिल्ला | : | रौतहट |
| पतिको नाम | : | वीरेन्द्रकुमार बर्मा |
| आमा | : | प्रभा सिन्हा |
| बुवा | : | दिनेशप्रसाद सिन्हा |
| जन्म | : | सन् १९५८ |
| जन्मस्थान | : | ब्रम्हपुरी, भारत |
| मातृ भाषा | : | मैथिली |

*प्रजातन्त्र पुनर्स्थापनापछि निलम बर्मा नेपाल सद्भावना पार्टीको राजनीतिमा हुनुहुन्थ्यो । सद्भावना पार्टीको जिल्ला सदस्यदेखि केन्द्रीय महिला मञ्चको अध्यक्षको जिम्मेवारीमा देखिनुहुन्थ्यो । उहाँ सद्भावना पार्टी छिन्नभिन्न हुने क्रमसँगै त्यो पार्टीमा रहनुभएन । उहाँ संविधानसभा चुनावसँगै उदाएको मधेसी जनअधिकार फोरम नेपालको सभासद् हुनुहुन्थ्यो । पार्टी विभाजनसँगै मधेसी जनअधिकार फोरम नेपाल (लोकतान्त्रिक) मा हुनुहुन्छ । उहाँ फोरम (लोकतान्त्रिक) केन्द्रीय सदस्यका अतिरिक्त पार्टी महिला विभाग प्रमुख हुनुहुन्छ ।*







भारतको बिहारमा जन्मिनुभएकी ५२ वर्षीय बर्मा नेपाली राजनीतिमा सफल देखिनुभएको छ । संविधानसभामा मधेसी जनअधिकार फोरम लोकतान्त्रिकको समानुपातिक सूचीबाट सभासद् बन्नुभएको हो । रौतहटवासी वीरेन्द्रकुमार बर्मासँग वैवाहिक सम्बन्ध गाँसेपछि उहाँले नेपाली नागरिकता लिनुभएको हो । सभासद् बर्माको हिन्दी, नेपाली र मैथिली भाषामा राम्रो दखल छ । इतिहास विषयमा स्नातकसम्मको अध्ययन गर्नुभएकी बर्मा विद्यार्थीकालदेखि नै राजनीतिमा संलग्न हुनुहुन्थ्यो । राजनीतिमा पूर्णरूपमा लाग्नुपूर्व उहाँ शिक्षण पेसामा आवद्ध हुनुहुन्थ्यो । ६ जनाको परिवार भएकी सभासद् बर्मा हिन्दु धर्मावलम्बी हुनुहुन्छ ।

उहाँ पुरूषप्रधान समाजमा महिलालाई राजनीतिमा लाग्न धेरै गाऱ्हो हुने ठान्नुहुन्छ । त्यसमा पनि सामाजिक तथा आर्थिक कठिनाइ र शैक्षिक योग्यताको कमीले राजनीतिमा सक्रिय हुनु अझ कठिन सवाल हो । उहाँ आर्थिक अवस्था मध्यम रहे पनि राजनीतिबाटै राष्ट्र र समाजको कल्याण हुन्छ भन्ने ठानेर शिक्षण पेसा छाडेर राजनीतिमा सक्रिय हुनुभएको हो । उहाँमा परिवार र पेसालाई मिलाएर समयसापेक्ष राजनीति गर्दा सफल हुने विश्वास जागेको छ ।

विद्यार्थी जीवनबाट राजनीतिमा सक्रिय भए पनि उहाँमा विवाहपछिका केही वर्षहरूमा निष्क्रियता देखापऱ्यो । तर राजनीतिले मात्र समाजमा परिवर्तन ल्याउन सकिन्छ भन्ने दृढ विश्वास लिएर गरेको सक्रिय राजनीतिका कारणले पार्टीले पनि विश्वास गरी केन्द्रीय सदस्य र संविधानसभामा समानुपातिक सूचीबाट सभासद् बनाएको हो । उहाँ संवैधानिक समितिको सदस्य साथै व्यवस्थापिका संसदको राज्य व्यवस्था समितिको सदस्य पनि हुनुहुन्छ ।

उहाँको विचारमा, "महिलाले समाजका हरेक पक्ष बुझेका हुन्छन् । त्यस्ता पक्षलाई नीति निर्माणको तहमा पुऱ्याएमा मात्र राजनीतिले सार्थकता पाउँछ । पछिल्लो समय राजनीतिमा महिलाको प्रवेशको क्रम बढेपछि महिला पनि दक्ष हुन थालेको अनुभव भएको छ । समग्रमा महिलाको शैक्षिकस्तर कम हुने र त्यसमाथि पनि मधेसी महिलाको शैक्षिक स्तर निकै कम छ । शिक्षालाई बढी प्राथमिकता दिनु प्रमुख आवश्यकता हो ।"

महिलालाई ३३ प्रतिशत दिने नीतिबाट पनि त्यति सन्तुष्ट हुनुहुन्न । उहाँ भन्नुहुन्छ– "नेतृत्व तहमा महिलाको संख्या कम भएकाले पार्टी राजनीतिदेखि राज्यका हरेक निकायमा उनीहरूको संख्या कम छ । निर्णायक तहमा महिलाको सहभागिता बढाउन सके हरेक निकायमा उनीहरूको उपस्थिति उल्लेख्य बनाउन सकिन्छ । त्यसका लागि राजनीतिक दलले पार्टीका हरेक निकायमा ५० प्रतिशत महिलाको सहभागिता गराउनुपर्छ ।"

उहाँ महिला अधिकारका धारणा र मान्यता राख्दा पार्टीभित्र धेरैलाई नराम्रो लाग्ने परिस्थिति अझै विद्यमान रहेको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ– "पार्टी फुट्दा महिलालाई गरेको अपहेलना एउटा महिला राजनीतिज्ञ भएर भोगेको नराम्रो सम्झना हो । तर यसलाई पनि सहज रूपमा लिएर त्यस्ता चुनौती सामना गर्दा आज देश र जनताको सेवा गर्न पाइएको छ । नागरिकतासम्बन्धी ऐनमा विरोध गर्दा जब जेल परियो, त्यसपछि महिला अधिकारका लागि अझ सक्रिय भए लड्ने आँट आयो ।"

उहाँको विचारमा, "जनताका लागि गाँस, बास र कपासको माग राख्दै युवालाई क्षमता अनुसार रोजगारी दिनुपर्छ भन्ने आवाज बुलन्द गर्नुपर्छ । समयमा नयाँ संविधान बनाई दिगो शान्तिको महसुस जनतालाई गराउनु संविधानसभामा रहेका सबै सदस्यको राजनीतिक सफलता हो । देशमा दिगो शान्तिका लागि राजनीतिक स्थिरता, नयाँ संविधान, आर्थिक परिवर्तनका साथसाथै दिगो विकास आवश्यक छ र एउटा सच्चा नेपाली राजनीतिज्ञ यसका लागि सक्रिय रहनु जरुरी छ ।"

उहाँ संविधानसभामा प्रतिनिधित्व गर्ने महिला सभासद्ले मात्र नभई सम्पूर्ण सभासदले जनमुखी संविधान निर्माण गराउने पहल गर्नुपर्ने मान्यता राख्नुहुन्छ । आफू पनि त्यसैमा दृढ रहेर लाग्ने हो भने संविधानसभामा नरहेका परिवर्तनकारीहरूको पनि सहयोग र साथ रहने विश्वास उहाँमा पलाएको छ । उहाँ भन्नुहुन्छ– "त्यो विश्वासलाई सार्थकता दिलाउन सहमतिको राजनीति गरी जनतालाई अधिकार दिलाउनु प्रमुख चुनौती हो । यिनै चुनौतीलाई सफल बनाउनु देशका लागि गरेको मुख्य योगदान हो ।"

## प्रतिभा राणा
राष्ट्रिय प्रजातन्त्र पार्टी

| | | |
|---|---|---|
| जिल्ला | : | बर्दिया |
| पतिको नाम | : | विनोद शमशेर जबरा |
| आमाको नाम | : | स्व. युवराजेश्वरी मल्ल |
| बुवाको नाम | : | स्व. रथी शेरबहादुर मल्ल |
| जन्म | : | वि.स. २००५ |
| जन्मस्थान | : | काठमाडौं |
| मातृ भाषा | : | नेपाली |



"सम्मानित देशका सम्मानित नागरिक भनी विश्वसामु पहिचान दिलाउन चाहन्छु ।"

*रोलवाला राणा परिवारकी बुहारी हुनुहुन्छ प्रतिभा राणा । जुद्धशमशेर, एकतन्त्रीय पारिवारिक शासनका एक उत्तराधिकारी हुनुहुन्थ्यो । प्रतिभा उहाँकी कान्छी बुहारी हुनुहुन्छ । राणा प्रधानमन्त्री जुद्धशमशेरका कान्छो छोरा विनोद शमशेर जबरासँग उहाँको वैवाहिक सम्बन्ध गाँसिएको थियो । उहाँ यति बेला राष्ट्रिय प्रजातन्त्र पार्टीको समानुपातिक सूचीबाट संविधानसभा सदस्य हुनुहुन्छ । प्रतिभा राजघरानियाँ परिवारका सदस्य भएका नाताले सुविधा सम्पन्न वर्गमा पर्नुहुन्छ ।*

उहाँ सेन्टमेरिज स्कूल हुँदै रत्नराज्य लक्ष्मी क्याम्पसबाट अर्थशास्त्र विषयमा स्नातक हुनुहुन्छ । राजनीतिमा सामेल हुनुपूर्व २० वर्ष समाजसेवामा बिताउनुभएको थियो । प्रजातन्त्र पुनर्स्थापनापछि उहाँले बर्दियाबाट चुनाव लड्नुभएको थियो, तर सफल हुन सक्नुभएको थिएन । २०४८ मै उहाँ राष्ट्रिय प्रजातन्त्र पार्टीको प्रजातान्त्रिक महिला संगठनको सभापति हुनु भएको थियो । त्यसपछि उहाँ राष्ट्रिय प्रजातन्त्र पार्टीमा रहँदै आउनुभएको छ । हाल उहाँ पार्टीको प्रमुख सचेतक समेत हुनुहुन्छ ।

उहाँ वि.स. २०६१ मा विज्ञान तथा प्रविधि मन्त्रालयमा राज्यमन्त्रीसमेत हुनुभएको थियो । २०५८ मा राष्ट्रिय महिला आयोगको उपाध्यक्ष, २०६३ मा अन्तरपार्टी महिला सञ्जालको संस्थापक केन्द्रीय सदस्य तथा उपाध्यक्ष, २०६४ मा अन्तर्राष्ट्रिय सांसद समूह फोरमको सदस्य रहनुभएको थियो । साथै उहाँ संयुक्त राष्ट्र संघ लगायत विभिन्न ठाउँमा सल्लाहकार समेत रहिसक्नु भएको छ ।

सामाजिक सेवामा काम गरेबापत उहाँले थुप्रै पदक प्राप्त गर्नुभएको छ । वीरेन्द्र-ऐश्वर्य सेवा पदक सन् २००२, श्री ५ वीरेन्द्र गद्दी आरोहण रजत पदक १९९६, ऐश्वर्य पदक १९८८ तृतीय, सार्क सम्मेलन पदक १९८८ र शुभराज्यभिषेक पदक १९७५ जस्ता पदकबाट विभूषित हुनुहुन्छ ।

अन्तरपार्टी महिला सञ्जालको संस्थापकका हैसियतले उहाँले राजनीतिमा महिलाको क्षमता अभिवृद्धिका लागि धेरै काम गर्दै आउनु भएको छ । उहाँको विचारमा, "इमान्दार, क्षमतावान, लगनशील, क्रियाशील महिला भए पनि र पुरूषसरह योगदान दिए पनि राजनीतिमा उच्च पद र नीति निर्माण तहमा स्थान पाउन सकेका छैनन् । महिलालाई हरेक पार्टीमा स्थापित हुन निकै चुनौतीको सामना र संघर्ष गर्नु पर्छ । कृपावाद र नातावादको प्रभाव परेको हाम्रो जस्तो देशमा महिलाले आफ्नै योग्यतामा स्थापित हुन निकै संघर्ष गर्नुपर्ने देखिन्छ । तर, पनि नीति र दृष्टिमा अडिग महिलाले भने सफलता पाउन सक्छन् ।" उहाँलाई निरन्तर रूपमा पार्टीमा सक्रिय रही एउटा जिम्मेवार पदमा सफलतापूर्वक काम गरेको छ जस्तो लाग्छ । राष्ट्रिय प्रजातन्त्र पार्टी केन्द्रीय सदस्यका रूपमा आफूले पुरूषसरह काम गरेको उहाँ बताउनुहुन्छ । उहाँका अनुसार, महिलाले अवसर पाएमा राम्रो काम गरेर देखाउन सक्ने र पुरूषले पनि पूर्णरूपमा सहयोग गर्ने परिपाटीको विकास भएको छ ।

उहाँको विचारमा, "राजनीतिक र सामाजिक रूपमा पछाडि परेका महिला र विभिन्न समूहको उत्थान र राष्ट्र विकास गरी उन्नतशील देश बनाउने लक्ष्य लिई राजनीतिमा लागेको हुँ । देशको विकास मेरो कल्पना हो । यो जिन्दगीको लक्ष्य पनि हो ।"

राजनीतिले महिलालाई नेतृत्वदायी भूमिका दिनुका साथै क्षमतावान बनाएको उल्लेख गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ- "लामो समाजसेवाले राष्ट्र र जनताको यथार्थता बुझ्न ठूलो सहयोग मिल्यो । गरिबी, अशिक्षा, भोक र रोगले जनता कति पछि छन् र यसका लागि के गर्नुपर्छ भन्ने ज्ञान सबैमा हुनुपर्छ ।

उहाँका अनुसार, अब मुलुकमा कानुनी राज्य सुनिश्चित भएको हुनुपर्छ । दिगो शान्ति, लोकतान्त्रिक मान्यता, यथार्थमा आधारित कानुन, नीतिनियम बन्नुपर्छ र कार्यान्वयन पक्ष बलियो हुनुपर्छ । दिगो र स्थीर राजनीतिक व्यवस्था यतिबेलाको आवश्यकता र माग हो ।

उहाँमा अझै गतिशील हुने चाहना छ । उहाँ भन्नुहुन्छ- "शान्ति, सुशासन, सामाजिक न्याय र न्यूनतम आधारभूत आवश्यकता द्रुत गतिमा प्रदान गरी सबैलाई रोजगारी दिलाउने तिर अग्रसर भई काम गर्न चाहन्छु । सम्मानित देशका सम्मानित नागरिक









**पूर्ण कुमारी सुबेदी**
एकीकृत नेकपा माओवादी

| | | |
|---|---|---|
| जिल्ला | : | बाँके |
| पतिको नाम | : | प्रकाश सुबेदी |
| आमाको नाम | : | देवकी पौडेल |
| बुवाको नाम | : | हरिप्रसाद पौडेल |
| जन्ममिति | : | २०१५ जेठ २३ गते |
| जन्मस्थान | : | कास्की जिल्ला, लामाचौर |
| मातृ भाषा | : | नेपाली |

*"राज्यले हरेक तह र तप्कालाई विकेन्द्रीकृत ढाँचाले सोच्नु आवश्यक छ ।"*







*लामो राजनीतिक भूमिगत जीवनपछि संविधानसभा उपाध्यक्षको जिम्मेवारीमा पुग्नुभएको छ, माननीय पूर्ण कुमारी सुबेदी । उहाँलाई संविधानसभाको पहिलो उपाध्यक्ष हुने अवसर प्राप्ति भएको छ भने व्यवस्थापिका-संसदको तेस्रो महिला उपसभामुख हुनुहुन्छ । ५२ वर्षीया सुबेदी संविधानसभा चुनावमा बाँके जिल्लाको निर्वाचन क्षेत्र नं.४ वाट निर्वाचित हुनुभएको हो । कास्की लामाचौरमा जन्मिएर बाँके जिल्लावासी प्रकाश सुबेदीसँग उहाँको विवाह भएको थियो ।*

उहाँले सानै उमेरदेखि "समाजका लागि केही गर्नुपर्छ" भन्ने लक्ष्य लिनुभएको थियो । उहाँ २०३६ सालबाटै राजनीतिमा संलग्न हुनुभएको थियो । उहांको राजनीतिक प्रारम्भ कम्युनिष्ट घटक नेकपा (चौम) बाट भएको हो । उहांको औपचारिक शिक्षा १० कक्षासम्म छ । पार्टी संगठनमा गाउँ कार्यसमिति, जिल्ला कार्यसमिति, केन्द्रीय कार्यसमिति, महिला संगठन हुँदै क्षेत्रीय ब्यूरो इन्चार्जसम्मका पदीय जिम्मेवारी उहाँले पूरा गर्नुभएको छ । हाल उहाँ एकीकृत माओवादीको केन्द्रीय सल्लाहकार सदस्य हुनुहुन्छ । माओवादी "जनयुद्ध" प्रारम्भ भएपछि भूमिगत हुनुभएको थियो र लोकतन्त्र बहालीपछि मात्रै खुला राजनीतिमा आउनुभएको थियो । त्यसबीचमा उहाँले जेल र प्रहरी हिरासतमा धेरै दिन बिताउनु भएको थियो ।

संयुक्त परिवारमा विवाह भएका कारण बालबच्चाको स्याहारमा त्यति समय दिन नपरेपछि उहाँलाई राजनीतिमा सक्रिय हुन सजिलो भयो । तर, पारिवारको आर्थिक अवस्था कमजोर भएकाले उहाँलाई घर चलाउन ज्यादै कठिन थियो । श्रीमान् र परिवारका सदस्यको सहयोगले असहज परिस्थितिमा पनि राजनीतिक जीवनमा सक्रिय रहन उहांलाई बल मिलेको थियो । खेती किसान गर्ने परिवार भएकाले पैसा नभए पनि खान बस्नैका लागि भने परिवारलाई त्यति गाह्रो नभएको महसुस उहाँ गर्नुहुन्छ ।

गाउँदेखि संविधानसभा उपाध्यक्षसम्मको पदमा रहेर काम गर्दा विगत र वर्तमानमा उहाँले धेरै फरक भएको महसुस गर्नुभएको छ । उहाँको विचारमा, "देश राजनीतिक ध्रुवीकरणतिर जान सक्ने खतरामा छ । देशलाई यो अवस्थाबाट बचाउनु हामी सबै नेपालीको कर्तव्य हो । राज्यले हरेक तह र तप्कालाई विकेन्द्रीकृत ढाँचाले सोच्नु आवश्यक छ । यसका लागि राजनीतिक स्थायित्व अत्यन्त आवश्यक छ, दलहरूले पनि यसमा पहल गर्नु जरूरी छ ।"

भूमिगत जीवनबाट संविधानसभाको उपाध्यक्षसम्म आइपुग्दा महिलाले पनि निर्णायक तहमा प्रभावकारी भूमिका निर्वाह गर्न सक्छन् भन्ने विश्वास उहाँले आर्जन गर्नुभएको छ । महिलाका बाधकका सवालमा अरूभन्दा अलि फरक मत राख्दै उहाँ भन्नुहुन्छ- "महिलाका निम्ति सधैं पुरूषमात्र बाधक हुन्छन् भन्ने छैन महिला पनि बाधक हुन्छन् । त्यो सोचमा पनि विकास हुनु आज जरूरी छ ।"

उहांको विचारमा, "देशमा महिला राजनीतिज्ञको खाँचो छ र पूर्णता दिन महिलाले सक्रियतासाथ लाग्नु जरूरी देखिन्छ । परिवर्तित परिवेशमा के देखिन्छ भने जहाँ महिला निर्णायक तहमा पुगेका छन्, त्यहाँ दिगो विकास र इमानदार राजनीतिक पद्धति विकास भएको छ । ती उदाहरणलाई नेपालका हरेक राजनीतिक दलले मनन गर्नु आवश्यक देखिन्छ । नेपालमा पनि महिलाले उदाहरणीय भूमिका खेलेका छन्, जसको उपज भनेको हरेक क्षेत्रमा महिलाको एकतिहाइ सहभागिता स्थापित हुन पुग्नु हो ।"

संविधानसभाको विषयगत समितिहरूमा महिलाका सवालमा व्यापकरूपमा बहस भएका र त्यस्ता सवालमा महिलाले स्पष्ट अधिकारका मस्यौदा कोर्न सफल भएको ठान्नुहुन्छ । उहाँ भन्नुहुन्छ- "संविधान निर्माण प्रक्रियामा हरेक विषयगत समितिमा महिलाका सवाललाई सक्रियताका साथ छलफलमा ल्याइयो । सबै विषयगत समितिमा महिलाका समस्या, हक र अधिकार स्पष्टसाथ समावेश भएका छन् ।"

उहांका अनुसार, विषयगत समितिमा महिलाको प्रजनन अधिकार, मौलिक अधिकार, नागरिकतासम्बन्धी हक, घरेलु हिंसाजस्ता संवेदनशील विषयमा स्पष्ट सवाल राखिएका छन् । अब ३३ प्रतिशत महिला सहभागिताको सुनिश्चितता हरेक तह र तप्कामा हुनुपर्छ ।



**पुष्पा भुसाल (गौतम)**
नेपाली कांग्रेस

| | | |
|---|---|---|
| जिल्ला | : | अर्घाखाँची |
| पतिको नाम | : | डा. चोपलाल भुसाल |
| आमा | : | शारदा गौतम |
| बुबा | : | काशीनाथ गौतम |
| जन्ममिति | : | २०१७ फाल्गुन १ गते |
| जन्मस्थान | : | अर्घाखाँची, पोखराचोक |
| मातृ भाषा | : | नेपाली |

*राजनीतिक परिवार र वातावरणमा हुर्कने अवसर प्राप्त पुष्पा भुसाल नेपाली कांग्रेसका तर्फबाट सभासद् हुनुहुन्छ । उहां अर्घाखाँची क्षेत्र नं. २ बाट १६८८२ मत प्राप्त गरी संविधानसभा सदस्यमा निर्वाचित हुनुभएको हो । उहां हाल नेपाली कांग्रेसको केन्द्रिय सदस्य र नेपाल महिला संघको महासचिव पनि हुनुहुन्छ । उहाँ कांग्रेसका पुराना नेता काशीनाथ गौतमकी छोरी हुनुहुन्छ । गौतम २००४ को जहानियाँ राणा शासनविरुद्धको आन्दोलनमा होमिनुभएको थियो । प्रजातन्त्र स्थापनाका लागि भारतमा निर्वासिन जीवनयापन गर्नुभएका स्वर्गीय गौतम कांग्रेसका सक्रिय नेता हुनुहुन्थ्यो । बुबासँगै पुष्पाले पनि बाल्य काल भारतमै बिताउनुभयो ।*

*"राजनीतिमा लाग्नुको मुख्य लक्ष्य भनेको राजनीतिक परिवर्तनको बलियो संवाहक हुनु हो ।"*

विद्यार्थीकालमा नेपाल विद्यार्थी संघमार्फत राजनीतिक यात्रा प्रारम्भ गर्ने भुसाल त्यसपछि निरन्तर राजनीतिमा सक्रिय हुनुहुन्छ । कहिले महिला संघ त कहिले ट्रेड युनियन जस्ता संस्थामा सक्रिय रही कांग्रेसमा एउटा छुट्टै पहिचान स्थापित गर्न सफल हुनुहुन्छ । ४९ वर्षीया भुसाल राजनीतिशास्त्रमा स्नातकोत्तर र कानुनमा स्नातक हुनुहुन्छ । हिन्दु धर्ममा विश्वास राख्ने भुसाल राजनीतिसँगै प्राध्यापन र वकालत पेसामा पनि संलग्न रहनुभएको छ ।

उहाँको विचारमा महिलालाई राजनीतिमा सक्रिय रहन आरक्षणभन्दा अवसरको खाँचो छ । यसका लागि महिला आफैंले पनि सबै तह र तप्काबाट अघि बढ्नु आवश्यक देखिन्छ । अर्कातिर २१ औं शताब्दीमा महिलाले आफूलाई आर्थिक र संवैधानिक रूपमा दह्रो बनाएर राजनीतिलाई निरन्तरता दिनु आवश्यक छ ।

उहाँ संविधानसभामा प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित हुन पाउनु र संविधानसभाको शासकीय स्वरूप निर्धारण समितिको सदस्य हुनु सफलताको क्षण मान्नु हुन्छ । तर सँगसँगै जनताले खोजेजस्तो संविधान र दिगो शान्ति आजको चुनौती हो भन्ने सोचाइ पनि उहाँको रहेको छ । उहाँ भन्नुहुन्छ, "लोकतन्त्रमा महिला भूमिकाको स्वीकारोक्ति हुन्छ, महिला परिवर्तनका संवाहक हुन् । यसमा महिला सक्रियता, सहभागिता र भूमिका ज्यादै महत्वपूर्ण रहेको हुन्छ ।"

उहाँ जनतामा बढीभन्दा बढी लोकतान्त्रिक मूल्य मान्यतामा आधारित संस्कृति स्थापित गर्ने अभियान आवश्यक भएको ठान्नुहुन्छ । हरेक क्षेत्रमा प्रतिस्पर्धा हुनु पर्दछ, त्यसकोलागि अवसर दिनु आवश्यक छ । जसमा ४० प्रतिशत युवा र ५० प्रतिशत महिलाका लागि खास योजना बनाउनु आफ्नो इच्छा भएको र यसले परिवर्तनको झझल्को दिने धारणा राख्नु हुन्छ । उहाँ भन्नुहुन्छ, "राजनीतिमा सफलता भनेको परिवर्तनको प्रत्याभूति, पिछडिएका वर्ग, समुदाय र समाजमा उपेक्षित वर्गकोलागि विशेष विकासका काम गर्न सकेको खण्डमा नेपाल जस्तो देशमा पनि विकासको ढोका खोल्नेछ । अर्थात् तह विभाजन र आन्तरिक द्वन्द्वको अन्त्य हुन्छ ।"

लोकतन्त्र प्राप्तिका लागि भएको आन्दोलन र यसबाट पाएको सफलताले उहाँमा आँट र विश्वास जगायो । उहाँको विचारमा, "राजनीतिमा लाग्नुको मुख्य लक्ष्य भनेको राजनीतिक परिवर्तनको बलियो संवाहक हुनु हो । नेपाली महिला जहिले पनि सकारात्मक परिवर्तनका पक्षमा छन्, अतः सकारात्मक परिवर्तन र आफ्नो भूमिकाको पहिचान दिलाउन राजनीतिमा सक्रिय रहनुपर्छ ।" यद्यपि मध्यम वर्गीय परिवार भएका कारण घर र राजनीति दुवैलाई समय दिनुपर्दा कठिनाई त हुन्छ नै । उहाँ श्रीमान र परिवारको सहयोगले सकारात्मक भूमिका निर्वाह गरेको ठान्नुहुन्छ । पारिवारिक सहयोगकै कारण उहाँलाई समय व्यवस्थापन गर्न सजिलो भएको छ ।

वकालत र प्राध्यापनले उहाँलाई बौद्धिक वर्गमा उभ्याएको छ । अझ बाल्यकालको निर्वासित दुःखदायी जीवनले पनि उहाँलाई संघर्ष गर्न सिकायो । सरल स्वभावका उनी, उच्च लोकतान्त्रिक राजनीतिक दर्शनबाट प्रभावित हुनु हुन्छ र त्यसलाई आधारभूत तहसम्म पुर्‍याउने अभियानमा हुनुहुन्छ । समुदायलाई सक्रियताकासाथ परिचालन गर्न सक्ने क्षमता, अरूको कुरा सुन्ने र आफ्नो कार्य क्षेत्रलाई दक्षता र सक्रिय रूपमा सजिलै निभाउन सक्ने गुण उहाँमा छ ।

उहाँले संविधानसभा चुनावमा मत माग्ने क्रममा समयमै लोकतान्त्रिक संविधान जारी गर्ने वाचा गर्नुभएको थियो । उहाँ भन्नुहुन्छ, "निर्वाचनका बखत जनतासँगको कबोल बाचा भनेको लोकतान्त्रिक संविधान, दिगो शान्ति स्थापना हो । स्वास्थ्य, शिक्षा र आर्थिक विकासका साथै हरेक तह-तप्कामा युवा वर्ग महिला वा पुरूष दुवैको सक्रिय सहभागिता गराउनु हो । यही वाचा मैले पूरा गरेको खण्डमा मात्र सफल राजनीतिकर्मी भएको महसुस आफूलाई हुनेछ ।"









## सन्ध्या देवी

**मधेसी जनअधिकार फोरम नेपाल**

| | | |
|---|---|---|
| जिल्ला | : | बाँके |
| पतिको नाम | : | रणधीरकुमार देव |
| आमा | : | पुष्पादेवी गुप्ता |
| बुवा | : | रामविलास गुप्ता |
| जन्ममिति | : | २०२२ बैशाख ११ गते |
| जन्मस्थान | : | नेपालगन्ज, बाँके |
| मातृ भाषा | : | अवधी |



*राजनीतिमा लागेको छोटो समयमै सन्ध्यादेवी देव सभासद् बन्नु भयो । ४४ वर्षीय देव २०६२ मा मधेसी जनाधिकार फोरम, नेपालबाट सक्रिय राजनीतिमा होमिनुभएको हो । त्यसभन्दा अघि उहाँ व्यापार र उद्योग व्यवसायमा सक्रिय हुनुहुन्थ्यो । त्यसो त उहाँ राजनीतिमा २०४६ देखि रूचि राख्नुहुन्छ । बाँकेको नेपालगन्जवासी सन्ध्यादेवी यतिबेला परिवारले सञ्चालन गर्दै आएको व्यापार व्यवसायलाई छाडी पूर्णतः राजनीतिमा होमिनुभएको छ । नेपालगन्जकै रणधीरकुमार देवसँग विवाह गरेपछि परिवारले सञ्चालन गर्दै आएको व्यवसायमा उहाँ पनि लाग्नु भएको थियो ।*

मानविकी विषयमा प्रमाणपत्र तहसम्मको अध्ययन गर्नुभएका सभासद् देव नयाँ संविधान लेखनका लागि सक्रिय हुनुहुन्छ । व्यवस्थापिका संसदको महिला बालबालिका र समाजकल्याण समितिको सभापति बनी समितिलाई नेतृत्व दिंदै आउनु भएको छ । लोकतन्त्र स्थापनाको आन्दोलनमा सक्रिय भूमिका खेलेका कारण राजनीतिमा स्थापित हुन सजिलो भएको उहाँ ठान्नुहुन्छ ।

राजनीतिमा स्थापित हुन उहाँलाई अन्य महिलाले जस्तै संघर्ष गर्नुपऱ्यो । पुरूषप्रधान समाजमा महिलालाई हेर्ने नकारात्मक सोचका कारण महिलालाई राजनीतिमा प्रवेश गर्न निकै कठिन हुने अनुभव उहांको छ । उहाँ भन्नुहुन्छ- "महिला-महिलाबीच हुने अस्वस्थ प्रतिस्पर्धाले पनि महिलालाई राजनीतिमा स्थापित हुन अप्ठ्यारो पार्छ ।"

## "मधेसी महिलाको उत्थान र चेतनावृद्धि गर्न मधेसीमात्र होइन, सम्पूर्ण नेपाली महिला अग्रसर हुन आवश्यक छ ।"



उहाँको विचारमा, राजनीतिक परिवर्तनलाई आत्मसात गरी महिलाले पनि राजनीतिमा केही गर्नुपर्छ भन्ने भावना लिएर अगाडि बढ्ने हो भने सफल हुन धेरै समय लाग्दैन । लोकतन्त्र स्थापनाका लागि महिलाले खेलेको भूमिकालाई सबैले मनन गर्नुपर्छ ।

उहाँ पनि त्यस्तो समाजबाट संविधानसभामा प्रतिनिधित्व गर्नुहुन्छ, जहाँ महिला अझै पनि समाजका अनेकखाले सामाजिक विकृतिबाट पीडित छन् । उहाँ भन्नुहुन्छ- "लोकतन्त्र स्थापनाका लागि भएका आन्दोलन होस् वा मधेस आन्दोलनका क्रममा, महिलाले सुरक्षाकर्मीबाट भएको दमन र अत्याचारविरूद्ध डटेर सामना गरेको थियो तर मधेसी महिलालाई भने समाजले हेर्ने नकारात्मक दृष्टिको सामना गर्न निकै कठिन हुन्छ । घरबाट बाहिर निस्कने अवसर पनि मिल्दैन । दाइजोका कारण अधिकांश मधेसी महिला घरेलु हिंसाका सिकार हुने गरेका छन् । त्यस्तो समाजलाई परिवर्तन गर्न राजनीतिमा महिलाको प्रवेश हुनु जरूरी छ ।"

मधेसी महिलामाथि हुने गरेका घरेलु हिंसा अन्त्यका लागि उहाँ कडा कानुनको खाँचो आवश्यक ठान्नुहुन्छ । उहाँलाई मधेसी जनअधिकार फोरममा लागेर सक्रिय राजनीति गर्दा केही गर्वको अनुभव पनि भएको छ । उहाँ भन्नुहुन्छ- "अझै पनि मधेसी महिलाको उत्थान र चेतनावृद्धि गर्न मधेसीमात्र होइन, सम्पूर्ण नेपाली महिला अग्रसर हुन आवश्यक छ । पुराना विचारलाई राजनीतिक दलहरूले पनि परिवर्तन गर्नु जरूरी छ । पुराना सिद्धान्तअनुसार चलेको पार्टीले आफ्नो सिद्धान्तमा परिवर्तन नगरे राजनीतिक दलप्रति जनताको विश्वास गुम्ने र परिवर्तित विश्वअनुसार समाजसमेत अघि बढ्न नसक्ने हुन्छ । पुराना विचारलाई लिएर राजनीतिक दल अगाडि बढ्दा न त जनताले चाहेको जस्तो समाज बन्न सक्छ, न समाजको विकास हुन्छ ।"

उहाँको विचारमा, "मुलुकको विकास हुन राजनीतिक स्थिरता अति आवश्यक छ । राजनीतिक स्थिरताका लागि राजनीतिक सोच र विचारलाई परिवर्तन गर्नु जरूरी हुन्छ । त्यो सोचलाई परिवर्तन गराउन महिलाको राजनीतिमा सहभागिता आवश्यक देखिन्छ । महिलाको राजनीतिमा प्रवेश सुरू भएपछि संविधानसभामा ३३ प्रतिशत महिलाको संख्या पुग्न सफल भएको हो । त्यतिले मात्र हुँदैन, दिगो शान्ति र देशको स्थायित्वका लागि राजनीतिको निर्णायक तहमा महिला नेतृत्वको खाँचो छ ।"

छोटै समयमा उहाँले राजनीतिका धेरै अवयवहरू बुझिसक्नुभएको छ । उहाँ भन्नुहुन्छ- "संविधानसमामा सक्रिय भूमिका निर्वाह गरेर मधेसी महिलाका हकअधिकारलाई सुनिश्चित गर्नु गौरवको कुरा हो । जनताको हकअधिकारको प्रत्याभूति, सुनिश्चितता र आफ्नो बाँच्ने अधिकारको स्थापना हुनु जनताले महसुस गरेको दिगो शान्ति हो ।"

उहाँको विचारमा, "राजनीति गर्दा जनताका बीच कबोलित बचन र प्रतिबद्धता पूरा गर्न सक्नुपर्छ । जनताप्रति उत्तरदायी भएर काम गर्ने हो भने महिलाप्रति जनविश्वास चाँडै बढ्ने र नेतृत्वमा पुग्न पनि सबै महिलालाई सरल हुन्छ । संविधानसभालाई देखाउने भाँडोमात्र नबनाई जनताको चाहनाअनुरूपको संविधान लेख्ने थलो बनाउनुपर्छ । सबै सभासद्ले दिगो शान्ति र संविधानको नारालाई अघि बढाएर लैजाने हो भने लोकतान्त्रिक संविधान बनाउन कसैले रोक्न सक्दैन ।"



**सपना प्रधान मल्ल**

ने.क.पा. एमाले

| | | |
|---|---|---|
| जिल्ला | : | काठमाडौं |
| पतिको नाम | : | अशोकबहादुर मल्ल |
| आमाको नाम | : | राधा प्रधान |
| बुबाको नाम | : | गोविन्दबहादुर प्रधान |
| जन्ममिति | : | २०२० कार्तिक २९ गते |
| जन्म स्थान | : | नवलपरासी |

*"नागरिकताको हक जबसम्म महिलाले पूर्ण रूपमा पाउन सक्दैनन्, तबसम्म उनीहरू जहिले पनि हिंसाको सिकार भएर बस्नु पर्नेछ ।"*

*सपना प्रधान मल्ल बहुचर्चित नाम हो– राजनीतिदेखि कानुनी क्षेत्रसम्म । उहाँ राष्ट्रियमात्र होइन, अन्तर्राष्ट्रिय क्षेत्रमा समेत चर्चित हुनुहुन्छ । उहाँ महिला कानुनी अधिकारका पक्षमा लामो समयदेखि निरन्तर वकालत गर्दै आउनुभएको छ । नवलपरासी रामग्रामवासी ४७ वर्षीया सपनाले दिल्ली विश्वविद्यालयबाट कानुनमा स्नातकोत्तर गर्नुभएको छ । सन् १९८१ बाट कानुन व्यवसायीको रूपमा काम गर्न थाल्नुभएको हो । त्यस अतिरिक्त केही वर्ष त्रिभुवन विश्वविद्यालयमा कानुन विषयमा प्राध्यापन समेत गर्नुभएको थियो ।*








उहाँलाई नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले समानुपातिक सूचीबाट सभासद् बनाएको हो । उहाँ राजनीतिभन्दा सामाजिक र कानुनी क्षेत्रमा बढी चर्चित हुनुहुन्थ्यो । संविधानसभा सदस्यसँगै उहाँ राजनीतिक क्षेत्रमा पनि उत्तिकै जम्दै हुनुहुन्छ । अन्तर्राष्ट्रिय र राष्ट्रिय रूपमा लामो समयदेखि महिलाको कानुनी अधिकारका लागि लडी एक सफल व्यक्तिका रूपमा आफूलाई दर्ज गर्नुभएको छ । उहाँ एक सफल महिला कानुनविद् तथा अधिकारकर्मीका रूपमा स्थापित हुनुहुन्छ । विशेष गरेर महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि (CEDAW), वेजिङ्ग कार्ययोजना (BPFA), मानवअधिकार सम्बन्धी कार्ययोजना र दसौँ योजनाजस्ता कार्ययोजना तयार गर्न उहाँ संलग्न रहनुभयो । उहाँले महिलाका लागि भएका विशेष व्यवस्था र यसको प्रभाव, पैत्रिक सम्पत्तिमा महिलाको अधिकार जस्ता विषयमा पुस्तकसमेत लेख्नुभएको छ ।

उहाँले महिला अधिकारका पक्षमा अदालतमा धेरै मुद्दा लड्नु भयो र महिलाका विभिन्न अधिकार स्थापित गराउनु पनि भएको छ । महिलाको प्रजनन अधिकार, यौन दुर्व्यवहार, घरेलु हिंसा, मानव ओसारपसार तथा बेचविखन, एचआईभी र एड्सजस्ता नियमको कार्यान्वयन गर्न उहाँ संयोजक समितिको सदस्य रहेर एउटा निर्णायक तहमा भूमिका निभाउन सफल हुनु भएको छ । उहाँ संविधानसभाको संवैधानिक समितिको सदस्य र संविधान मस्यौदा उपसमितिको पनि सदस्य हुनुहुन्छ । उहाँ व्यवस्थापिका संसदको विधायन समितिमा रहनु भएको छ र घरेलु हिंसा संबन्धी कानुन बनाउने मूल समितिमा पनि हुनुहुन्छ ।

निरन्तर सक्रियताका कारण उहाँको पृष्ठभूमि गहकिलो बन्न पुगेको हो । युनिसेफ, युनिफेम, युएनडीपी, युरोपीयन कमिसनजस्ता विभिन्न संघसंस्थामा आवद्ध रहेर दक्षिण एसियाका धेरै देशमा महिला अधिकारका क्षेत्रमा काम गरेबापत २०६० मा दुर्गा अवार्ड पाउनुभयो । जुन उहाँलाई महिला सशक्तीकरणको क्षेत्रमा कार्य गरेबापत दिइएको थियो ।

शान्ति र समावेशीकरणका लागि काम गरेबापत २०६२ मा "कृष्णमोहन-नुडुप शान्ति अवार्ड" बाट सम्मानित हुनुभयो । विश्व शान्ति र युवा नेतृत्वका लागि कार्य गरेबापत २०६४ मा उहाँलाई शान्तिका लागि युवा दूत बनाइयो । २०६५ मा लैंगिक विकासका लागि लामो समयसम्म कार्य गरेबापत ग्रुबर इन्टरनेसनल ह्युमन राइट्स अवार्ड (Gruber International Women's Right Award) बाट सम्मानित हुनुभयो । यो अवार्ड प्राप्त गर्ने उहाँ दक्षिण एसियाकै पहिलो महिला हुनुहुन्छ ।

उहाँ कानुनी रूपमा महिलालाई पैत्रिक सम्पत्तिमा अधिकार र नागरिकताका सवालमा हक स्थापित गर्ने कार्यमा जोड दिनुहुन्छ । मल्ल भन्नुहुन्छ– "महिलालाई सम्पत्तिको अधिकारमा पूर्णता दिनु जरूरी छ । त्यसका साथसाथै नागरिकताको हक जबसम्म महिलाले पूर्ण रूपमा पाउन सक्दैनन्, तबसम्म उनीहरू जहिले पनि हिंसाको सिकार भएर बस्नु पर्नेछ । राज्यले महिला अधिकारका लागि धेरै कानुनको निर्माण गरे पनि यिनीहरूको सकारात्मक तवरले कार्यान्वयन हुन नसक्दा बनिसकेका कानुनहरूको पनि महिला अधिकारका पक्षमा प्रयोग गर्न सकिएको छैन । यसका लागि तदारूकताका साथ पहल हुनु जरूरी छ ।"

उहाँको विचारमा "परिवर्तित राजनीतिक परिवेशलाई हेर्दा युवा वर्गलाई समावेशी धारणाले अघि बढाउँदै लग्न आवश्यक देखिन्छ । एकै प्रकारका विचार, साझा अवधारणा र साझा मान्यताले बनेका नीतिगत र राजनीतिक पहल आजका आवश्यकता हुन् । महिलालाई राजनीतिमा सक्रिय गराउँदै लग्न सबै राजनीतिक दलहरू मिलेर एउटा समिति बनाई त्यो अनुरूप कार्य गर्नु जरूरी छ ।"

उहाँको धारणामा CEDAW लाई सक्रिय रूपमा नेपालले अवलम्बन गर्न सकेको खण्डमा महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव क्रमशः अन्त्य हुँदै जानेछन् । साथै प्रजनन अधिकार, नागरिकताको अधिकार, घरेलु हिंसा अन्त्यका लागि र संयुक्त राष्ट्रसंघद्वारा पारित प्रस्ताव १३२५ र १८२० मा बढी काम गर्नुपर्ने देखिन्छ ।

उहाँको लक्ष्य अब नयाँ संविधानमा महिला अधिकार बढी मात्रामा सामेल गर्नु र कार्यान्वयनमा मूर्तरूप दिनु हो । उहाँ भन्नुहुन्छ– "संविधानसभा सदस्यसँगै समाज सेवाबाट राजनीतिमा सक्रिय प्रवेश पछि महिलाका अधिकारका पक्षमा फरक तवरमा क्रियाशील हुँदैछु । अब नीति निर्माण र कार्यान्वयन तहतिर बढी प्राथमिकता दिनेछु । नयाँ संविधानमा धेरै सवाल समेट्न सफल हुनेमा विश्वस्त छु ।"



"शोषण र उत्पीडनविरुद्ध लड्न विभिन्न अप्ठ्यारा सामना गर्दै
अगाडि बढ्ने हो भने सफल हुन सकिन्छ ।"



## शान्ता चौधरी

**ने.क.पा. एमाले**



| | | |
|---|---|---|
| जिल्ला | : | दाङ |
| पतिको नाम | : | हरिलाल चौधरी |
| आमा | : | कुञ्ची चौधरी |
| बुवा | : | हसुलाल चौधरी |
| जन्म | : | वि.सं. २०३७ |
| जन्म स्थान | : | दाङ |
| मातृ भाषा | : | थारू |

*साहुको घरमा १८ वर्षसम्म कमलरी बस्दाको पीडा सहन नसकी २०६० सालदेखि राजनीतिमा सक्रिय भएकी शान्ता चौधरी नेपाल कम्युनिष्ट पार्टी (एमाले) का तर्फबाट संविधानसभा सदस्य हुनुहुन्छ । लोकतान्त्रिक थरूहट संगठनको केन्द्रीय सदस्यसमेत रहनुभएकी चौधरी सामाजिक असन्तुलन, शोषण र उत्पीडन सहन नसकी राजनीतिमा प्रवेश गरेको बताउनुहुन्छ । पढ्ने समयमा कमलरी भएर बस्नु पर्दा उहाँले राम्रो शिक्षा हासिल गर्न सक्नु भएन । त्यसैले उहाँ साक्षरमात्र हुनुहुन्छ । कहिलेकाहीँ आफैंमा शिक्षाको कमी भएको पछुतो लाग्ने गरेको उहाँले सुनाउनु भयो ।*

कमलरी भएर बस्दा उहाँले साहुको पीडा धेरै खप्नु पऱ्यो । त्यो पीडा उहाँले मात्र होइन, उहाँ जस्ता धेरै कमलरीको थियो र अझै पनि यो पीडा सहेर धेरै बसेका छन् । तर, सधैं दबेर बस्दामात्र नहुने ठानेर नै राजनीतिमा होमिनुभएको बताउने उहाँ अहिले आफूजस्तै शोषितपीडित जनताका पक्षमा संविधान लेख्ने अभियानमा हुनुहुन्छ ।

"संघर्ष नगरी सफल हुन सकिँदैन," उहाँ यो निष्कर्षमा पुग्नुभएको छ । जसरी उहाँको कलिलो उमेर संघर्षमा बित्यो, त्यसले पनि संघर्षलाई आत्मसात गर्दै अघि बढ्नुपर्ने मान्यता उहाँमा स्थापित गराएको छ । उहाँका अनुसार, सुरुमा राजनीतिमा लाग्दा एकातर्फ साहुको दमन र अर्कातर्फ परिवारको पनि सहयोग नपाउँदा धेरै दुःख लाग्थ्यो । सुरुमा राजनीतिक दलहरूभित्र पनि महिलालाई दोस्रो दर्जाको नागरिकका रूपमा हेर्ने चलन थियो । त्यसमा पनि शिक्षाको कमी भएका महिलालाई त राजनीतिमा प्रवेश गर्न धेरै समस्या छ ।

उहाँको अनुभवमा, पिछडिएका जातिबाट राजनीतिमा आएका महिलालाई पार्टीभित्र भिज्न धेरै कठिन हुन्छ । तर पनि शोषण र उत्पीडनविरूद्ध लड्न विभिन्न अप्ठ्यारा सामना गर्दै अगाडि बढ्ने हो भने सफल हुन सकिन्छ । सफलता हात पार्न बीच-बीचमा आएका अवरोधलाई चिर्न सक्ने क्षमता, दृढता र लगनशीलता भने अवश्य चाहिन्छ ।

राजनीतिमा प्रवेश हुँदाको बखत र यतिखेरको परिवर्तित राजनीतिक अवस्था पनि बुझ्नुपर्ने आवश्यकता उहाँ ठान्नु हुन्छ । उहाँ भन्नुहुन्छ, "विश्वास, आँट र धैर्यकै कारण नेपाली महिलाले संविधानसभामा ३३ प्रतिशत सहभागिता देखाउन सफल भएका हुन् ।"

पार्टीले उहाँलाई संविधानसभा सदस्यमात्र बनाएको छैन, "प्राकृतिक स्रोत तथा साधन समितिको सभापति बनाउनसमेत सहयोग गरेको हुँदा आफूले "केही गर्नैपर्छ" भन्ने दृढता पलाएको छ । संविधानसभामा पुगेर जनताको पक्षमा आवाज उठाउन पाउँदा उहाँलाई गौरवको महसुस हुन्छ । उहाँका अनुसार, जनताका विचार राख्ने थलोलाई सदुपयोग गर्दै उनीहरूलाई राहत दिलाउन सक्नुमा नै आफ्नो सफलता ठहरिनेछ ।

संविधानले मूर्तरूप नपाउने हो कि भन्ने सबैतिर छाएको आशंकाले उहाँलाई पनि पीडा दिएको छ । उहाँ भन्नुहुन्छ, "देशले दिगो शान्ति र संविधान चाहेको छ । यसका लागि राजनीतिक दलका नेताले मुखले मात्र होइन व्यवहारमा पनि काम गरेर देखाउनु अत्यन्त जरूरी छ । जसले गर्दा जनताले चाहेको संविधान र दिगो शान्ति स्थापना हुन सकोस् ।"

उहाँ संविधानसभामा पुगेका सबै सभासद्हरूले पार्टीगत र व्यक्तिगत स्वार्थ त्यागी अगाडि बढ्न सक्नुपर्ने धारणा राख्नुहुन्छ । उहाँको विचारमा, "एउटा सक्रिय महिला राजनीतिज्ञ हुनुको पछाडि जनतालाई दिगो शान्तिको महसुस, सुरक्षित गाँस, बास र कपासको पूर्ण प्राप्ति दिनु मुख्य उद्देश्य हो ।"

जनताको चाहना अनुरूपको संविधान निर्माण भएको दिन "सफलताको क्षण" सावित हुनेछ । उहाँ भन्नुहुन्छ, "नयाँ संविधानमा स्थायी शान्ति, रोजगारी, शान्ति, सुरक्षा र महिला हकअधिकारको पक्षमा लेख्ने दृढता संविधानसभाका सदस्यहरूले गर्नु आवश्यक छ । त्यो दृढता पूरा गर्ने जिम्मेवारी सबैको काँधमा आएको छ ।"




**शारदादेवी कुमाल**
ने.क.पा. एमाले

| | | |
|---|---|---|
| जिल्ला | : | चितवन |
| पतिको नाम | : | पुरूषोत्तम न्यौपाने |
| आमा | : | दयाली कुमाल |
| बुबा | : | शेरबहादुर कुमाल |
| जन्म मिति | : | २०२३ जेठ ६ गते |
| जन्मस्थान | : | भरतपुर नगरपालिका, चितवन |
| मातृ भाषा | : | कुमाल/नेपाली |

*"महिलाप्रतिको पुरूषवादी सोचमा केही हदसम्म परिवर्तन भएको छ ।"*

*शिक्षण पेसामा २४ वर्ष लागेर एकाएक राजनीतिमा होमिनुभएकी शारदादेवी कुमाल संविधानसभा सदस्य हुनुहुन्छ । ४४ वर्षीय कुमाल नेपाल कम्युनिष्ट पार्टी (एमाले) को सभासद् हुनुहुन्छ । अर्थशास्त्रमा स्नातकोत्तर उहाँले वि.स. २०४० बाट शिक्षण र राजनीतिलाई सँगसँगै अघि बढाउनुभएको थियो । नेकपा एमाले चितवन जिल्ला कमिटी उपसचिवको जिम्मेवारीमा पनि उहाँ हुनुहुन्छ । मातृभाषा कुमाल भए पनि उहाँ नेपाली भाषा प्रयोग गर्नुहुन्छ । जापान, फिलिपिन्स, स्वीट्जरल्यान्ड जस्ता देशको भ्रमण गरेर त्यहाँको राजनीतिक, सामाजिक तथा आर्थिक अवस्थाबारे अध्ययन गर्नुभएको छ । उहाँ संविधानसभामा जनमत संकलन तथा समन्वय समितिको सदस्य हुनुहुन्छ । त्यसो त, उहाँ फुटकर गीत, आर्थिक, जनजाति र महिलासँग सम्बन्धित लेखहरू पनि लेख्ने गर्नुहुन्छ ।*


देश, समाज एवं परिवार पुरूषवादी सोचले ग्रस्त, आर्थिक समस्या, असुरक्षा, अनेकखाले नकारात्मक टिकाटिप्पणीले राजनीति गर्न कतिपय बेला उहाँलाई अप्ठ्यारो पारेको थियो । तर आत्मविश्वास दऱ्हो बनाएर अगाडि बढ्दै जाँदा सफलता प्राप्त हुन्छ भन्ने कुरामा उहाँ विश्वास राख्नुहुन्छ । चितवनकै भरतपुर निवासी पुरूषोत्तम न्यौपानेसँग विवाह भएपछि राजनीति गर्न केही सहज भएको थियो । श्रीमान्को सहयोग र प्रेरणाले अगाडि बढ्दै जाँदा सफल हुन सहयोग पुगेको छ ।

उहाँको विचारमा, "मध्यमवर्गीय परिवारमा जन्मिएर राजनीति गर्दा आर्थिक भार सहनु पर्छ । त्यतिमात्र होइन, पार्टीको जिम्मेवारीलाई निरन्तरता दिनुपर्ने, घरपरिवारको हेरचाह गर्नुपर्ने र रोजगारीसमेत एकैसाथ गर्नुपर्दा समय मिलाउन निक्कै अप्ठ्यारो पर्छ । तर सफलता हासिल गर्न समय मिलाएर अगाडि बढ्न सक्नुपर्छ ।"

महिला राजनीतिमा लाग्दा आत्मविश्वास बढ्ने, चुनौतीको सामना गर्ने, स्वतन्त्रतापूर्वक निर्णय गर्नसक्ने क्षमताको विकास हुने र बढीभन्दा बढी सूचना प्राप्त हुने हुँदा क्षमता अभिवृद्धिमा सहयोग पुग्ने अनुभव उहाँ सुनाउनुहुन्छ । उहाँका अनुसार, "खासगरी महिला राजनीतिमा संगठित हुँदा पार्टीका सैद्धान्तिक कुरामा बढी ध्यान दिनुपर्ने हुन्छ । पार्टीको सैद्धान्तिक पक्षलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्नुपर्छ । ठूलो दायरामा रहेर निर्णय गर्नसक्ने खुबी नेतृत्व तहमा हुनुपर्छ ।"

आफ्नो लगनशीलता, मेहनत, पसिना र देशको सेवा गर्ने सच्चा भावनालाई सफलताको श्रेय दिनुहुन्छ । उहाँ भन्नुहुन्छ– "आज दिगो राजनीतिक परिवर्तनका लागि जनताका बीच गएर हामी काम गर्दैछौं भन्ने विश्वास हरेक राजनीतिक दलका नेताले लिनु आवश्यक छ । जसका लागि देश र जनताले चाहेको संविधान, दिगो शान्ति र आर्थिक विकास आजको आवश्यकता हो ।"

उहाँको विचारमा, "संविधानसभामा प्रतिनिधित्व गरेपछि जनताको चाहनाअनुसारको संविधान बनाउनु सबैको चासोको विषय हुनुपर्ने हो । व्यक्तिगत र दलगत स्वार्थभन्दा पनि जनताको स्वार्थ हेर्न सक्नुपर्छ । संविधानमा मानवअधिकार, महिला अधिकार, बाल अधिकारलाई स्थापित गर्न सक्नुपर्छ । नागरिकका मौलिक हक र सूचनाको हकलाई व्यवस्थित गर्न नसकिए संविधानले सार्थकता पाउँदैन । समाजमा हुने गरेका गलत क्रियाकलापका विरूद्ध आवाज उठाउँदै जनताले चाहेको संविधान लेख्नु जरूरी छ ।"

पार्टीले दिएको निर्देशन र आफ्नो इमान्दारिता प्रस्तुत गरी संविधान निर्माणमा आफ्नो दक्षता प्रस्तुत गर्ने अवसरमा चुक्न नहुने मान्यता उहाँ राख्नुहुन्छ । उहाँका अनुसार, संविधानसभामा प्रतिनिधित्व गर्ने हरेक सभासद्ले जनताका आवाज सुनेर संविधानमा त्यस्ता विषयलाई प्राथमिकतामा पार्नु नै अहिलेको प्रमुख चुनौती हो ।

बहुविवाहका लागि माना–चामल दिनेसम्बन्धी जनचेतना कार्यक्रम र अछाम जिल्लामा महिला प्रहरी सुन्तली धामी सामूहिक बलात्कार काण्डको छानबिनका लागि गठित समितिमा काम गर्दा छानबिनका क्रममा देखेको पीडा जीवनको सबभन्दा दु:खदायी क्षण ठान्नुहुन्छ, सभासद् कुमाल ।

तथापी लामो समयदेखि जनतालाई सचेत र संगठित पार्ने अभियानले उहाँलाई यो विश्वास दिलाएको छ, "महिलाप्रतिको पुरूषवादी सोचमा केही हदसम्म परिवर्तन भएको छ ।"



**सुप्रभा घिमिरे**
नेपाली कांग्रेस

| | | |
|---|---|---|
| जिल्ला | : | काठमाडौं |
| पतिको नाम | : | स्व. शंकर घिमिरे |
| आमा | : | सुभद्रा गौतम |
| बुबा | : | लक्ष्मीनाथ गौतम |
| जन्ममिति | : | १९९८ माघ १७ गते |
| जन्मस्थान | : | काठमाडौं |
| मातृ भाषा | : | नेपाली |

*"नयाँ संविधानसँगै आर्थिक र शैक्षिक विकासका निम्ति राज्य लाग्नुपर्छ ।"*



*झण्डै तीन दशक प्राध्यापन पेशामा आवद्ध रही शिक्षित जमात सिर्जना गर्ने काममा व्यस्त सुप्रभा घिमिरे कांग्रेस राजनीतिको केन्द्रमा हुनुहुन्छ । ६८ वर्षीया घिमिरे मुलुकको पुरानो पार्टी कांग्रेसभित्र मूल्य र मान्यताको राजनीतिक पद्धति स्थापित गर्ने अभियानमा लाग्नुभएको छ । २०६६ मा कांग्रेस संसदीय दलमा उहाँको उम्मेदवारीसँगै मूल्य, मान्यतामा आधारित राजनीतिक बहस प्रारम्भ मात्र गराएन कि कांग्रेसभित्र तेस्रो धार पनि जन्मन पुगेको थियो ।*



त्यसो त, उहाँको हुर्काइ नै सक्रिय राजनीतिक परिवारमा भएको हो । २००७ मा राणा शासन अन्त्य गरी प्रजातान्त्रिक पद्धति स्थापित गर्ने अभियानमा होमिएको पारिवारिक पृष्ठभूमिले पनि राजनीतितिर आकर्षित गरेको हो । पारिवारिक पृष्ठभूमि, लोकतान्त्रिक दर्शन र शिक्षित महिला भएर देशका लागि केही गर्नुपर्छ भन्ने धारणासहित कांग्रेस राजनीतिमा सक्रिय हुनुहुन्छ । घिमिरे हिन्दु धर्ममा आस्था राख्नुहुन्छ ।

संविधानसभामा बौद्धिक जमात पुग्नुपर्ने मान्यतासहित काठमाडौं निर्वाचन क्षेत्र नं. ४ का मतदाताले प्रतिद्वन्द्वी भन्दा निकै बढी मतले विजयी गराएका थिए । अंग्रेजी साहित्यमा स्नातकोत्तर घिमिरे शालीन राजनीतिकर्मीमा पर्नुहुन्छ । उहाँले बेलायतबाट अंग्रेजी भाषा अध्यापनको तालिम पनि लिनुभएको छ । उहाँको विचारमा, शिक्षा त्यो सबभन्दा ठूलो कडी हो, जसले महिलालाई निर्णायक तहमा पुऱ्याउन ठूलो योगदान प्रदान गर्छ । आज नेपालमा पनि महिलाले नेतृत्वदायी भूमिका निर्वाह गर्न थालेका छन् । अझ सक्रिय रहन महिलालाई गुणस्तरीय शिक्षा र आर्थिक विकास अत्यन्त जरूरी छ ।

पञ्चायतकालमा राजद्रोहको अभियोग लाग्नु र राजबन्दीको पक्षमा बहस पैरवी गर्न राजविराज जाने क्रममा दुर्घटनामा श्रीमान् शंकर घिमिरेको मृत्युले उहाँलाई निकै पीडामा पुऱ्यायो । २०४० मा आफ्नो श्रीमान्लाई गुमाउनु जीवनको सबभन्दा ठूलो दु:खदायी घटना भएको मान्नु हुन्छ । तैपनि उहाँले हरेस खानुभएन । २०४३ मा प्राध्यापक संघको कोषाध्यक्ष हुँदा २१ जनामध्ये उहाँ एक मात्र महिला चुनिनु भयो ।

उहाँले त्रि.वि. प्राध्यापक संघको सभापति भएर आफ्नो सक्रिय भूमिका निर्वाह समेत गर्नु भएको थियो । २०४७ को जनआन्दोलनपछि नेपाल महिला संघको महासचिव भएर सक्रिय राजनीतिमा होमिनुभएको हो । कांग्रेस पार्टीमा पूर्णरूपमा २०४३ मा आवद्ध हुनुभएको थियो । उहाँ नेपाली कांग्रेसको ११ औं महाधिवेशनमा केन्द्रीय समिति सदस्यमा निर्वाचित हुनु भएको थियो । पार्टीका लागि काम गर्दा आफू पनि देशको लागि केही गर्न सक्छु भन्ने भावनाको विकास भएको बताउनुहुन्छ ।

उहाँ संविधान निर्माण प्रक्रियामा बहुसंख्यक महिलाको उपस्थित सुखद विषय भएको ठान्नु हुन्छ । उहाँ भन्नुहुन्छ, "महिलाका राजनीतिक सहभागिता, शैक्षिक नीतिमा महिला पक्षका सवाल र महिला क्षमता अभिवृद्धिका लागि चालिएका पहलबारे समग्र राजनीतिक दल, सम्बन्धित निकाय र नीति निर्माणकर्ताले जोड दिनु आवश्यक हुन्छ ।"

महिला भएर सक्रिय राजनीतिक भूमिका खेल्दा उहाँले त्यति छेकबार महसुस नगरे पनि पार्टी भित्र र बाहिर दुवैतिर चुनौती रहेको ठान्नुहुन्छ । उहाँ पार्टीभित्र र संसदीय फाँटमा महिलाका आवाजले त्यति ठाउँ पाउन नसकेको महसुस भएको बताउनु हुन्छ । उहाँको विचारमा, "शान्ति निर्माण प्रक्रियामा जब तत्कालीन युद्धरत पक्ष माओवादी र सरकारको वार्तामा, १२ बुँदे सहमति र हाल उच्चस्तरीय राजनीतिक संयन्त्र गठन गर्दासम्म पनि महिलालाई निर्णायक तहमा राखिएन । त्यतिमात्र होइन, राष्ट्रिय योजना आयोग जस्तो देशको नीतिनिर्माण तथा अर्थतन्त्रलाई लेखाजोखा गरिने ठाउँसम्म पनि महिलालाई सहभागी गराइएन ।"

उहाँ देशमा दिगो शान्ति र जनताले चाहेको संविधान समयमै निर्माण गर्नेमा राजनीति केन्द्रित हुनुपर्ने ठान्नुहुन्छ । नयाँ संविधानसँगै आर्थिक र शैक्षिक विकासका निम्ति राज्य लाग्नुपर्छ । "अब झैंझगडा होइन," उहाँभन्नुहुन्छ- "साझा सहमति र साझा आवाजका साथ राजनीतिक दलहरूले सहकार्य गर्नु जरूरी देखिन्छ । यी काम सफलताका साथ गर्नु देश र जनताका लागि गरिएको मुख्य काम हुनेछ ।"

उहाँ नेपाली कांग्रेस, महिला सवाललाई प्राथमिकता दिने पार्टीमा पर्ने ठान्नुहुन्छ । उहाँभन्नुहुन्छ- "नेपाली कांग्रेसले महिलालाई सबै निकायमा उचित प्रतिनिधित्वका लागि सधैं प्राथमिकता दिंदै आएको छ ।" राजनीतिमा महिलाको ३३ प्रतिशत सहभागिताले उत्साहप्रद बनाएको उहाँ ठान्नुहुन्छ । उहाँको विचारमा, "महिलाको सहभागिताको खाँचो महसुस भएकाले सफल भएको हो । तर कुनै पार्टीको कारणले मात्र ३३ प्रतिशत सहभागिता भएको होइन ।"



**थममाया थापा मगर**

ने.क.पा. एमाले

| | | |
|---|---|---|
| जिल्ला | : | म्याग्दी |
| पतिको नाम | : | रेशमान राई |
| आमा | : | गजमती थापा |
| बुवा | : | नरबहादुर थापा |
| जन्ममिति | : | २०१५ फाल्गुन २७ गते |
| मातृ भाषा | : | मगर |

*"महिला मुक्ति र सामाजिक रूपान्तरणको एउटै उपाय राजनीतिमा महिलाहरूको सक्रिय र अर्थपूर्ण सहभागिता नै हो ।"*

*थममाया थापा मगर संघर्षबाटै राजनीतिमा स्थापित नाम हो । प्रजातन्त्र पुनर्स्थापनापछिको पहिलो निर्वाचन २०४८ मा म्याग्दी क्षेत्र नं. १ बाट प्रतिनिधिसभाको सदस्य बन्नुभएको थियो ।*

*म्याग्दी जिल्ला चिमरखोलावासी ५२ वर्षीया थापा मगर २०४० साल देखि विद्यार्थीकालबाटै राजनीतिमा होमिनुभएको थियो । उहाँलाई २०४४ मा पोखराको पृथ्वीनारायण क्याम्पसको स्ववियु कोषाध्यक्ष हुँदा राजकाज मुद्दासमेत लागेको थियो । त्यहि क्रममा २०४४ देखि २०४६ साल सम्म पञ्चायती शासकको दमनबाट बच्न भूमिगतसमेत हुनुभयो ।*







धर्मनिरपेक्षतामा विश्वास राख्नुहुने सभासद्ले शिक्षाको हकमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गर्नुभएको छ भने जिवनको भोगाइ, गराईले व्यबहारीक रूपमा उहाँ निकै खारिनु भएको छ ।

उहाँ नेकपा एमालेको केन्द्रीय कमिटी वैकल्पिक पोलिटब्युरो सदस्य हुनुहुन्छ । साथै अखिल नेपाल महिला संघ छैटौं राष्ट्रिय सम्मेलन आयोजक समिति सदस्य, लोकतान्त्रिक आदिवासी महासंघको केन्द्रीय उपाध्यक्ष र नेपाल लोकतान्त्रिक मगर संघको केन्द्रीय उपाध्यक्ष हुनुहुन्छ ।

उहाँको विचारमा, महिलालाई राजनीतिमा लाग्न अत्यन्त गाह्रो छ । पुरानो परम्परावादी सोचले महिलाले सामाजिक र राजनीतिक काम गर्नु हुँदैन, घरधन्दा बालबच्चाको रेखदेख र घर संचालन गर्नु मात्र महिलाको काम हो भन्ने चिन्तन अझै हट्न सकेको छैन । महिलालाई राजनीतिमा अघि बढ्न प्रोत्साहित गर्नुको सट्टा राजनीतिमा अलि स्थापित हुन लागेको देखेमा कुनै पनि तरिकाले तल खसाल्ने काम पनि हुने गर्दछ । यति सम्म कि कसैको चरित्र हत्या गर्न समेत पछि पर्दैनन् मानिसहरू ।

तर उहाँ महिला राजनीतिमा लाग्नुमा धेरै राम्रा पक्ष देख्नुहुन्छ । देशको आधा जनसंख्या ढाक्ने महिलालाई उनीहरूको जनसंख्याको आधारमा समानुपातिक रूपमा देशको सबै तह र तप्काका निर्णायक पदहरूमा आसीन गराइ सक्रिय गराउन सकेको खण्डमा देशको समग्र विकास हुने विश्वास गर्नुहुन्छ । आफू राजनीतिमा लाग्नुको मुख्य कारण अनेक सामाजिक बन्धनमा जकडिएको समाजको यथार्थ बुझेर त्यसबाट परिवर्तन र मुक्ति गराउनु हो भन्नु हुन्छ सभासद् थापामगर । महिला मुक्ति र सामाजिक रूपान्तरणको एउटै उपाय राजनीतिमा महिलाहरूको सक्रिय र अर्थपूर्ण सहभागिता नै हो भन्ने धारणा राख्नुहुन्छ ।

उहाँको भनाइमा, देशका लागि गर्न खोजेको मुख्य काम भनेको समाजमा भएका तमाम विभेदको अन्त्य गरी मुलुकमा स्थायी र दिगो शान्ति स्थापनाका लागि सदैव क्रियाशील रहनु हो । त्यस अतिरिक्त संवृद्धशाली समाज निर्माण गर्न पहल गर्नु हो ।

राजनीतिक जीवनको मुख्य सफलताको कडी भनेको २०६२/०६३ को जनआन्दोलन सफल पारी संविधानसभाको पहिलो बैठकले नेपाललाई "संघीय लोकतान्त्रिक गणतन्त्र" घोषित भएको क्षणलाई ठान्नुहुन्छ । उहाँको विचारमा, जनताका लागि गर्न खोजेको मुख्य काम भनेको सबभन्दा पहिला संविधान निर्माण र स्थायी शान्तिका लागि आफ्नो ठाउँबाट गर्ने योगदान हो ।

नयाँ संविधान बनिसकेपछि देश र जनताका पक्षमा लगातार जीवनभर क्रियाशिल रहने धारणा राख्नुहुन्छ । उहाँ संविधानसभाको संवैधानिक निकायको संरचना निर्धारण समितिको सदस्य हुनुहुन्छ । उहाँ लामो राजनीतिक यात्रापछिको निष्कर्षमा भन्नुहुन्छ, "राज्यलाई विधिसम्मत् सञ्चालन गर्न लोकतन्त्र आवश्यक छ, यो बिना राज्यको सहज सञ्चालन असम्भव छ ।"




**उषा गुरुङ**
नेपाली कांग्रेस


| | | |
|---|---|---|
| जिल्ला | : | झापा |
| आमा | : | चन्द्रकुमारी गुरूङ्ग |
| बुवा | : | स्व. गणेशबहादुर गुरूङ्ग |
| जन्म | : | २०२६ श्रावण ११ गते |
| जन्मस्थान | : | धनकुटा |
| मातृ भाषा | : | गुरूङ्ग |

*"जनतामा बाँड्ने नयाँ वस्तु भनेको लोकतान्त्रिक र अधिकार सम्पन्न संविधान नै हो ।"*

*राजनीति र व्यवसाय दुवैलाई एकसाथ अघि बढाउन सफल राजनीतिक पात्र हुनुहुन्छ– उषा गुरुङ । उहाँ २०४६ को प्रजातान्त्रिक आन्दोलनमा स्कुले जीवनमा पार्टीको झन्डा बोकेर जिन्दावाद र मुर्दावादको नारा लगाउनेमा पर्नुहुन्छ । नेपाली कांग्रेसले जनजातिका तर्फबाट समानुपातिक सूचीबाट गुरुङलाई सभासद् बनाएको हो । प्रमाणपत्र तहसम्मको अध्ययन गरी होटल र पर्यटन व्यवसायमा पनि उहाँ सक्रिय हुनुहुन्छ ।*

*धनकुटामा २०२६ साउन ११ गते जन्मिनुभएकी सभासद् गुरुङ नेपाल महिला संघ झापाको सल्लाहकार र तरुण दलको केन्द्रीय सदस्य हुनुहुन्छ । बौद्धधर्ममा विश्वास राख्ने गुरुङको दुई जनाको परिवार छ । उहाँले एसियाका अधिकांश देशका साथै अमेरिका, जापान, फ्रान्स, जर्मनी र अन्य थुप्रै युरोपेली मुलुकको भ्रमण गरिसक्नुभएको छ । उहाँ हाल संविधानसभा सांस्कृतिक सामाजिक ऐक्यबद्धता निर्धारण समितिको सदस्य तथा व्यवस्थापिका संसदमा बेरुजु फछ्र्यौट उप-समितिको अध्यक्ष हुनुहुन्छ ।*





२०४६ को परिवर्तनसँगै पर्यटन तथा होटल व्यवसायलाई सुचारू गर्नु र सक्रिय रूपमा राजनीतिमा लाग्नु कम चुनौतीपूर्ण थिएन । आर्थिक अवस्था राम्रो भएकाले उहाँलाई पारिवारिक जिम्मेवारी भने धेरै बहन गर्नु परेन । उहाँलाई त्यही पृष्ठभूमिका कारण राजनीतिमा सक्रिय हुन सजिलो भएको थियो । अझ नेपाली कांग्रेस निकटको परिवार भएका कारण कांग्रेस राजनीतिमा लाग्ने वातावरण मिलेको थियो ।

राजनीतिमा लाग्नुको उद्देश्य के हो त ? उहाँको बुझाइ छ, "समाजमा भएको विभेदको अन्त्य गर्नु, लोकतान्त्रिक मूल्य मान्यतालाई स्थापित गर्नु र शान्ति र समृद्ध नेपालको निर्माण गर्नु राजनीतिमा लाग्नुको मुख्य उद्देश्य हो । जसका निम्ति पार्टीले दिएको जिम्मेवारीलाई इमान्दारीताका साथ पूरा गर्नुपर्छ । यी उद्देश्य प्राप्तिका लागि केही सफलता मिले पनि मुख्य उद्देश्य पाउन भने अझै बाँकी छ ।"

उहाँको राजनीतिक अनुभवमा, "समाजका विकृति र विसंगति चिर्दै निर्दोष व्यक्तिका पक्षमा एउटा एकल महिला भएर वकालत गर्नु पक्कै पनि कठिन काम हो । जनयुद्धका समयमा खेप्नुपरेको पीडा र त्यस क्रममा युवा साथीबाट पाएको सहयोग जीवनका सम्झना योग्य क्षण हुन् । त्यस्ता अवरोधलाई छिचोल्न सक्नु एउटा सफल राजनीतिकर्मीको परीक्षा हो ।"

अनावश्यक चन्दा नदिई होटल व्यवसायलाई पनि स्वच्छ बनाउनु पर्छ भन्ने अभियान चलाएका कारण माओवादीबाट धेरैपटक धम्की खेप्नु पऱ्यो । त्यही कारण पनि माओवादीप्रति उहाँ कठोर अभिव्यक्ति दिने मध्येमा पर्नुहुन्छ । त्यतिमात्र होइन, संविधानसभाको सामाजिक सांस्कृतिक ऐक्यबद्धताको निर्धारण समितिमा उहाँले नयाँ संविधानमा "जनयुद्ध" शब्द राख्नु हुन्न भनी अडान राख्नुभएको थियो । "सशस्त्र द्वन्द्व" र "जनयुद्ध" कुन शब्द राख्ने भन्ने विषयमा प्रारम्भिक मस्यौदामाथि मतदान भएको थियो । माओवादीबाहेकका दलबाट समर्थनसमेत प्राप्त भए पछि मतदानमा अत्यधिक मतबाट "सशस्त्र द्वन्द्व" शब्द पारित भयो । जसलाई उहाँ राजनीतिमा अविस्मरणीय क्षण ठान्नुहुन्छ ।

उहाँको विचारमा, "संविधानसभाको निर्वाचनमा जिम्मेवार पार्टीले जनजातिका तर्फबाट सभासद् बनाउँदा सफलताको सिंढी चढेको महसुस भएको छ । ऐतिहासिक जिम्मेवारी दिएपछि यसलाई सफल पार्नु कर्तव्य हो । सफलताको श्रेय पार्टी र समाजलाई दिए पनि संविधानमा आदिवासी, जनजाति र महिला अधिकारलाई समावेश गराउन सक्नु आफ्नो पहिलो कर्तव्य हो भन्ने ठानेको छु । यो नै देशलाई दिएको योगदान हुने कुरामा विश्वास राख्छु ।"

नीति निर्माण तहमा महिलालाई जिम्मेवारी नदिने प्रवृत्तिको उहाँ आलोचना गर्नुहुन्छ । भन्नुहुन्छ– "पार्टी र संसदीय फाँटमा कुनै पनि नीति, निर्माणको निर्णायक तहमा भूमिका निर्वाह गर्न महिलाले नपाउनु अर्को दुःखद पक्ष हो । पुरुषप्रधान समाजले गरेको निर्णयमा ताली बजाएर सहमति जनाउनु पर्ने अवस्था भने अझै पनि राजनीतिभित्रको नकारात्मक पक्ष हो ।" राजनीतिमा सफलता र असफलता दुवै पक्ष रहन्छन् । पदीय दुरूपयोग नगरी आम नागरिकका पक्षमा वकालत गरेमा सफल भइँदो रहेछ भन्ने विश्वास उहाँलाई जागेको छ ।

आफूलाई प्राप्त जिम्मेवारीका कारण व्यक्तिगत राजनीति सफल भएको ठान्नुहुन्छ । उहाँका शब्दमा, "तर यो सफलतामा मात्र चित्त बुझाउने ठाउँ छैन । आफ्नो लगनशीलता, मेहनत र इमान्दारिताले पाएको सफलतालाई जनतामा बाँड्नु जरूरी छ । जनतामा बाँड्ने नयाँ वस्तु भनेको लोकतान्त्रिक र अधिकार सम्पन्न संविधान नै हो । तर त्यस्तो संविधान नबनेसम्म आफू सफल भएको छु भनेर भन्ने आधार भने छैन ।"

उहाँ संविधानमात्र हाइन अपितु आफ्नो पार्टी नेपाली कांग्रेसलाई सुदृढ पार्ने अभियानमा पनि हुनुहुन्छ । उहाँ भन्नुहुन्छ– "कांग्रेस एउटा सशक्त प्रजातान्त्रिक पार्टी हो जुन २१ सौं शताब्दी अनुरूप सञ्चालित छ । यो पार्टीले लोकतन्त्रको विकल्प देख्दैन । कांग्रेसले लोकतान्त्रिक समाजवादको माध्यमबाट देश र जनतालाई समृद्ध बनाई अगाडि बढ्ने दृढ संकल्प गरेको छ । कांग्रेसमात्र त्यस्तो पार्टी हो, जो युवा दस्ताको विरोधमा छ । युवालाई दस्ता बनाएर बन्दुकको राजनिति गर्ने होइन बरू विचारले परिमार्जित गर्नुपर्छ भन्ने लक्ष्य राख्दछ ।"



NDI
NATIONAL DEMOCRATIC INSTITUTE
FOR INTERNATIONAL AFFAIRS

USAID | NEPAL
FROM THE AMERICAN PEOPLE

ISBN 9937228804-2
9 789937 228046